# गुलरिया गाथा









## गुलरिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा
### गुलरिया, बर्दिया

# स्थानीय विषयको पाठ्यक्रम - २०७९

## आधारभूत तह (कक्षा १-८)



# गुलरिया गाथा

## आधारभूत तह (कक्षा १-८)
## स्थानीय विषयको पाठ्यक्रम
## २०७९

**गुलरिया नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

गुलरिया, बर्दिया

**सर्वाधिकार प्रकाशकमा:**

**प्रमुख संरक्षक:**

| | |
|---|---|
| श्री मुक्तिनाथ यादव | नगर प्रमुख |

**संरक्षक:**

| | |
|---|---|
| श्री सावित्रा गौतम | नगर उपप्रमुख |

**सल्लाहकार:**

| | |
|---|---|
| श्री प्रकाश देवकोटा | प्रमुख प्रशासकीय अधिकृत |
| श्री रुपसिंङ खत्री | लेखा अधिकृत |
| श्री निर्मला मैनाली | सामाजिक विकास समिति संयोजक |

**पाठ्यक्रम निर्माण कार्यदल:**

| | |
|---|---|
| श्री सतिश यादव | संयोजक |
| श्री प्रमोद कुमार तिमिल्सेना | सदस्य |
| श्री च्यामुलाल चौधरी | सदस्य |
| श्री मतिराम शर्मा | सदस्य |
| श्री दान बहादुर चन्द | सदस्य |
| श्री प्रभात सुवेदी | सदस्य |
| श्री मदन सिग्देल | सदस्य |
| श्री भानुभक्त अधिकारी | सदस्य |
| श्री रमा पोख्रेल | सदस्य |
| श्री मुन्नालाल यादव | सदस्य |
| श्री एक्तेदार अलि सैयद | सदस्य |
| श्री कपिलदेव शाह | सदस्य |
| श्री लक्ष्मण चौधरी | सदस्य |

**विषयवस्तु सम्पादन :**

श्री प्रमोद कुमार तिमिल्सेना

श्री प्रभात सुवेदी

**भाषा सम्पादन:**

श्री प्रमोद कुमार तिमिल्सेना

श्री रमा पोख्रेल

**आवरण डिजाईन :**

श्री प्रभात सुवेदी

# भूमिका

मानव चेतना र सभ्यताको विकास बिना समाज परिवर्तनको कल्पना गर्न सकिंदैन । समाजको परिवर्तनबाट मात्र राष्ट्रको विकास सम्भव छ । यीसबै पक्षको समुचित विकासको आधारशिला शिक्षा हो । शिक्षा मार्फत प्रदान गरिने ज्ञान, सिप र अभिवृत्तिको हस्तान्तरण गर्ने विधिहरुमध्ये औपचारिक शिक्षा एउटा प्रमुख माध्यम हो । औपचारिक शिक्षाको प्रारम्भिक चरण भनेको आधारभूत शिक्षा हो । आधारभूत शिक्षालाई गुणस्तरीय र जीवनोपयोगी सिपमा आधारित बनाउँदै प्रभावकारी कार्यान्वयन गर्न सकिएमा शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्न सकिन्छ ।

नेपालको संविधानअनुसूची ८ मा माध्यमिक तहसम्मको शिक्षालाई सञ्चालन, व्यवस्थापन र नियन्त्रण गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भ र प्राथमिक शिक्षा पाठ्यक्रम २०४९, यसैगरी आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ ले कक्षा १-३ मा साप्ताहिक ५ कार्यघण्टा र कक्षा ४-८ मा साप्ताहिक ४ कार्यघण्टाको १०० पूर्णाङ्क स्थानीय विषय/भाषा समावेश गरेकाले हाम्रो नगरपालिकाले पालिकाभित्र रहेका स्थानीय कला, सँस्कृति, ऐतिहासिक परम्परा, धार्मिक, पुरातात्त्विक तथा पर्यटकीय स्थानहरुको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यका साथ **गुलरिया गाथा**नामक यो स्थानीय पाठ्यक्रम निर्माण गरी यसै शैक्षिक सत्र २०७९ देखि पालिकाभित्र रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरुमा लागु गर्नेगरी तयार गरिएको छ ।

प्रस्तुत पाठ्यक्रमले हाम्रो क्षेत्रमा रहेका महत्त्वपूर्ण विषयवस्तुहरुको परिचय गराई बालबालिकाहरुलाई आफ्नो ठाउँ, कला र सँस्कृतिसँग परिचित गराउनु र आफ्नोपनको सकारात्मक सोचको विकास गराउदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानीतथा स्वावलम्बी धारणाको विकास गर्ने, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका उल्लेखित विषयवस्तुहरुसँग परिचित गराउने उद्देश्य लिइएको छ । यस पाठ्यक्रमले गुलरिया नगरपालिकाको शिक्षाको उद्देश्य हासिल गर्ने स्थानीय विषयवस्तु, ज्ञान, सिप, सँस्कृति, प्राकृतिक सम्पदाको सम्भावना आदिलाई समेटेर स्थानीय विद्यार्थीका सिकाइका लागि स्थानीय आवश्यकतामा केन्द्रित भएर बनाइएको छ । पाठ्यक्रम निर्माणका प्रचलित सिद्धान्त र अवधारणालाई आत्मसात गर्दै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय शिक्षा नीति र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुपले प्रदान गरेको अधिकार, नीति र ढाँचाका आधारमा निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

गुलरिया नगरपालिकाले यो पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएपछि समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिले स्थान पाउने, समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्यमान्यता अनुरुपको पाठ्यक्रम हुने, सबै पक्षको अर्थपूर्ण सहभागिता हुने, परम्परागत ज्ञान सिप सहितको स्थानीय ज्ञान उजागार गर्ने, स्थानीय ज्ञानको खोजी गर्ने, नवीनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुऱ्याउने, स्थानीय मूल्यमान्यताको संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याउनुका साथै तिनको हस्तान्तरणमा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । यस गुलरिया नगरपालिकाले स्थानीयस्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधीहरु, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तर्क्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो । यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने सबैप्रति गुलरिया नगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । गुलरिया नगरपालिकाको पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशिल दस्तावेज भएकाले सुधार तथा परीक्षण गरी अझै प्रभावकारी बनाउनका लागि यस नगरपालिकाले पाठ्यक्रम प्रयोगकर्ता लगायत सम्बन्धित सबै पक्षबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

**मुक्तिनाथ यादव**

नगर प्रमुख

# विषय सूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | तहगत सक्षमता | १ |
| ३. | कक्षागत सिकाइ उपलब्धि | २ |
| ४. | विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-८) | ८ |
| ५. | विषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया | १६ |
| ६. | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य | ५७ |
| ७. | सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | ६० |
| ८. | विद्यार्थी मूल्याङ्कन | ६२ |


**अनुसूची**


अनुसूची - १. विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण फाराम ६६

अनुसूची - २. विशिष्टीकरण तालिका (कक्षा ८) ७६

# १.परिचय

वर्तमान नेपालको संविधानले विद्यालय शिक्षा व्यवस्थापनको गुरुत्तर जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । मौलिक हकको रुपमा शिक्षालाई आत्मसात गरी ज्ञानको निर्माण र विस्तार गर्ने, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा परिवर्तित शैक्षिक मुद्दाहरुलाई सम्बोधन गर्न, विद्यालय शिक्षालाई सिपमूलक, जीवनोपयोगी, रोजगारउन्मुख एवम् मूल्यमा आधारित बनाउन, स्थानीयकरण मार्फत सफल शैक्षिक स्तम्भ निर्माणको आधारप्रशस्त गरेको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले आधारभूत तह कक्षा (१-८) मा एउटा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम स्थानीय तहले तयार गरी कार्यान्वयन गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । पन्धौं योजना २०७६ को आधारपत्रमा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरी आधारभूत तह सम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्म निःशुल्क शिक्षा पाउने व्यवस्थामा जोड दिइएको छ । दीगो विकासका लक्ष्यहरु २०३० को सफल कार्यान्वयन गर्न स्थानीय ज्ञान, सिप, क्षमता र प्रविधिको सबलीकरण गरी गुणस्तरीय शिक्षा सुनिश्चितताको निर्देश गरिएको सन्दर्भलाई दृष्टिगत गरी यो स्थानीय पाठ्यक्रम २०७९ विकास गरिएको छ।

यस पाठ्यक्रमले स्थानीय विज्ञको संलग्नतामा स्थानीय सहभागिता र आवश्यकताका आधारमा स्थानीय विषयवस्तु समावेश गरी सिकारुमा स्थानीय ज्ञान, सिप अभिवृत्तिको विकास गर्दै स्थानीय पेशा, व्यवसाय, प्रविधि, मूल्यमान्यता, वातावरण संरक्षण तथा श्रमप्रति सम्मान गर्ने नागरिक तयार गर्ने तथा गुलरिया नगरपालिकाको परिचय, नक्सा, इतिहास, स्थानीय रीतिरिवाज, संस्कार, सँस्कृति तथा परम्परा, धार्मिक, पर्यटकीय क्षेत्र, स्थानीय पेसा, व्यवसाय तथा प्रविधि, स्थानीय प्रकोप र त्यसको व्यवस्थापन तथा हाम्रो सम्पदाहरु जस्ता विषयवस्तुहरु समाविष्ट गरिएको छ।

अन्ततः गरेर सिक्ने पद्धतिमा आधारित क्रियाकलापलाई जोड दिई सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक तथा नैतिक चेतना विकासको संवाहकको रुपमा यो पाठ्यक्रम विकास गरिएको छ।

# २. तहगत सक्षमता

**(क) कक्षाः १-३ का सक्षमता**

१. गाउँ, वडा र गुलरिया नगरपालिकाको सामान्य परिचय
२. स्थानीय संस्कार, संस्कृति र परम्पराको अनुसरण गर्दै सामाजिक नियम तथा शिष्टाचार पालना
३. स्थानीय सिप, पेसा तथा व्यवसायसँग परिचित
४. हरियाली विद्यालय र स्वच्छ नगरको महत्त्व र योगदान
५. स्थानीय प्रकोप र सचेतना
६. स्थानीय सम्पदाहरुसँग परिचित भई संरक्षण र संबर्द्धनमा क्रियाशील

**(ख) कक्षाः ४-५ का सक्षमता**

१. गुलरिया नगरपालिकाको परिचय, भौगोलिक अवस्था र नक्साङ्कनको सामान्य अभ्यास
२. स्थानीय परिवेश अनुसार मानव जीवनमा अनुसरण गरिने संस्कार र संस्कृतिसँग परिचित
३. शिष्टाचारयुक्त बानीको विकास तथा समुदायमा प्रचलित सांस्कृतिक प्रचलनहरुको बोध
४. समुदायिक स्तरमा प्रचलित सिपहरुको अनुसरण तथा कृषि उत्पादन र बजारीकरणको ज्ञान
५. स्वच्छता कायम गर्ने बानीको विकास तथा प्रदुषण न्यूनीकरणका लागि हरियाली संरक्षणमा तत्परता
६. विपद् सावधानी र सुरक्षाका संभावित उपायहरुको ज्ञान
७. स्थानीय सम्पदा तथा कृष्णसार संरक्षणको महत्त्व बोध

**(ग) कक्षा : ६-८ का सक्षमता**

१. गुलरिया नगरक्षेत्रको अवस्थिति, स्थानीय तहको संरचना र मुख्य मुख्य कार्यहरुबारे जानकारी
२. नगरपालिकाले जारी गरेका मुख्य-मुख्य ऐन तथा नियमावलीहरुसँग परिचित
३. स्थानीय संस्कृति, परम्परा, प्रथा, सामाजिक सङ्गठन प्रणाली, लोककला संस्कृतिको जानकारीका साथै सामाजिक समस्या न्यूनीकरणमा तत्परता
४. स्थानीय पेसाहरुप्रति सम्मान तथा उत्पादित वस्तुहरुको प्रयोगमा उत्प्रेरणा
५. समुदायमा प्रचलित स्थानीय प्रविधि, कृषि उत्पादन तथा यसको पकेट क्षेत्रहरुको ज्ञान
६. हरियाली नगरका लागि वृक्षारोपण, बगैंचा निर्माण तथा फोहोर व्यवस्थापनका विधिहरुको प्रयोग
७. प्राकृतिक तथा मानवीय कारणले हुने विपद् र यस अवस्थामा अपनाउनुपर्ने सावधानी, सुरक्षा र सहभागीता
८. स्थानीय, जिल्ला, प्रदेश स्तरमा भएका मुख्य-मुख्य सम्पदाहरुको पहिचानतथा संरक्षणमा गरिएका प्रयास र भूमिकाको बोध

## ३. कक्षागत सिकाइ उपलब्धि कक्षा (१-३)

| क्षेत्र/ थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १. हाम्रो गुलरिया | आफ्नो परिवार तथा आफू बसेको गाँउटोलको नाम भन्न | आफू बस्ने वडाको वडा नं र वडा कार्यालयको ठेगाना भन्न | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको भौगोलिक अवस्थितिको सामान्य जानकारी दिन |
| | आफ्नो गाँउटोलवरिपरिको गाँउटोलको नाम भन्न | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको अवस्थिति पहिचान गर्न | गुलरिया नगरपालिकाभित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति भन्न |
| | आफू पढ्ने विद्यालय र वरिपरिका विद्यालयको नाम भन्न | आफ्नो वडामा रहेका गाँउटोलको नाम भन्न | आफ्नो वडाभित्र रहेका सामुदायिक वनहरुको नाम र महत्त्व भन्न |
| | आफ्नो गाँउटोलमा रहेका धार्मिक स्थलहरुको नाम भन्न | आफ्नो वडाभित्र रहेका  नदी, खोला, ताल र बाटोको नाम भन्न | |
| | आफ्नो गाँउटोलमा कार्यरत स्वास्थ्य स्वयंसेविकाहरुको नाम भन्न | वडामा  रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाको नाम र ठेगाना भन्न | |
| २. हाम्रो संस्कार, सँस्कृति र परम्परा | परिवारभित्र गरिने सामान्य सम्बोधन र शिष्टाचारपूर्ण व्यवहार गर्न | आफ्नो समुदायमा भएका व्यक्तिहरुसँग गरिने सामान्य शिष्टाचार व्यवहार प्रदर्शन गर्न | असल बानी र खराब बानी पहिचान गर्न |
| | आफूले मान्ने धर्म बताउन | आफू रहेको टोल समुदायमा बसोबास गर्ने जातजातिका नाम भन्न | स्थानीय धार्मिक सम्पदाको नाम भन्न |
| | चाडपर्वहरुको नाम भन्न | माटाका  भाँडाकुँडाहरुका नाम र काम भन्न | विभिन्न भाषा र भेषभूषाहरुको सूची तयार गर्न |
| | गाँउ टोलमा बोलिने मुख्य भाषाहरु पहिचान गर्न | स्थानीय चाडपर्वका नाम भन्न र मनाउने समुदायको पहिचान गर्न | स्थानीय लोकबाजा बजाउने अभ्यास गर्न |
| | लोक बाजाहरु पहिचान गर्न | स्थानीय भेषभूषाको सामान्य परिचय दिन | नगरभित्र बोलिने भाषाहरु पहिचान गर्न |
| | आफ्नो परिवारमा लगाईने गहना र पोशाकको नाम भन्न | स्थानीय लोकबाजा मध्ये कुनै एक बाजा बजाउने अभ्यास गर्न | नगरभित्रका समुदायले लगाउने पोशाक पहिचान गर्न |
| | घरमा बनाइने मुख्य परिकारका नाम भन्न | समुदायमा बोलिने भाषाहरुको नाम भन्न | |
| | आफ्नो टोलमा बसोबास गर्ने मुख्य जातिहरुको नाम भन्न | | |
| ३. स्थानीय पेशा, व्यवसाय र प्रविधि | आफ्नो टोल समुदायका मानिसहरुले गर्ने विभिन्न कामहरुको नाम भन्न | आफ्नो छरछिमेकमा प्रचलनमा रहेका सिप तथा पेसाहरुको नाम भन्न | गाउँघरमा तयार गरिएका हस्तकलाका सामग्रीहरुको पहिचान गर्न |

| | | | |
|---|---|---|---|
| | | | |
| | गाउँघरमा बनाइने माटाका विभिन्न भाँडाकुँडाहरुको पहिचान गर्न | आफ्नो घरमा रहेका विभिन्न कृषि उपजहरुको नाम भन्न | स्थानीय स्तरमा उत्पादन हुने मौसमी तथा वेमौसमी तरकारीहरुको पहिचान गरी महत्व भन्न |
| | उत्पादित वस्तुहरुको बिक्री गर्ने स्थानको पहिचान गर्न | दैनिक प्रयोगमा  आउने हस्तकलाका वस्तुहरुको नाम भन्न र स्थानीय सिपबाट बनेका ढकिया (ढक्की), जाबा (मुखौरो) डिलिया, डेलवा, हाते पङ्खा (बेना), गुन्द्री परिचय दिन | हस्तकलाका सामग्रीहरू गाउँघरमा उत्पादित वस्तुहरु विक्री गर्ने स्थानको परिचय दिन |
| ४. हरियाली विद्यालयर स्वच्छ नगर | आफ्नो घर तथा विद्यालय वरपर पाइने वोटविरुवाहरुको नाम भन्न। | घर तथा विद्यालयमा भएको फूलबारी तथावोटविरुवाहरुको हेरचाह गर्न। | हरियाली र स्वच्छ वातावरणको परिचय दिन |
| | आफु बस्ने घर वरिपरि हरियाली तथा स्वच्छ भएनभएको भन्न। | विद्यालय, गाउँघर, हरियाली तथा स्वच्छ बनाउने तरिका भन्न | विद्यालयमा बगैचाको आवश्यकता र महत्व भन्न, |
| | घर, आँगन, विद्यालय वरिपरि पाइने केही फोहोरमैलाहरुको नाम भन्न  । | फोहोरमैलाको परिचय तथा प्रकार (कुहिने र नकुहिने) भन्न। | फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने) तथा व्यवस्थापन गर्ने तरिका भन्न |
| | व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको सरसफाइमा सहभागी हुन। | घर, आँगन, विद्यालय, वरिपरिको  वातावरण फोहोर हुने कारणको पहिचान गर्न। | घर र विद्यालयको सरसफाइमा सहयोग गर्न, |
| | आफ्ना घर वरपर भएका पानीका स्रोतका नाम भन्न। | पानीका स्रोतका नाम भन्न | घर र विद्यालयमा पानीका स्रोतको उपयोग गर्ने तरिका भन्न। |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | स्थानीय स्तरमा हुनसक्ने विपद् (बाढी, आगलागी) पहिचान गर्न | बाढी र आगलागीको परिचय दिन | विपद्का स्वरुपहरु बताउन |
| | विपद्को समयमा  सुरक्षाका उपायहरु अवलम्बन गर्न | बाढी र आगलागीबाट बच्न अपनाइने सावधानीहरुका विधिहरु बताउन | बाढी र आगलागी हुने कारणहरु बताउन |
| | सडकमा हुनसक्ने दूर्घटना भन्न<br>जेब्रा क्रसको संकेत बताउन | सडक दूर्घटनाको परिचय दिन | जेब्रा क्रस, सडकमा बनाइएका सङ्केतको अर्थ र सो अनुसारको प्रयोग गर्न |
| | | सडक सुरक्षाका लागि अपनाइने, सडकमा राखिएका सङ्केत र जेब्रा क्रसको अर्थ बताउन | |
| ६. हाम्रो सम्पदा | आफ्ना घर र विद्यालय वरपर रहेका ऐतिहासिक, प्राकृतिक तथा पर्यटकीय सम्पदाहरुको नाम बताउन | आफ्नो घर र विद्यालय सेवाक्षेत्र भित्र रहेका सम्पदाहरुको नाम र अवस्थिती बताउन | स्थानीय समुदायभित्र रहेका सम्पदा र पर्यटकीय स्थलहरुको पहिचान गरी सामान्य परिचय दिन |

## कक्षागत सिकाइ उपलब्धि कक्षा (४-५)

| क्षेत्र/ थिम | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. हाम्रो गुलरिया | गुलरियाको भौगोलिक अवस्था (सीमाना र क्षेत्रफल) भन्न | गुलरिया नगरपालिकाको नामाकरणको बारेमा बताउन |
| | नगरपालिका भित्रका वडाहरुको संख्या वडा कार्यालयहरुको ठेगाना भन्न | आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थानहरु देखाउन |
| | नगरपालिकाभित्रको जनसङ्ख्या (महिला र पुरुषको तथ्याङ्क भन्न) | नगरपालिका भित्रका वडा अनुसारको जनसङ्ख्या भन्न |
| | नगरपालिकाभित्रका मुख्य सडकहरु पहिचान गर्न | नगरपालिकाको आयस्रोत पहिचान गर्न |
| | नगरपालिकामा आय आर्जनका लागि गरिने क्रियाकलापहरुको सूची तयार पार्न | |
| २. हाम्रो संस्कार, सँस्कृति र परम्परा | आ-आफ्ना नातेदारहरुको नाम ठेगाना र रीतिरिवाज भन्न | आफ्नो समुदायमा जन्म तथा मृत्यु संस्कारको परिचय दिन र महत्त्व भन्न |
| | सामाजिक शिष्टाचार तथा नियमहरु पालना गर्न | ब्रतबन्ध/मुण्डन तथा विवाह संस्कार (जन्ती, बरात, पैपुज्जी) को परिचय दिन र महत्व भन्न |
| | आफूले मनाउने चाडपर्व (दशैँ, तिहार, माघी, ईद, छठ, ल्होसार,  रमजान, मोहर्रम,  तीज, क्रिस्मस डे, चौउरचन, जितिया, विवाह पञ्चमी, भौंरी, गुडिंया, रक्षाबन्धन,,सकट, सेतुवा) आदिको परिचय दिन | कृष्ण जन्माष्टमी, गुरुपूर्णीमा (व्यास जयन्ती, भौंरी), अट्वारी, अनत्तर (अनन्त चतुर्दशी), करुवा चौथ, रमजान लगायतका पर्वको परिचय दिन तथा महत्त्व भन्न |
| | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक तथा धार्मिक अवस्थाको परिचय दिन | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक, धार्मिक तथा समुदायगत अवस्थाको महत्त्व भन्न |
| | आफ्नो सममुदायमा  जन्म तथा मृत्यु संस्कारको परिचय दिन | नगरपालिकाभित्रका प्रचलित रीतिरिवाज र परम्पराको महत्त्व भन्न |
| ३. स्थानीय पेशा व्यवसाय र प्रविधि | आफ्नो टोल समुदायका मानिसहरुले आय आर्जनका लागि गर्ने कामहरु भन्न | परम्परागत हस्तकलाबाट बनाइने बस्तुहरुको नाम सहित पहिचान गर्न |
| | परम्परागत पुर्ख्यौली सिपको प्रयोगबाट बनाइएका वस्तुहरु | कृषि उत्पादनसँग सम्बन्धित सामान्य सिपको बारेमा भन्न |
| | मौसमी तथा बेमौसमी रुपमा गाउँघरमा उत्पादन गरिने कृषि उपजहरुको पहिचान गरी यसको महत्व बुझ्न | मौसमी तथा बेमौसमी कृषि उत्पादनहरुको बजारीकरण र भण्डारणबारे जान्न |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | हरियाली र  स्वच्छ नगर हुनुको फाईदा भन्न | नगरपालिकामा पाइने हरियाली क्षेत्रको  महत्व वर्णन गर्न, |
| | हरियाली   र स्वच्छ नगर बनाउने उपाय भन्न | बालबगैंचा र वृक्षारोपणमा सहभागी हुन |
| | फोहोरमैलाले स्थानीयस्तरमा पारेको असर भन्न | नगरपालिका क्षेत्रमा पाइने हरियाली क्षेत्रको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न |
| | फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्न | स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायको खोजी गर्न |
| | नगरपालिका क्षेत्रमा भएका जलस्रोतको परिचय दिन र प्रयोग गर्न। | नगरपालिका क्षेत्रमा भएका जलस्रोतको प्रदुषणका कारण र असर |

| | | |
|---|---|---|
| | | पहिचान गर्न |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | विपद् (बाढी/आगलागी) को समयमा तत्काल गर्नुपर्ने कार्यहरु बताउन | विपद् (हावाहुरी/ आँधी, बाढी, आगलागी) बाट बच्ने उपायहरु बताउन तथा अवलम्बन गर्न |
| | विपदबाट हुने असरहरु भन्न<br>सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु भन्न | विपद्को समयमा अभिभावकको भूमिका बताउन |
| | | ट्राफिक चिह्न र सङ्केतको पहिचान तथा अर्थ बताउन |
| ६. हाम्रो सम्पदा | आफ्नो वडामा अवस्थित सम्पदाहरुको सामान्य परिचय दिन | नगरक्षेत्रभित्रका सम्पदा संरक्षण र यसको विवेकशील प्रयोगमा अग्रसर हुन |
| | | कृष्णसारको महत्व रसंरक्षणका उपायहरु बताउन |

## कक्षागत सिकाइ उपलब्धि कक्षा (६-८)

| सिकाइ उपलब्धि | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १. हाम्रो गुलरिया | नगरपालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थानहरु देखाउन | बर्दिया जिल्लाको नक्सा कोरी पालिकामा रहेका मुख्य मुख्य स्थानहरु देखाउन | लुम्बिनी प्रदेशको नक्सा कोर्न र बर्दिया जिल्लाका पालिका र मुख्य मुख्य स्थानहरु देखाउन |
| | वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा सुविधाहरुको बारेमा बताउन | नगरपालिकाले सञ्चालन गरेका मुख्य मुख्य विकास आयोजनाहरुको परिचय दिन | नगरसभाको वैठक बस्ने विधि, काम कर्तव्य र अधिकारबारे बताउन |
| | नगरभित्र रहेका सुरक्षा निकाय र तिनीहरुको अवस्थिति र सेवाहरुबारे जानकारी लिन | नगरपालिकाबाट सञ्चालित मुख्य आयोजनाहरुमा विनियोजित बजेट र आयोजनाको अवधि बारे बताउन | नगर कार्यपालिका व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकारबारे बताउन |
| | आ-आफ्नो वडाले शिक्षा, युवा तथा बालबालिकाको लागि तय गरेका कार्यक्रमहरुको बारेमा जानकारी हासिल गर्न | | नगरपालिकाले जारी गरेका मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी दिन |
| | नगरपालिकाका जनप्रतिनिधिहरुको पद र नाम भन्न | | |
| २. हाम्रो संस्कार, संस्कृति र परम्परा | आफ्नो समुदायको भेषभूषा र चाडपर्वको संक्षिप्त परिचय दिन | आफ्नो समुदायको भेषभूषा र चाडपर्वको परिचय दिन | परम्परागत सङ्गठन प्रणाली (वडघर प्रथा, महतिया, पञ्च प्रथा आदि) को काम, कर्तव्य र अधिकार तथा महत्त्व बताउन |
| | धार्मिक/पुरतात्त्विक स्थलहरुको परिचय दिन | नगरपालिकाभित्रका विभिन्न समुदायको रीतिरिवाज र धर्म संस्कृतिको संक्षिप्त परिचय दिन | नगरपालिकाभित्रका समुदायको संस्कार, संस्कृतिको परिचय, महत्त्व र प्रवर्द्धनका उपायहरु भन्न |

| | | | |
|---|---|---|---|
| | समुदायमा प्रचलित लोकगीतहरुबारे जानकारी लिई आफ्नो समुदायका लोकगीत गाउन(जोडी नाच, बिरहा, बैंड बाजा, लिल्ली घोडी, विवाह गीत, माँगर, सोहर गीत) | नगरपालिकाभित्र रहेका धार्मिक समुदायका महत्वपूर्ण आस्थाका केन्द्रको पहिचान तथा परिचय दिन | समुदायमा विद्यमान सामाजिक समस्याहरु जस्तैः कमलहरी प्रथा, कमैया प्रथा, बालविवाह ,गौना, थौना, बहुविवाह, दाइजो आदिप्रथाबारे निराकरणका उपायहरु बताउन |
| | समुदायमा प्रचलित लोकगीत गाउन, लोकबाजा बजाउन तथा लोकनृत्य प्रदर्शन गर्न | आफ्नो समुदायमा प्रचलित लोकगीतहरुको वाद्यवादनसहित अभ्यास गर्न | |
| | बालविवाहबारे परिचय दिन | बालविवाहको कारण तथा नकारात्मक असरहरुबारे बताउन | |
| ३. स्थानीय पेशा, व्यवसाय र प्रविधि | परम्परागत हस्तकलाबाट बनाइएका सामग्रीहरुको नाम भन्न र प्रयोगबारे थाहा पाउन | स्थानीय परम्परागत सामग्रीहरुको उत्पादनका लागि घरेलु आरन (भट्टी) उद्योगको महत्वबारे जान्न | परम्परागत तथा आधुनिक सिपबीच तुलना गरी फाइदा र बेफाइदाहरु बताउन |
| | धातुबाट बनाइने उपयोगी बस्तुहरुको निर्माण, प्रयोग तथा महत्व बारे बताउन | केरा खेती गर्ने विधिको बारेमा बताउन | स्थानीय घरयासी प्रयोजनका सामग्रीहरुको परिचय तथा स्रोतबारे भन्न |
| | स्थानीय रुपमा सञ्चालन गरिएका व्यावसायिक कृषि फर्महरुबारे बताउन | भट्टाबाट ईंटाको उत्पादन विधिबारे र यसका चुनौती तथा आधुनिक प्रविधिबारे जान्न | नगरपालिका भित्र गरिने विशेष नगदेबाली यसको पकेट क्षेत्रको कारण सहित पहिचान गर्न |
| | | कृषि उपज प्रशोधनका विभिन्न विधिहरुका बारेमा भन्न | उत्पादित वस्तुहरुको बजारीकरणका लागि संभावित व्यापारिक केन्द्रहरुको पहिचान गर्न |
| | | | परम्परागत यातायातको साधन निर्माणको आधारभूत सिपबारे बताउन |
| | | | फ्रेस हाउस तथा डेरी व्यवसाय र यसको महत्वका बारेमा बताउन |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | नगर क्षेत्र हरियाली र स्वच्छ राख्न र यसको महत्व भन्न | हरियाली तथा स्वच्छ नगरको आवश्यकता तथा महत्व भन्न | विद्यालय रहको समुदाय स्वच्छ राख्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न |
| | करेसाबारी तथा बगैचाको निर्माणमा सहभागी हुन | वडा क्षेत्रभित्र वृक्षारोपण र सरसफाईमा सहभागी हुन | हरियाली नगर निर्माणमा विद्यार्थी इको क्लबको भूमिका पहिचान र अवलम्बन गर्न |
| | करेसाबारी र बगैचाको निर्माण तथा उपयोगिता भन्न | हरियाली विद्यालय तथा स्वच्छ नगर अभियानमा सहयोग गर्न। | हरियाली नगर निर्माणका लागि आवश्यक आधारभूत पक्षको पहिचान गर्न |
| | घर, विद्यालय तथा स्थानीयस्तरमा हुनसक्ने फोहोर तथा प्रदूषण | हरियाली विद्यालय र स्वच्छ नगर प्रवर्द्धनमा | ठोस फोहोरको व्यवस्थापनअन्तर्गत बिन |

| | | | |
|---|---|---|---|
| | न्यूनीकरणका उपायहरु पहिचान गर्न | सहभागी हुन | कम्पोष्टिङ् तथा पिट कम्पोष्टिङ् गर्ने प्रक्रियाको अभ्यास गर्न |
| | पानीको घरायसी उपयोगपछि व्यवस्थापनका उपायहरुको खोजी गर्न | घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण गर्न र करेसाबारीमा उपयोग गर्न | |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | भूकम्पको बारेमा परिचय दिन<br>विपद् जोखिम न्यूनीकरणको परिचय दिन | स्थानीयस्तरमा हुने विपद् जोखिम न्यूनीकरणका उपायहरु भन्न | स्थानीयस्तरमा हुने विपद् व्यवस्थापनमा सहभागी हुन |
| | विपद्पूर्व अपनाउनुपर्ने पूर्व तयारीका बारेमा जानकारी दिन | वडास्तरमा हुने विपद् व्यवस्थापनका लागि गरिएका प्रयास भन्न र सहभागी हुन | नगरस्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको जानकारी हासिल गर्न र सहभागी हुन |
| | बबई नदी (भादा) कटान व्यवस्थापनमा गरिएका प्रयासहरु पहिचान गर्न | नगरस्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संघसंस्थाहरुले गरेका कार्यक्रमहरु भन्न | विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका थाहा पाउन |
| | विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिकाका बारेमा भन्न | सडक दूर्घटना न्यूनीकरण गर्ने उपायहरु बताउन | सवारी चालक अनुमतिपत्र प्राप्त गर्नका लागि आवश्यक प्रकृयाका बारेमा बताउन |
| | सडक बत्तीको सङ्केत बताउन र यसको नियमको पालना गर्न | सडक सुरक्षामा स्थानीय ट्राफिक प्रहरीको भूमिका बताउन | विपद्मा मनोपरामर्श, विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकाका बारेमा भन्न |
| ६. हाम्रो सम्पदा | गुलरिया नगरपालिकाभित्र रहेका विभिन्न सम्पदाहरुको पहिचान गर्न | छिमेकीपालिका तथा जिल्लाभित्ररहेका सम्पदाहरुको विकास र प्रचारप्रसारमा स्थानीय सरकारको भूमिका बताउन | स्थानीय सम्पदाको संरक्षण र विकासमा स्थानीय व्यक्ति र संघसंस्थाहरुको भूमिका बताउन |
| | सम्पदाहरुको संरक्षण गर्न तथा महत्व भन्न र लेख्न | कृष्णसार संरक्षण क्षेत्रको विकास र संरक्षणका उपायहरु भन्न तथा लेख्न | जिल्ला तथा प्रदेशस्तरमा भएका सम्पदाहरुको पहिचान गरी लेख्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम  कक्षा (१-३)

| क्षेत्र/ थिम | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्यघण्टा | कक्षा ३ | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | आफ्नो परिवार तथा आफू बसेको गाँउटोलको नाम | २६ | आफू बस्ने वडाको वडा नं र वडा कार्यालयको ठेगाना | २६ | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको भौगोलिक अवस्थितिको सामान्य जानकारी | १८ |
| | आफ्नो गाँउटोलवरिपरिको गाँउटोलको नाम | | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको अवस्थिति | | गुलरिया नगरपालिकाभित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति | |
| | आफू पढ्ने विद्यालय र वरिपरिका विद्यालयको नाम | | आफ्नो वडामा रहेका गाँउटोलको नाम | | आफ्नो वडाभित्र रहेका सामुदायिक वनहरुको नाम र महत्त्व | |
| | आफ्नो गाँउटोलमा रहेका धार्मिक स्थलहरुको नाम | | आफ्नो वडाभित्र रहेका नदी, खोला, ताल र बाटोको नाम | | | |
| | आफ्नो गाँउटोलमा कार्यरत स्वास्थ्य स्वयंसेविकाहरुको नाम | | वडामा रहेका स्वास्थ्य प्रदायक संस्थाको नाम र ठेगाना | | | |
| २. हाम्रो संस्कार, सँस्कृति र परम्परा | परिवारभित्र गरिने सामान्य सम्बोधन र शिष्टाचार | ४१ | समुदायकाव्यक्तिसँग गरिने शिष्टाचार | ३६ | असल बानी र खराब बानी | ३७ |
| | आफूले मान्ने धर्म | | टोल समुदायको जातजाति | | स्थानीय धार्मिक सम्पदाहरु | |
| | मनाउने चाडपर्व | | माटाका भाँडाकुँडा | | विभिन्न भाषा तथा भेषभूषा | |
| | गाँउ टोलमा बोलिने मुख्य भाषाहरु | | स्थानीय चाडपर्व र मनाउने समुदाय | | स्थानीय लोकबाजा बजाउने अभ्यास | |
| | लोक बाजाहरु | | स्थानीय भेषभूषा | | नगरभित्र बोलिने भाषा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आफ्नो परिवारमा लगाईने गहना र पोशाक | | स्थानीय लोकबाजा मध्ये कुनै एक बाजा बजाउने अभ्यास | | नगरभित्रका समुदायले लगाउने पोशाक | |
| | घरमा बनाइने मुख्य परिकार | | समुदायमा बोलिने भाषाहरु | | | |
| | आफ्नो टोलमा बसोबास गर्ने मुख्य जाति | | | | | |
| ३. स्थानीय पेशा,व्यवसाय र प्रविधि | आफ्नो टोल समुदायका मानिसहरुले गर्ने विभिन्न कामहरुको नाम | १५ | आफ्नो छरछिमेकमा प्रचलनमा रहेका सिप तथा पेसाहरुको नाम | १५ | गाउँघरमा तयार गरिएका हस्तकलाका सामग्रीहरुको पहिचान | १८ |
| | गाउँघरमा बनाइने माटाका विभिन्न भाँडाकुँडाहको पहिचान | | आफ्नो घरमा रहेका विभिन्न कृषि उपजहरुको नाम | | स्थानीय स्तरमा उत्पादन हुने मौसमी तथा वेमौसमी तरकारीहरूको पहिचान | |
| | उत्पादित वस्तुहरुको बिक्री गर्ने स्थान(स्थानीय हाट बजारहरुको नाम) | | दैनिक प्रयोगमा आउनेहस्तकलाका वस्तुहरुको नाम र स्थानीय सिपबाट बनेका ढकिया (ढक्की), जाबा (मुखौरो) डिलिया, डेलवा, हाते पङ्खा (बेना), गुन्द्री | | गाउँघरमा उत्पादित वस्तुहरु विक्री गर्ने स्थान | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | आफ्नो घर तथा विद्यालय वरपर पाइने वोटविरुवाहरुको नाम | २६ | घर तथा विद्यालयमा भएको फूलबारी तथा वोटविरुवाहरुको हेरचाह | २६ | हरियाली र स्वच्छ वातावरणको परिचय | ३० |
| | हरियाली र स्वच्छताको पहिचान | | विद्यालय, गाउघर, हरियाली तथा स्वच्छ बनाउने तरिका | | विद्यालयमा बगैचाको आवश्यकता र महत्व | |
| | घर, आँगन, विद्यालय वरिपरि पाइने केही फोहोरमैलाहरुको नाम | | फोहोरमैलाको परिचय तथा प्रकार (कुहिने र नकुहिने) | | फोहोरमैलाको वर्गीकरण (कुहिने, नकुहिने ) व्यवस्थापन गर्ने तरिका | |
| | व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको | | घर, आँगन, विद्यालय, वरिपरिको | | घर र विद्यालयको सरसफाइमा सहयोग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सरसफाइमा सहभागी | | वातावरण फोहोर हुने कारणको पहिचान | | | |
| | आफ्ना घर वरपर भएका पानीका स्रोतका नाम | | पानीका स्रोतका नाम | | घर र विद्यालयमा पानीका स्रोतको उपयोग गर्ने तरिका | |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | स्थानीयस्तरमा हुनसक्ने विपद्हरु (बाढी र आगलागी) | १५ | बाढी र आगलागीको परिचय | २० | विपद् र यसका स्वरुपहरु | १८ |
| | विपद्को अवस्थामा गर्नुपर्ने सावधानी वा व्यक्तिगत सुरक्षा | | बाढी र आगलागीबाट बच्न अपनाइने मुख्य विधिहरु | | बाढी र आगलागी हुने कारणहरु | |
| | सडकमा हुने दूर्घटना | | सडक दूर्घटनाको परिचय | | जेब्रा क्रस, सडकमा बनाइएका सङ्केतको अर्थ र प्रयोग | |
| | जेब्रा क्रसको संकेत | | सडक दूर्घटनाबाट बच्नका लागि प्रयोग गरिने ट्राफिक सङ्केत र जेब्रा क्रसको अर्थ | | | |
| ६. हाम्रो सम्पदा | आफ्ना घर र विद्यालय वरपर रहेका ऐतिहासिक, प्राकृतिक तथा पर्यटकिय सम्पदाहरुको नाम र स्थानको चिनारी | ५ | आफ्नो घर र विद्यालयक्षेत्रभित्र रहेका मठमन्दिर, गुम्बा, मस्जिद, नदिनाला, तथा वनजंगलको नाम र स्थान | ५ | समुदाय भित्रका मठमन्दिर, गुम्बा, मस्जिद,चर्च, नदिनाला, पोखरी तथा वनजंगलको नाम र स्थान | ७ |
| | | | कृष्णसार संरक्षणक्षेत्रको सामान्य परिचय | | समुदाय वरपर रहेका सम्पदाहरुको महत्व | |
| | | | | | कृष्णसार संरक्षणक्षेत्रको सामान्य परिचय, विशेषता | |

## विषयवस्तुको क्षेत्र र क्रम  कक्षा (४-५)

| क्षेत्र/ थिम | कक्षा ४ | कार्यघण्टा | कक्षा ५ | कार्यघण्टा |
|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | गुलरियाको भौगोलिक अवस्था (सीमाना र क्षेत्रफल) | ३१ | नगरपालिकाको नामाकरण | २४ |
| | नगरपालिका भित्रका वडाहरुको संख्या वडा कार्यालयहरुको ठेगाना | | आफू बस्ने वडाको नक्साकोर्न र नक्सामा मुख्य मुख्य स्थानहरु | |
| | नगरपालिकाभित्रको जनसङ्ख्या (महिला र पुरुषको तथ्याङ्क) | | नगरपालिका भित्रका वडा अनुसारको जनसङ्ख्या | |
| | नगरपालिकाभित्रका मुख्य सडकहरु पहिचान | | नगरपालिकाको आयस्रोत | |
| | नगरपालिकामा आय आर्जनका लागि गरिने क्रियाकलापहरु | | | |
| २. हाम्रो संस्कार, सँस्कृति र परम्परा | आ-आफ्ना नातेदारको नाम ठेगाना तथा रीतिरिवाज | ३१ | आफ्नो समुदायमा जन्म तथा मृत्यु संस्कार | २९ |
| | सामाजिक शिष्टाचार तथा नियम | | ब्रतबन्ध/मुण्डन तथा विवाह संस्कार (जन्ती, बरात, पैपुज्जी) | |
| | आफूले मनाउने चाडपर्व (दशैँ, तिहार, माघी, ईद, छठ, ल्होसार, रमजान, मोहर्रम,  तीज, क्रिस्मस डे, चौउरचन, जितिया, विवाह पञ्चमी, भौंरी, गुडिंया, रक्षाबन्धन,,सकट, सेतुवा) आदिको परिचय | | कृष्ण जन्माष्टमी, गुरुपूर्णीमा (व्यास जयन्ती, भौंरी) अट्वारी, अनत्तर (अनन्त चतुर्दशी), करुवा चौथ, रमजान | |
| | नगरपालिका भित्रको सामाजिक, साँस्कृतिक तथा धार्मिक अवस्था | | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक, धार्मिक तथा समुदायगत अवस्था | |
| | आफ्नो समुदायमा जन्म तथा मृत्यु संस्कार | | नगरपालिकाभित्रका प्रचलित रीतिरिवाज र परम्परा | |
| ३. स्थानीय पेशा, व्यवसाय र प्रविधि | आफ्नो टोल समुदायका मानिसहरुले आय आर्जनका लागि गर्ने कामहरु | १८ | परम्परागत हस्तकलाबाट बनाइने बस्तुहरु जस्तैः बिर्रा, डेहेरी, चुल्हो, ढिकी, जाँतो (चकिया), ओखली मुसल (पाहारुवा), सिलौटो, आदिको नाम सहित पहिचान | १७ |
| | परम्परागत पुर्ख्यौली सिप | | कृषि उत्पादनसँग सम्बन्धित सामान्य सिपहरु | |
| | मौसमी तथा बेमौसमी रुपमा गाउँघरमा उत्पादन गरिने कृषि उपजहरुको पहिचान | | मौसमी तथा बेमौसमी कृषि उत्पादनहरुको बजारीकरण र भण्डारण | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | हरियाली र  स्वच्छ नगर हुनुको फाईदा | ३० | नगरपालिकामा पाइने हरियाली क्षेत्रको  महत्व | २९ |
| | हरियाली   र स्वच्छ नगर बनाउने उपाय | | बालबगैचा र वृक्षारोपणमा सहभागी | |
| | फोहोरमैलाले स्थानीयस्तरमा पारेको असरको पहिचान | | नगरपालिका क्षेत्रमा पाइने हरियाली क्षेत्रको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान | |
| | फोहोरमैलाको वर्गीकरण  र व्यवस्थापन | | स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायको | |

| | | | | |
|---|---|---|---|---|
| | | | खोजी | |
| | नगरपालिका क्षेत्रमा भएका जलस्रोतको परिचय  र प्रयोग | | नगरपालिका क्षेत्रमा भएका जलस्रोतको प्रदुषणका कारण र असर पहिचान | |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | बाढी र आगलागीको समयमा तत्काल गर्नुपर्ने  कार्यहरु | १२ | हावाहुरी/आँधी,बाढी र आगलागीबाट बच्ने उपायर अवलम्बन गर्ने तरिका | १७ |
| | बाढी र आगलागीबाट हुने असरहरु | | विपद्को समयमा  अभिभावकको भूमिका | |
| | सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु | | ट्राफिक चिन्ह र सङ्केतको पहिचान र सोको अर्थ | |
| ६. हाम्रो सम्पदा | वडाक्षेत्रभित्रका प्राकृतिक तथा ऐतिहासिक सम्पदा, चौतारा,  मेला, जात्रा, चाडपर्व तथा पर्यटकीय सम्पदाहरुको परिचय, महत्व, संरक्षण र विकास | ६ | गुलरिया नगरपालिका क्षेत्रभित्रका सम्पदाहरुको परिचय, महत्व र संरक्षणका उपायहरु | १२ |
| | कृष्णसार संरक्षणक्षेत्रको सामान्य परिचय, विशेषता र पर्यटकीय तथा वातावरणीय महत्व | | कृष्णसार संरक्षण क्षेत्रका लागि गरिएका संरक्षण र विकासका प्रयास तथा कामहरु | |

## विषयवस्तुको क्षेत्र र क्रम  कक्षा (६-८)

| क्षेत्र/एकाइ | कक्षा ६ | का.घ. | कक्षा ७ | का.घ. | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | नगरपालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थानहरु | २६ | बर्दिया जिल्लाको नक्सा कार्य र पालिकामा रहेका मुख्य मुख्य स्थानहरु | १६ | लुम्बिनी प्रदेशको नक्सा कोर्न र बर्दिया जिल्लाका पालिका र मुख्य मुख्य स्थानहरु | २१ |
| | वडा कार्यालयहरुबाट प्रदान गरिने सेवासुविधाहरु | | नगरपालिकाले सञ्चालन गरेका मुख्य मुख्य विकास आयोजनाहरुको परिचय | | नगरसभाको वैठक बस्ने विधि र काम कर्तव्य र अधिकार | |
| | नगरभित्र रहेका सुरक्षा निकाय र तिनीहरुको अवस्थिति | | नगरपालिकाबाट सञ्चालित मुख्य आयोजनाहरुमा विनियोजित बजेट र आयोजनाको अवधि | | नगर कार्यपालिका व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकार | |
| | आ-आफ्नो वडाले शिक्षा, युवा तथा बालबालिकाको लागि तय गरेका | | | | नगरपालिकाले जारी गरेका मुख्य ऐन र नियमावलीको संक्षित जानकारी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रमहरु | | | | | |
| | नगरपालिकाका जनप्रतिनिधिहरुको पद र नाम | | | | | |
| २. हाम्रो संस्कार, सँस्कृति र परम्परा | आफ्नो समुदायको भेषभूषा र चाडपर्व | २६ | आफ्नो समुदायको भेषभूषा र चाडपर्व | २७ | परम्परागत सङ्गठन प्रणाली (वडघर प्रथा, महतिया, पञ्च प्रथाआदि) | १६ |
| | धार्मिक/पुरतात्त्विक स्थलहरु : पर्वतीया मन्दिर, कोटही मन्दिर, खण्डाबाबा, मातङ्गी मन्दिर, बगलामुखी मन्दिर | | नगरपालिकाभित्रका विभिन्न समुदायको रीतिरिवाज र धर्म संस्कृति | | नगरपालिकाभित्रका समुदायको संस्कार, संस्कृतिको परिचय, महत्त्व र प्रवर्द्धन | |
| | समुदायमा प्रचलित लोकगीतहरु | | नगरपालिकाभित्र रहेका धार्मिक समुदायका महत्वपूर्ण आस्था केन्द्र | | समुदायमा विद्यमान सामाजिक समस्याहरु जस्तैः कमलहरी प्रथा, कमैया प्रथा, बालविवाह, गौना, थौना, बहुविवाह, दाइजो आदि | |
| | समुदायमा प्रचलित लोकगीत समुदायमा प्रचलित लोकगीत (जोडी नाच, बिरहा, बैंड बाजा, लिल्ली घोडी, विवाह गीत, माँगर, सोहर गीत), लोकबाजा र लोक नृत्य | | आफ्नो समुदायमा प्रचलित लोकगीत | | | |
| | बालविवाह | | बालविवाहको कारण तथा नकारात्मक असरहरु | | | |
| ३. स्थानीय पेशा, व्यवसाय र प्रविधि | परम्परागत हस्तकलाबाट बनाइएका बस्तुहरु | १५ | स्थानीय परम्परागत सामग्रीहरुको उत्पादनका लागि घरेलु आरन (भट्टी) उद्योगको महत्व | २१ | परम्परागत तथा आधुनिक सिपबीच तुलना र यसका फाइदा र बेफाइदाहरु | ३२ |
| | धातुबाट बनाइने उपयोगी बस्तुहरु विशेषगरी गरगहनाहरु | | केरा खेती गर्ने विधि | | स्थानीय डोको, नाम्लो, डोरी, पगाहा, तोरण बुन्ने/बाट्ने तरीका र आवश्यक कच्चा पदार्थहहरुको परिचय तथा स्रोत | |
| | स्थानीय रुपमा सञ्चालन गरिएका व्यावसायिक कृषि फर्महरु | | भट्टाबाट ईंटाको उत्पादन विधिबारे र यसका चुनौती तथा आधुनिक प्रविधि | | नगरपालिका भित्र गरिने खुर्सानी, ममफली, खरबुजा, तरबुजा, ऊखु खेतीको पकेट क्षेत्रको कारण र पहिचान | |
| | | | कृषि उपज प्रशोधनका विभिन्न विधिहरु | | उत्पादित वस्तुहरुको बजारीकरणका लागि संभावित व्यापारिक केन्द्रहरु | |
| | | | | | परम्परागत यातायातको साधन एक्का (टाँगा) तथा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | बयलगाडी ( लडिया) को निर्माणको आधारभूत सिप | |
| | | | | | फ्रेस हाउस डेरी व्यवसाय र यसको महत्व | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | हरियाली र स्वच्छ नगर तथा यसको महत्व | २६ | हरियाली तथा स्वच्छ नगरको आवश्यकता तथा महत्व | २७ | विद्यालय रहेको समुदाय स्वच्छता | २१ |
| | करेसाबारी तथा बगैचाको निर्माण | | वडा क्षेत्रभित्र वृक्षारोपण र सरसफाईमा सहभागी | | हरियाली नगर निर्माणमा विद्यार्थी इको क्लबको भूमिका | |
| | करेसाबारी र बगैचाको निर्माण तथा उपयोगिता | | हरियाली विद्यालय तथा स्वच्छ नगर | | हरियाली नगर निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु | |
| | घर, विद्यालय तथा स्थानीयस्तरमा हुनसक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरु | | हरियाली विद्यालय र स्वच्छ नगर प्रवर्द्धनमा सहभागी | | ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ्ग तथा पिट कम्पोष्टिङ्ग प्रक्रियाको अभ्यास | |
| | पानीको घरायसी उपयोगपछि व्यवस्थापनका उपायहरुको खोजी | | घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण र करेसाबारीमा उपयोग | | | |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | भूकम्पको परिचय | २५ | स्थानीयस्तरमा हुने जोखिम | २७ | स्थानीय स्तरमा हुने विपद् व्यवस्थापनमा भूमिका | २७ |
| | न्यूनीकरणको परिचय | | न्यूनीकरणका उपाय | | नगरस्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको जानकारी र सहभागीता | |
| | विपद् जोखिम<br>विपद् पूर्व अपनाइने सजगताको जानकारी | | वडास्तरमा विपद् व्यवस्थापनका लागि गरिएका प्रयासहरु र सहभागिता | | विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका | |
| | बबई नदी(भादा) कटान व्यवस्थापनमा गरिएका प्रयासहरु | | नगरस्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संस्थाले गरेका कार्य | | विपदमा मनोपरामर्श | |
| | विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिका | | सडक दूर्घटना न्यूनीकरण गर्ने उपाय | | सवारीचालक अनुमतिपत्र लिनका लागिआवश्यक नियमहरु (उमेर, ट्राफिक संकेत, लिखित/प्रयोगात्मकपरीक्षा, नागरिकता) | |
| | सडक बत्तीको संकेत र यसको पालना | | सडक सुरक्षामा स्थानीय ट्राफिक प्रहरीको भूमिका | | स्मार्ट लाइसेन्स प्राप्त गर्ने तरिकाहरु | |
| ६. हाम्रो सम्पदा | गुलरिया नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदाहरुको | १० | छिमेकीपालिकाभित्र अवस्थित प्रमुख सम्पदाहरुको विकास र संरक्षणका लागि भएका कार्यहरु | १० | कृष्णसार संरक्षण क्षेत्र, सरयू (भादा) नदीको संरक्षण र विकासमा स्थानीय तह तथा संघसंस्थाहरुको भूमिका | ११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | परिचय, महत्व र संरक्षणका उपायहरु | | | | | | |
| | नगरपालिकाभित्र आयोजना गरिने मेला महोत्सवहरुको पहिचान र प्रचार प्रसार | | - जिल्लास्थित प्रमुख सम्पदाहरु (जस्तैः- बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली नदी तथा पुल, बढैयाताल आदि) को नाम तथा परिचय | | बर्दिया जिल्लास्थित प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय सम्पदाहरु(जस्तैः- बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली नदी तथा पुल, बढैयाताल आदि)को अवस्था र यसको संरक्षण तथा विकासमा भएका कार्यहरु | |
| | हाम्रो शानः कृष्णसार संरक्षण क्षेत्र | | कृष्णसार संरक्षणक्षेत्रको परिचय, महत्व र संरक्षणमा स्थानीय व्यक्ति तथा संघसंस्थाहरुको भूमिका | | लुम्बिनी प्रदेशभित्र रहेका चर्चित सम्पदाहरु (जस्तै लुम्बिनी, बागेश्वरी, धारापानी, बाँके राष्ट्रिय निकुञ्ज) को परिचय | |

## ५. विषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया

### कक्षा १

| क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | आफ्नो परिवार तथा आफू बसेको गाँउटोलको नाम भन्न | आफ्नो परिवार तथा आफू बसेको गाँउटोलको नाम | बालबालिकालाई आफू बसोबास गरेको गाँउटोलको नाम भन्न लगाउने | बालबालिकालाई आफू बसोबास गरेको गाँउ वा टोलको नाम भन्न लगाएर | २६ |
| | आफ्नो गाँउटोलवरिपरिको गाँउटोलको नाम भन्न | आफ्नो गाँउटोलवरिपरिको गाँउटोलको नाम | साथीको गाँउ चिन्ने खेल खेलाएर | आफ्नो वरिपरिका गाँउटोलको नाम एकअर्कालाई भन्न लगाएर | |
| | आफू पढ्ने विद्यालय र वरिपरिका विद्यालयको नाम भन्न | आफू पढ्ने विद्यालय र वरिपरिका विद्यालयको नाम | आफू पढ्ने विद्यालय र वरिपरिका विद्यालयको नाम भन्न लगाउने | आफू पढ्ने विद्यालय र वरिपरिका विद्यालयको नाम सोधेर | |
| | आफ्नो गाँउटोलमा रहेका धार्मिक स्थलहरुको नाम भन्न | आफ्नो गाँउटोलमा रहेका धार्मिक स्थलहरुको नाम | आफ्नो गाँउटोलमा रहेका धार्मिक स्थलहरुको भ्रमण गराई परिचय गराउने | आफ्नो गाँउटोलमा रहेका धार्मिक स्थलहरुको नाम भन्न लगाएर | |
| | आफ्नो गाँउटोलमा कार्यरत स्वास्थ्य स्वयंसेविकाहरुको नाम भन्न | आफ्नो गाँउटोलमा कार्यरत स्वास्थ्य स्वयंसेविकाहरुको नाम | आफ्नो गाँउटोलमा कार्यरत स्वास्थ्य स्वयंसेविकाहरुलाई आमन्त्रण गरी परिचय दिन लगाउने | आफ्नो गाँउटोलमा कार्यरत स्वास्थ्य स्वंयसेविकाहरुको नाम सोधेर | |
| २. हाम्रो संस्कार, संस्कृति र परम्परा | परिवारभित्र गरिने सामान्य सम्बोधन र शिष्टाचार गर्न | परिवारभित्र गरिने सामान्य सम्बोधन र शिष्टाचार | → परिवारभित्र गरिने सामान्य सम्बोधन र शिष्टाचारगर्न लगाउने<br>→ शिष्टाचार सम्बन्धी समूहगत रुपमा नाटक /अभिनय गर्न लगाउने | अवलोकन गरेर | ४१ |
| | आफूले मान्ने धर्म बताउन | आफूले मान्ने धर्मको नाम | आफूले मान्ने धर्म भन्न लगाउने | विद्यार्थीले मान्ने धर्म सोधेर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | चाडपर्वहरुको नाम भन्न | चाडपर्वहरुको नाम | आफूले मनाउने चाडपर्वको नाम भन्न लगाउने | आफूले मनाउने चाडपर्वको नाम भन्न लगाएर | |
| | गाँउ टोलमा बोलिने मुख्य भाषाहरु पहिचान गर्न | गाँउ टोलमा बोलिने मुख्य भाषाहरुको नाम | आ-आफ्ना भाषामा परिचय दिन लगाई एक अर्काको भाषा बिच छलफल गराउने | आ-आफ्ना भाषामा परिचय दिन लगाएर | |
| | लोक बाजाहरु पहिचान गर्न | लोक बाजाहरुको नाम | लोक बाजाहरुको नाम भन्न लगाउने | लोक बाजाहरुको नाम भन्न लगाएर | |
| | आफ्नो परिवारमा लगाईने गहना र पोशाकको नाम भन्न | आफ्नो परिवारमा लगाईने गहना र पोसाकको नाम | गाँउ टोलमा रहेका जातजातिले लगाउने तथा आफ्नो परिवारमा लगाईने गहना र पोसाक झल्किने चित्र,पोस्टर आदिबाट पहिचान गर्न लगाउने र भन्न लगाउने | विभिन्न जातजातिका पोशाक र गहनाका नाम भन्न लगाएर | |
| | घरमा बनाइने मुख्य परिकारका नाम भन्न | घरमा बनाइने मुख्य परिकारका नाम | घरमा बनाइने मुख्य परिकार र खानाहरु बिच एकअर्काका बिचमा छलफल गर्न लगाउने र पहिचान गर्न लगाउने | घरमा बनाइने मुख्य परिकारका नाम भन्न लगाएर | |
| | आफ्नो टोलमा बसोबास गर्ने मुख्य जातिहरुको नाम भन्न | आफ्नो टोलमा बसोबास गर्ने मुख्य जातिहरुको नाम | आफ्नो टोलमा बसोबास गर्ने जातिको नाम पहिचान गर्न विभिन्न चित्र,पोस्टर तथा अन्य सामग्रीको माध्यमबाट प्रदर्शन गरी पहिचान गर्न लगाउने | आफ्नो टोलमा बसोबास गर्ने जातिहरुको नाम भन्न लगाएर | |
| ३. स्थानीय पेसा, व्यवसाय र प्रविधि | आफ्नो टोल समुदायका मानिसहरुले गर्ने विभिन्न कामहरुको नाम भन्न | आफ्नो टोल समुदायका मानिसहरुले गर्ने विभिन्न पेसाहरु जस्तैःसिलाई, बुनाई, सिकर्मी, डकर्मी, खेतीपाती, पशुपालन | आफ्नो घरका सदस्यहरुले गर्ने कामहरुका बारेमा सोधी छलफलका माध्यमबाट जानकारी दिने | सम्बन्धित क्षेत्रमा रहेर प्रश्नहरु सोध्ने<br>स्थानीय सामग्रीहरुको पहिचान गर्न सक्ने क्षमताको जानकारी लिएर। | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लगायतका व्यवसायिक क्रियाकलापहरु | | | |
| | गाउँघरमा बनाइने माटाका विभिन्न भाँडाकुँडाहरुको पहिचान गर्न | गाउँघरमा बनाइने माटाका भाँडाकुँडाहरु मट्का, सुरई, पाला, (दिया) खुत्रुके, आदि | गाउँघरमा माटोबाट बनाइने भाँडाकुँडाहरु देखाउँदै नाम सोध्ने र नजानेमा सहजीकरण गरिदिने | | |
| | उत्पादित वस्तुहरुको बिक्री गर्ने स्थानको पहिचान गर्न | स्थानीय हाटबजारहरु गुलरिया, पर्वतिया मन्दिरको हाट बजार, पशुहाटबजारको परिचय | हाट बजारमा विक्री गरिने स्थानीय बस्तुहरुको जानकारी दिने | | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | आफ्नो घर तथा विद्यालय वरपर पाइने वोटविरुवाहरुको नाम भन्न । | आफ्नो घर तथा विद्यालय वरपर पाइने बोटविरुवाहरुको नाम | घर वरपर र विद्यालय क्षेत्र हरियाली भएनभएको भन्न लगाउने,<br>विद्यालय क्षेत्र वरपर अवलोकन भ्रमण गराइ हरियाली र स्वच्छताको पहिचान गराउने | घर तथा विद्यालय वरपर भएका वोटविरुवाहरुको नाम भन्न लगाउने<br>घर तथा विद्यालय वरपर भएका विरुवारुको अवलोकन गराइ तिनिहरुको नाम पहिचान गर्न लगाएर | २६ |
| | आफु बस्ने घर वरिपरि हरियाली तथा स्वच्छ भएनभएको भन्न । | हरियाली र स्वच्छताको पहिचान | आफ्ना घर वरपर भएका फोहरमैलाको नाम भन्न लगाउने | घर वरपर र विद्यालय क्षेत्र हरियाली भएनभएको भन्न लगाउने,विद्यालय क्षेत्र वरपर अवलोकन भ्रमण गराइ हरियाली र स्वच्छताको पहिचान गराउनेघरमा भएका विरुवाहरुको नाम भन्न लगाएर,विरुवाहरुको नाम सम्बन्धीप्रतियोगिता गराएर | |
| | घर, आँगन, विद्यालय वरिपरि पाइने केही फोहोरमैलाहरुको नाम भन्न । | घर, आँगन, विद्यालय वरिपरि पाइने केही फोहोरमैलाहरुको नाम | घर वरपर र विद्यालय क्षेत्र सफा भएनभएको भन्न लगाउने, | घर, आँगन, विद्यालय वरिपरि पाइने केही फोहोरमैलाहरुको नाम सोधेर | |
| | व्यक्तिगत, घर, आँगन, विद्यालय, | व्यक्तिगत, घर, आँगन, | कक्षाकोठामा विद्यार्थीहरूलाई उभिन | विद्यालयको बगैचा तथा विद्यालय | |

| | | | | | |
|---|---|---|---|---|---|
| | वरिपरिको  सरसफाइमा सहभागी हुन । | विद्यालय, वरिपरिको सरसफाइमा सहभागी | लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्न लगाउने। | वरपर भएको हरियाली तथा स्वच्छ ठाउको पहिचान गर्न लगाएर,<br>व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाइमा सहभागी  भए नभएको सोधेर । | |
| | आफ्ना घर वरपर भएका पानीका स्रोतका नाम भन्न । | आफ्ना घर वरपर भएका पानीका स्रोतका नाम । | - चित्र देखाइ आफ्नो वरिपरि भएका पानीका स्रोतहरुको जानकारी दिने<br>- समुदायस्तरमा अवलोकन गराइ पानीको स्रोतको पहिचान गराउने | आफ्ना घर वरपर भएका पानीका स्रोतका नाम भन्न लगाएर | |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | स्थानीय स्तरमा हुनसक्ने विपद् (बाढी, आगलागी) पहिचान गर्न | स्थानीयस्तरमा हुनसक्ने विपद्हरु (बाढी र आगलागी) | - स्थानीयस्तरमा हुने विपद्को बारेमा छलफल गर्न लगाउने, विशेषतः बाढी र आगलागीमा केन्द्रित रही विपद्को जानकारी दिने र विद्यार्थीहरुले देखेका कुराहरुलाई भन्न लगाउने<br>- विद्यालय आउँदा जाँदा वा बजारतिर सडक दुर्घटना भएको भए त्यस्ता घटनाहरुलाई छलफल गराउने<br>- सडक दुर्घटना किन हुन्छ र यसबाट बच्नका लागि बाटो कहाँबाट काट्नुपर्छ भन्ने कुराको छलफल गराउने र | स्थानीयस्तरमा हुने विपद्हरु के के रहेछन् ?<br>विपद्को अवस्थामा व्यक्तिगत सुरक्षाका लागि के गर्नुपर्ने रहेछ ?<br>सडकमा भएको दुर्घटना देख्नुभएको छ ? कस्तो कस्तो दुर्घटना देख्नुभएको छ ?<br>सडक दुर्घटनाबाट बच्न बाटो कहाँबाट काट्ने ?<br>(यी माथिका प्रश्नहरुमा केन्द्रित रही विद्यार्थीहरुबाट जवाफ लिन प्रयास गर्ने) | १५ |
| | विपद्को समयमा  सुरक्षाका उपायहरु अवलम्बन गर्न | विपद्को अवस्थामा गर्नुपर्ने सावधानी वा व्यक्तिगत सुरक्षा | | | |
| | सडकमा हुनसक्ने दुर्घटना भन्न | सडकमा हुने दुर्घटना | | | |
| | जेब्रा क्रसको संकेत बताउन | जेब्रा क्रसको संकेत | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जेब्रा क्रसिङ्गको संकेतलाई प्रस्ट्याउने ।<br>- बाढी आगलागी भएका पोष्टर र त्यसबाट भएका क्षतिका बारेमा ब्याख्या गरिएको चित्रहरु प्रयोग गर्ने<br>- सडकमा भएका दुर्घनाहरुको पोष्टर चित्रहरु प्रयोग गर्ने<br>- सम्बन्धित विषयस्तुलाई सहज तरिकाले बुझाउन,श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने | | |
| ६. हाम्रो सम्पदा | आफ्ना घर र विद्यालय वरपर रहेका ऐतिहासिक, प्राकृतिक तथा पर्यटकिय सम्पदाहरुको नाम बताउन | आफ्ना घर र विद्यालय वरपर रहेका ऐतिहासिक, प्राकृतिक तथा पर्यटकीय सम्पदाहरुको नाम र स्थानको चिनारी | - सम्पदाहरुको चित्र, पोस्टर, अवस्थिति सम्बन्धी नक्सा प्रर्दशन<br>- सम्पदाहरुको प्रत्यक्ष अवलोकन | चित्र पहिचान | ५ |

## कक्षा २

| क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | आफू बस्ने वडाको वडा नं र वडा कार्यालयको ठेगाना भन्न | आफू बस्ने वडाको वडा नं र वडा कार्यालयको ठेगाना | विद्यार्थीहरुलाई उनीहरु बस्ने वडा नं सोध्ने<br>नगरपालिकाको नक्सा देखाउदै आफ्नो वडा चिन्न लगाउने | आफू बस्ने वडा नं र वडा कार्यालयको ठेगाना भन्न लगाएर<br>नगरपालिकाको नक्सामा आफ्नो वडा चिन्न सके नसकेको अवलोकन गरेर | २६ |
| | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको अवस्थिति पहिचान गर्न | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको अवस्थिति | बर्दिया जिल्लाको नक्सा देखाउँदै गुलरिया नगरपालिकाको अवस्थिति पहिचान गर्न लगाउने | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको अवस्थिति पहिचान गर्न सके नसकेको अवलोकन गरेर | |
| | आफ्नो वडामा रहेका गाँउटोलको नाम भन्न | आफ्नो वडामा रहेका गाँउटोलको नाम | आफू बस्ने वडाका गाँउटोलको नाम पहिचान गर्न लगाउने | आफू बस्ने वडाका गाँउटोलको नाम पहिचान गरे नगरेको अवलोकन गरेर | |
| | आफ्नो वडाभित्र रहेका नदी, खोला, ताल र बाटोको नाम भन्न | आफ्नो वडाभित्र रहेका नदी, खोला, ताल र बाटोको नाम | श्रव्यदृश्य सामग्रीको प्रदर्शन गरी आफ्नो वडाभित्र रहेका नदी खोला ताल र बाटोको नाम भन्न लगाउने | श्रव्यदृश्य सामग्रीको सहयोग लिइ आफ्नो वडाभित्र रहेका नदी, खोला, ताल र बाटोको नाम भन्न लगाएर | |
| | वडामा रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाको नाम र ठेगाना भन्न | वडामा रहेका स्वास्थ्य प्रदायक संस्थाको नाम र ठेगाना | वडामा रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको नाम र ठेगानाको सूची तयार गर्न लगाउने | वडामा रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको नाम र ठेगाना भन्न लगाएर | |
| २. हाम्रो संस्कार, | आफ्नो समुदायमा भएका व्यक्तिसँग गरिने | समुदायका व्यक्तिसँग गरिने | समुदायका व्यक्ति तथा तिनीहरुसँगको नाता | समुदायका व्यक्तिसँग शिष्टाचार | ३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| सँस्कृति र परम्परा | सामान्य शिष्टाचार व्यवहार प्रदर्शन गर्न | शिष्टाचारका शब्दहरु | तथा सम्बोधनका बारेमा छलफल गरी संवाद तथा नाटक गर्न लगाउने | गर्न लगाएर तथा अवलोकन गरेर | |
| | आफू रहेको टोल समुदायमा बसोबास गर्ने जातजातिका नाम भन्न | टोल समुदायको जातजातिको नाम | विद्यार्थीहरुलाई आ-आफ्नो जातजाति पहिचान गर्न लगाई छलफल गरी नाम भन्न लगाउने तथा शिक्षकले आवश्यक सहजीकरण गरिदिने | टोल समुदायका जातजातिको नाम भन्न लगाएर | |
| | माटाका भाँडाकुँडाहरुका नाम र काम भन्न | माटाका भाँडाकुँडाका नाम | विभिन्न किसिमका माटोबाट बनेका भाँडाकुँडाहरुको नाम तथा काम भएका चित्र तथा पोष्टरहरु प्रदर्शन गरी छलफल गराउने | माटाका भाँडाकुँडाका नाम तथा काम भन्न लगाएर | |
| | स्थानीय चाडपर्वका नाम भन्न र मनाउने समुदायको पहिचान गर्न | स्थानीय चाडपर्व र मनाउने समुदायको नाम | विद्यार्थीलाई उनीहरुले मनाउने चाडपर्वको नाम भन्न लगाउने र ती चाडपर्वमा गरिने क्रियकलाप, लगाइने पोशाक, खाइने परिकार तथा भेषभूषाका बारेमा छलफल गराई जानकारी दिने | स्थानीय चाडपर्वको नाम र मनाउने जातिको नाम भन्न लगाएर | |
| | स्थानीय भेषभूषाको सामान्य परिचय दिन | स्थानीय भेषभूषाको नाम | विद्यार्थीहरुलाई उनीहरुको समुदायमा लगाउने पोसाकबारे भन्न लगाउने र एक आपसमा छलफल गराउने | स्थानीय भेषभूषाको बारेमा सोधेर | |
| | स्थानीय लोकबाजा मध्ये कुनै एक बाजा बजाउने अभ्यास गर्न | स्थानीय लोकबाजा मध्ये कुनै एक बाजा बजाउने अभ्यास | विद्यार्थीहरुलाई आफ्नो गाँउ टोलमा बजाइने बाजाको नाम भन्न लगाउने तथा बाजा बजाई अवलोकन गर्न लगाउने र आवश्यकता अनुसार बजाउन सहजीकरण गरिदिने | बाजा बजाएको अवलोकन गरेर | |
| | समुदायमा बोलिने भाषाहरुको नाम भन्न | समुदायमा बोलिने भाषाको नाम | समुदायमा बोलिने भाषाहरुलाई प्रतिनिधित्व गर्ने चित्र तथा पोस्टरका माध्यमबाट छलफल गराउने | समुदायमा बोलिने आ- आफ्ना भाषाहरु अभ्यास गर्न लगाएर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. स्थानीय पेशा, व्यवसाय र प्रविधि | आफ्नो छरछिमेकमा प्रचलनमा रहेका सिप तथा पेसाहरुको नाम भन्न | छरछिमेकमा गरिने पेशाहरु | आवश्यकता अनुसार साना साना परियोजना कार्यहरु | स्थानीय स्तरका विभिन्न पेसा तथा सिपका नामहरु सोध्ने | १५ |
| | आफ्नो घरमा रहेका विभिन्न कृषि उपजहरुको नाम भन्न | वर्षभरि उत्पादन हुने अन्न, तरकारी तथा फलफुलहरुको नाम | आफ्नो समुदायमा रहेका पेशागत सिपहरुको अवलोकन गराएर | स्थानीय प्रविधिको महत्व र यसको सामान्य प्रयोगका विधिहरुबारे जानकारी लिने | |
| | दैनिक प्रयोगमा आउने हस्तकलाका वस्तुहरुको नाम भन्न र स्थानीय सिपबाट बनेका ढकिया (ढक्की), जाबा (मुखौरो) डिलिया, डेलवा, हाते पङ्खा (बेना), गुन्द्री परिचय दिन | दैनिक प्रयोगमा आउने हस्तकलाका वस्तुहरुको नाम जस्तैः ढकिया (ढक्की), जाबा (मुखौरो) डिलिया, डेलवा, हाते पङ्खा (बेना), गुन्द्री | गाउँघरमा उपलब्ध सामग्रीहरुको उपयोग गरी सामग्री निर्माण गर्ने तरिकाबारे स्थलगत रुपमा विद्यार्थीहरुलाई लगेर प्रत्यक्ष अवलोकन गराउने | स्थलगत अवलोकनका क्रममा देखेका वस्तुहरुको नामको सूची तयार गर्न लगाउने | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | घर तथा विद्यालयमा भएको फूलबारी तथावोटविरुवाहरुको हेरचाह गर्न। | घर तथा विद्यालयमा भएको फूलबारी तथा वोटविरुवाहरुको हेरचाह | बगैचाको चित्र तथा भिडियो प्रदर्शन गर्ने र बगैचाको परिचय दिने<br>विद्यालयमा बगैचा भए अवलोकन गराउने<br>फूलबारी तथा वोटविरुवाहरुको हेरचाह गर्न सिकाउने<br>आफ्नो वरिपरि हरियाली भएको ठाउँको नाम भन्न लगाउने | घर तथा विद्यालयमा भएको फूलबारी को बारेमा सोधेर<br>वोटविरुवाहरुको हेरचाह गर्ने तरिका बारे सोधेर<br>आफ्नो वरिपरि हरियाली भएको ठाउको नाम भन्न लगाएर | २६ |
| | विद्यालय, गाउघर, हरियाली तथा स्वच्छ बनाउने तरिका भन्न | विद्यालय, गाउघर, हरियाली तथा स्वच्छ बनाउने तरिका | आ–आफ्ना घरघरमा फूल तथा बोटविरुवाहरु रोप्न लगाउने<br>अवलोकनबाट कुहिने र नकुहिने फोहरहरुको | विद्यालयको बगैंचा तथा विद्यालय वरपर भएको हरियाली तथा स्वच्छ ठाउको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नाम पहिचान गर्न लगाउने | पहिचान गर्न लगाएर,<br>आफ्नो घर वरपर भएका बिरुवाको नाम भन्न लगाएर, | |
| | फोहोरमैलाको परिचय तथा प्रकार (कुहिने र नकुहिने) भन्न । | फोहोरमैलाको परिचय तथा प्रकार (कुहिने र नकुहिने) | कक्षाकोठा र विद्यालयको खेलमैदानको अवस्था अवलोकन गरी फोहोर हुने कारणहरुको पहिचान गर्न लगाउने | फोहोरमैला सम्बन्धी प्रश्नोत्तर गरेर । | |
| | घर, आँगन, विद्यालय, वरिपरिको वातावरण फोहोर हुने कारणको पहिचान गर्न । | घर, आँगन, विद्यालय, वरिपरिको वातावरण फोहोर हुने कारणको पहिचान | घर, आँगन, विद्यालय, वरिपरिको वातावरण फोहोर हुने कारण पत्ता लगाउनका लागि समूहगत छलफल गराउने | घर, आँगन, विद्यालय, वरिपरिको वातावरण फोहोर हुने कारण सोधेर | |
| | पानीका स्रोतका नाम भन्न | पानीका स्रोतका नाम | पानीका स्रोत पहिचान गर्न लगाई पानीका स्रोतहरुका जानकारी दिने तथा पानीका स्रोतको अवलोकन गराई सूची तयार गर्न लगाउने | पानीका स्रोतको नामहरु सोधेर | |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | बाढी र आगलागीको परिचय दिन | बाढी र आगलागीको परिचय | - चित्र तथा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी बाढी र आगलागीको परिचय दिने<br>- यस भन्दा अगाडी कहिँकतै विद्यार्थीहरुले देखेका भोगेका विपद्का घटनाहरुका बारेमा छलफल गर्न लगाउने र सोही छलफलका आधारमा बाढी आगलागीका बारेमा शिक्षकले प्रस्ट गर्ने<br>- बाढी र आगलागीबाट बच्नका लागि अवलम्बन गर्न सकिने उपायहरु के के हुनसक्दछन् , छलफल गराउने र टिपोट गर्दै लैजाने र त्यस माध्यमबाट सबैभन्दा महत्त्वपूर्ण | सम्बन्धित विषयवस्तुलाई समेटेर सोधिएका विषयगत प्रश्नहरु<br>जोडा मिलाउने प्रश्नहरु<br>खाली ठाँऊ भर्ने प्रश्नहरु<br>ठिक बेठिक छुट्टयाउने प्रश्नहरु | २० |
| | बाढी र आगलागीबाट बच्न अपनाईने सावधानीहरुका विधिहरु बताउन | बाढी र आगलागीबाट बच्न अपनाइने मुख्य विधिहरु | | | |
| | सडक दूर्घटनाको परिचय दिन<br>सडक सुरक्षाका लागि | सडक दूर्घटनाको परिचय | | | |
| | अपनाइने, सडकमा राखिएका सङ्केत र जेब्रा क्रसको अर्थ बताउन | सडक दूर्घटनाबाट बच्नका लागि प्रयोग गरिने ट्राफिक सङ्केत र जेब्रा क्रसको अर्थ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वा सबैभन्दा उपयुक्त विधिलाई महत्व दिने<br>सडकमा घटेका सवारी तथा अन्य दूर्घटनाको बारेमा छलफल गराउने र सडकमा भएका दूर्घटनाको CCTVका Footage, वृत्तचित्र, भिडियोहरुबाट जानकारी दिने<br>-सडक दूर्घटनाबाट सुरक्षित रहन ट्राफिक सङ्केत र जेब्रा क्रसको प्रयोगका सन्दर्भमा चिह्नको अर्थ सहित प्रस्ट्याईदिने<br>- ट्राफिक सङ्केतका बारेमा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी विद्यार्थीहरुलाई यसको महत्व र अर्थ प्रस्ट्याउने तथा ट्राफिक नियम अनुसार सडकमा यात्रा गर्न सिकाउने | | |
| ६. हाम्रो सम्पदा | आफ्नो घर र विद्यालय सेवाक्षेत्र भित्र रहेका सम्पदाहरुको नाम र अवस्थिती बताउन | आफ्नो घर र विद्यालयक्षेत्रभित्र रहेका मठमन्दिर, गुम्बा, मस्जिद, नदिनाला, तथा वनजंगलको नाम र स्थान | सम्पदाहरुको चित्र, पोष्टर, अवस्थिती सम्बन्धी नक्सा प्रर्दशन | सम्पदाको चित्र पहिचान<br>गर्न लगाउने र त्यसको अवस्थिती भन्न लगाउने | ५ |
| | | कृष्णसार संरक्षणक्षेत्रको सामान्य परिचय | सम्पदाहरुको प्रत्यक्ष अवलोकन | | |

# कक्षा ३

| क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको भौगोलिक अवस्थितिको सामान्य जानकारी दिन | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको भौगोलिक अवस्थितिको सामान्य जानकारी | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको नक्सामा भौगोलिक अवस्थिति पहिचान गर्न लगाउने | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिकाको भौगोलिक अवस्थिति पहिचान गर्न लगाएर | १८ |
| | गुलरिया नगरपालिकाभित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति भन्न | गुलरिया नगरपालिकाभित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति | गुलरिया नगरपालिकाको नक्सा प्रदर्शन गरी नगरपालिकाभित्रका मुख्य मुख्य सडकको नाम र अवस्थिति बारे छलफल गराउने | नगर क्षेत्रभित्र रहेका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति भन्न लगाएर | |
| | आफ्नो वडाभित्र रहेका सामुदायिक वनहरुको नाम र महत्त्व भन्न | आफ्नो वडाभित्र रहेका सामुदायिक वनहरुको नाम र महत्त्व | श्रव्यदृश्य सामग्रीको माध्यमबाट आफ्नो वडाभित्र रहेका सामुदायिक वनहरुको परिचय गराउने वा विद्यालय नजिकै रहेको सामुदायिक वनको भ्रमण गराई वनमा भएका वस्तुहरुको विवरण सङ्कलन गर्न लगाउने र सहयोग गर्ने र प्राप्त विवरणको आधारमा वनको महत्त्व सम्बन्धमा छलफल गराउने र महत्त्व प्रष्ट पार्ने | वडामा रहेका सामुदायिक वनहरुको नाम र महत्त्व भन्न लगाएर | |
| २. हाम्रो संस्कार, सँस्कृति र परम्परा | असल बानी र खराब बानी पहिचान गर्न | असल बानी र खराब बानीहरु | असल बानी र खराब बानीहरु झल्किने चित्रहरु प्रस्तुत गरी असल र खराब बानी छुट्टयाउन लगाई सोही बमोजिम सूची बनाउन लगाउने | असल र खराब बानी भन्न लगाएर | ४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय धार्मिक सम्पदाको नाम भन्न | स्थानीय धार्मिक सम्पदाहरुको नाम | स्थानीय स्तरमा अवस्थित विभिन्न धार्मिक सम्पदाहरुको बारेमा विभिन्न श्रव्यदृश्य सामग्री प्रस्तुत गरी जानकारी दिने | स्थानीय धार्मिक सम्पदाको बारेमा सोधेर | |
| | विभिन्न भाषा र भेषभूषाहरुको सूची तयार गर्न | विभिन्न भाषा तथा भेषभूषाका नाम | विभिन्न भाषा तथा भेषभूषाको बारेमा छलफल गरी शिक्षकको सहयोगमा सूची तयार पार्न लगाउने | विभिन्न भाषा तथा भेषभूषाका नाम सोधेर | |
| | स्थानीय लोकबाजा बजाउने अभ्यास गर्न | स्थानीय लोकबाजा बजाउने अभ्यास | स्थानीयस्तरमा उपलब्ध विभिन्न लोकबाजाहरु जस्तैः मादल,खैँजडी,ढोलक तथा अन्य लोकबाजाहरु संकलन गरी अभ्यास गराउने | बाजा बजाएको अवलोकन गरेर | |
| | नगरभित्र बोलिने भाषाहरु पहिचान गर्न | नगरभित्र बोलिने भाषाको नाम | शिक्षकले नगरभित्रका जातजाति तथा भाषाभाषीको श्रव्यदृश्य सामग्री प्रस्तुत गरी जानकारी गराउने | विभिन्न भाषामध्ये नगरभित्रका भाषाको पहिचान गर्न लगाएर | |
| | नगरभित्रका समुदायले लगाउने पोशाक पहिचान गर्न | नगरभित्रका समुदायले लगाउने पोशाकको नाम | विद्यार्थीहरुलाई उनीहरु तथा उनीहरुको अभिभावकले चाडपर्व तथा उत्सवहरुमा लगाउने विशेष पोशाकका बारेमा छलफल गराउने | अभिभावक तथा छरछिमेकले लगाउने पोशाकको नाम भन्न लगाएर | |
| ३. स्थानीय पेशा, व्यवसाय र प्रविधि | गाउँघरमा तयार गरिएका हस्तकलाका सामग्रीहरुको पहिचान गर्न | हस्तकलाका सामग्रीहरुजस्तैः (बेना), गुन्द्री, काठे हल माची, सरावन(हेँगा), डोकनी, चौकी बेलनाको निर्माण सम्बन्धी आधारभूत सिप | संभव भएसम्म स्थानीय रुपमा उत्पादित सामग्रीहरु घरबाट ल्याएर कक्षामा प्रस्तुत गर्ने र क्रमैसँग नाम लेख्न लगाउने, शिक्षकले सहजीकरण गरिदिने | स्थानीय प्रविधिको प्रयोगबाट बनेका सामग्रीहरुको नाम भन्न लगाएर | १८ |
| | स्थानीय स्तरमा उत्पादन हुने मौसमी | स्थानीय स्तरमा उत्पादन हुने | विद्यालयको नजिकमा गरिएको | गाउँघरमा उत्पादन गरिने तरकारी | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा वेमौसमी तरकारीहरुको पहिचान गरी महत्व भन्न | मौसमी तथा बेमौसमी तरकारीहरु | तरकारी खेतीको अवलोकन गराएर सम्बन्धित कृषकसँग कुराकानी गर्न लगाउने | तथा फलफूलहरुको नाम भन्न तथा उत्पादन हुने मौसमका बारेमा सोधेर | |
| | हस्तकलाका सामग्रीहरू गाउँघरमा उत्पादित वस्तुहरु विक्री गर्ने स्थानको परिचय दिन | स्थानीय हाटबजारको परिचय | स्थानीय हाट बजारको अवलोकन गराउने | हाट बजारमा के कस्ता सामग्रीहरु विक्री गरिन्छन् ?<br><br>सिकाइ उपलब्धि हासिल भए नभएकोबारेमा विषयवस्तुसँग केन्द्रित रहेर प्रश्नहरु सोधेर | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | हरियाली र स्वच्छ वातावरणको परिचय दिन | हरियाली र स्वच्छ वातावरणको परिचय | - बगैचाको चित्र तथा भिडियो प्रदर्शन गर्ने र बगैँचाको परिचय दिने<br>- स्वच्छ र सफा स्थानको चित्र प्रदर्शन गरी स्वच्छताको परिचय स्पष्ट पार्ने | हरियाली र स्वच्छ वातावरणसंग सम्बन्धित प्रशनोत्तर गर्ने | ३० |
| | विद्यालयमा बगैचाको आवश्यकता र महत्व भन्न, | विद्यालयमा बगैचाको आवश्यकता र महत्व | - विद्यालयमा बगैचा भए अवलोकन गराउने<br>- विद्यालयमा बगैचाको आवश्यकता र महत्व वारे भन्ने | विद्यालयमा बगैँचाको आवश्यकता र महत्व वारे प्रश्नहरु सोधेर | |
| | फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने) तथा व्यवस्थापन गर्ने तरिका भन्न | फोहोरमैलाको वर्गीकरण (कुहिने, नकुहिने ) व्यवस्थापन गर्ने तरिका | अवलोकनबाट कुहिने र नकुहिने फोहोरहरुको नाम पहिचान गर्न लगाउनेर ती फोहोरजन्य वस्तुहरुलाई कसरी व्यवस्थापन गर्न सकिन्छ ? प्रश्नोत्तर विधिबाट तरिकाहरु पहिचान गर्न लगाउनेसरसफाइ गर्दा वातावरण | फोहोरमैला व्यवस्थापन गर्दा गर्नुपर्ने कुराहरु भन्न लगाएर<br><br>घर तथा विद्यालय वरपर भएका फोहोरलाई कुहिने र नकुहिने रुपमा वर्गिकरण गर्न लगाएर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्वस्थ्य हुने एवम् रोगहरु नलाग्ने जस्ता फाइदा हुने कुरा भन्ने र छलफल गराउने<br><br>घर वरपर विद्यालय तथा समुदायस्तरमा सरसफाइ गरेको असल अभ्यासलाई श्रव्यदृश्य तथा चित्रको माध्यमबाट प्रष्ट पार्ने। यस्ता श्रब्यदृश्यलाईविद्यालयको आधिकारिक सामाजिक सञ्जालमा प्रकाशित गर्ने | फोहोरमैलाको व्यवस्थापनमा सहभागी भए नभएको अवलोकन गरेर<br><br>विद्यालयको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर | |
| | घर र विद्यालयको सरसफाइमा सहयोग गर्न, | घर र विद्यालयको सरसफाइमा सहयोग | घर तथा विद्यालय वरपर भएका जलस्रोतको उपयोग के–के काममा उपयोग गर्न सकिन्छ भन्ने बारे छलफल गर्ने | स्थानीय क्षेत्रमा भएका पानीका स्रोतको उपयोगको बारेमा भन्न लगाएर<br><br>घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर | |
| | घर र विद्यालयमा पानीका स्रोतको उपयोग<br><br>गर्ने तरिका भन्न। | घर र विद्यालयमा पानीका स्रोतको उपयोग<br><br>गर्ने तरिका | पानीलाई पिउन, खाना पकाउन, सफा गर्न, सिचाइ गर्न प्रयोग गर्न सकिने कुराको जानकारी दिदै पानीको मितव्ययी प्रयोगका बारेमा जानकारी दिने | पानीलाई आवश्यकता अनुसार घर तथा विद्यालयमा विभिन्न कार्यमा प्रयोग गरे नगरेको अवलोकन गरेर | |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | विपद्का स्वरुपहरु बताउन | विपद् र यसका स्वरुपहरु | विपद्का कारणहरुबारे छलफल गर्न लगाउने, छलफलमा उठेका विषयहरुलाई टिपोट गर्दै मानव सिर्जित हो या प्राकृतिक हो तालिका बनाई छुट्ट्याउन लगाउने आवश्यकता | विषयवस्तुमा आधारित प्रश्नहरु सोध्ने<br><br>जोडा मिलाउने प्रश्नहरु<br><br>खाली ठाँऊ भर्ने प्रश्नहरु | १८ |
| | बाढी र आगलागी हुने कारणहरु बताउन | बाढी र आगलागी हुने कारणहरु | | | |
| | जेब्रा क्रस, सडकमा बनाइएका | जेब्रा क्रस, सडकमा बनाइएका | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सङ्केतको अर्थ र सो अनुसारको प्रयोग गर्न | सङ्केतको अर्थ र प्रयोग | अनुसार शिक्षकले सहजीकरण गर्ने<br><br>बाढी र आगलागीका कारणहरु छलफल गर्ने, के-कस्ता कारणले गर्दा बाढी र आगलागीका घटना हुन्छन् भनी  विद्यार्थीहरुको भनाई टिपोट गरिदिने<br><br>सडकमा राखिएका ट्राफिक सङ्केत र सडक सङ्केतहरुको छलफल गराउने,दिइएका सङ्केतहरुको अर्थ र सोको निर्देशन के हो भनी छलफल गर्ने र एकआपसमा प्रश्नोत्तर गर्न लगाउने | | |
| ६.   हाम्रो सम्पदा | स्थानीय समुदायभित्र रहेकासम्पदा र पर्यटकीय स्थलहरुको पहिचान गरी सामान्य परिचय दिन | समुदाय भित्रका मठमन्दिर,गुम्बा, मस्जिद,चर्च, नदीनाला, पोखरी तथा वनजंगलको नाम र स्थान<br><br>समुदाय वरपर रहेका सम्पदाहरुको महत्व<br><br>कृष्णसार संरक्षणक्षेत्रको सामान्य परिचय, विशेषता | - प्रमूख सम्पदाहरुको चित्र, पोष्टर, अवस्थिती सम्बन्धी नक्सा, चार्टको प्रयोग गर्ने<br><br>- सम्पदाहरुको अडियो, भिडियो तथा वृतचित्र प्रयोग गर्ने | चित्र वर्णन,<br><br>सम्पदाहरुको चित्रद्वारा पहिचान गराउने,<br><br>जोडा मिलाउने,<br><br>मौखिक प्रश्नोत्तर, | ७ |

# कक्षा ४

| क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | गुलरियाको भौगोलिक अवस्था (सीमाना र क्षेत्रफल) भन्न | गुलरियाको भौगोलिक अवस्था (सीमाना र क्षेत्रफल) | - लुम्बिनी प्रदेशको नक्सामा गुलरिया नगरपालिकाको सीमाना पत्ता लगाउन लगाउने<br>- गुलरिया नगरपालिकाको क्षेत्रफल र सीमानाको जानकारी दिने | - लुम्बिनी प्रदेशको नक्सामा गुलरिया नगरपालिका पहिचान गर्न लगाएर<br>- गुलरिया नगरपालिकाको क्षेत्रफल तथा सीमाना भन्न लगाएर | ३१ |
| | नगरपालिका भित्रका वडाहरुको संख्या वडा कार्यालयहरुको ठेगाना भन्न | नगरपालिका भित्रका वडाहरुको संख्या वडा कार्यालयहरुको ठेगाना | गुलरिया नगरपालिकाको नक्सामा १२ वडाहरुको अवस्थिति देखाउने | - नगरपालिकाको नक्सामा वडाहरु पहिचान गर्न लगाएर<br>- वडाहरुको अवस्थिति वडाहरुको संख्या र वडा कार्यलयहरुको ठेगाना भन्न लगाएर | |
| | नगरपालिकाभित्रको जनसङ्ख्या (महिला र पुरुषको तथ्याङ्क भन्न) | नगरपालिकाभित्रको जनसङ्ख्या (महिला र पुरुषको तथ्याङ्क) | तथ्याङ्क प्रस्तुत गर्दै छलफल गर्ने | गुलरिया नगरपालिका भित्रको जनसङ्ख्या भन्न लगाएर | |
| | नगरपालिकाभित्रका मुख्य सडकहरु पहिचान गर्न | नगरपालिकाभित्रका मुख्य सडकहरु पहिचान | श्रब्यदृश्य सामग्री प्रदर्शन गरी मुख्य मुख्य सडकहरु पहिचान गराउने | नगरपालिका भित्रका मुख्य सडकहरुको नाम र अवस्थिति भन्न लगाएर | |
| | नगरपालिकामा आय आर्जनका लागि गरिने क्रियाकलापहरुको सूची तयार पार्न | नगरपालिकामा आय आर्जनका लागि गरिने क्रियाकलापहरु | - आय आर्जनका लागि आफ्नो घरमा के कस्ता व्यावसायिक क्रियाकलापहरु गरिने गरिएको छ भन्न लगाउने<br>- नगरपालिका भित्र कुन कुन कार्य गर्दा आर्थिक पक्षमा टेवा पुग्छ छलफल गर्न | नगरपालिकामा आय आर्जन गर्न गरिने कार्यहरु र आम्दानीका मुख्य मुख्य स्रोतहरु भन्न लगाएर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लगाउने | | |
| २. हाम्रो संस्कार, सँस्कृति र परम्परा | आ-आफ्ना नातेदारहरुको नाम ठेगाना र रीतिरिवाज भन्न | आ-आफ्ना नातेदारको नाम ठेगाना तथा रीतिरिवाजको नाम | विद्यार्थीहरुलाई आफ्नो नातेदार, तिनीहरुको नाम ठेगाना तथा रीतिरिवाजको बारेमा अभ्यासमूलक छलफल गराउने | नातेदारका नाम ठेगाना तथा रीतिरिवाज सोधेर | ३१ |
| | सामाजिक शिष्टाचार तथा नियमहरु पालना गर्न | सामाजिक शिष्टाचार तथा नियमहरु | विद्यार्थीहरुलाई समाजका विशिष्ट व्यक्तिहरुसँग गरिने शिष्टाचार तथा नियम सम्बन्धी संवाद , नाटक आदिका माध्यमबाट छलफल गराउने | सामाजिक शिष्टाचार तथा नियम पालना सम्बन्धी अवलोकन गरेर | |
| | आफूले मनाउने चाडपर्व (दशैँ, तिहार, माघी, ईद,छठ, ल्होसार, रमजान, मोहर्रम, तीज, क्रिस्मस डे, करुवाचौथ, जितिया, विवाह पञ्चमी, भौंरी, गुडिंया, रक्षाबन्धन,,सकट, सेतुवा) आदिको परिचय दिन | आफूले मनाउने चाडपर्व (दशैँ, तिहार,माघी, ईद, छठ, ल्होसार, रमजान, मोहर्रम, तीज, क्रिस्मस डे, करुवाचौथ, जितिया, विवाह पञ्चमी, भौंरी, गुडिंया, रक्षाबन्धन,,सकट, सेतुवा) आदिको परिचय | विद्यार्थीहरुलाई आफूले मनाउने चाडपर्वहरुको सूची बनाउन लगाई श्रव्य दृश्य माध्यमबाट छलफल गराई विद्यार्थीले मान्ने चाडपर्वमा गरिने मुख्य क्रियाकलापहरु भन्न लगाई र सामान्य परिचय सहित छलफल गराउने | चाडपर्वमा गरिने क्रियाकलापहरुको बारेमा सामान्य परिचय भन्न लगाएर | |
| | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक तथा धार्मिक अवस्थाको परिचय दिन | नगरपालिका भित्रको सामाजिक, साँस्कृतिक तथा धार्मिक अवस्थाको परिचय | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक तथा धार्मिक अवस्थाको बारेमा चित्र, पोस्टर तथा श्रव्यदृश्यका माध्यमबाट छलफल गराई जानकारी दिने | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक तथा धार्मिक अवस्थाको बारेमा सोधेर | |
| | आफ्नो सममुदायमा जन्म तथा मृत्यु संस्कारको परिचय दिन | आफ्नो समुदायमा जन्म तथा मृत्यु संस्कारको परिचय | विद्यार्थीहरुलाई आफ्नो घर तथा समुदायमा जन्म तथा मृत्युमा गरिने संस्कारहरुकाबारेमा छलफल गराउने यसमा आवश्यकता अनुसार स्थानीय धर्मगुरुहरुको सहयोग लिने | जन्म तथा मृत्यु संस्कारका बारेमा सोधेर | |
| ३. स्थानीय पेशा व्यवसाय र | आफ्नो टोल समुदायका मानिसहरुले आय आर्जनका | टोल समुदायका मानिसहरुले आय | स्थानीय मानिसहरुले आय आर्जनका लागि गरिरहेका कामहरुको बारेमा जानकारी गराउँदै | स्थानीय रुपमा आय आर्जनका लागि गरिने कामहरुबारे सोधेर | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रविधि | लागि गर्ने कामहरु भन्न | आर्जनका लागि गर्ने कामहरु | अभिभावकहरुले आय आर्जनका लागि गरिरहेका स्थानीय पेसाहरुबारे छलफल गराउने | | |
| | परम्परागत पुख्र्यौली सिपको प्रयोगबाट बनाइएका वस्तुहरु | पुख्र्यौली सिप र स्थानीय सामग्रीहरुको प्रयोगद्वारा निर्माण गरिने सामग्रीहरु र तीनको प्रयोगबारे छलफल गराउने (हेल्का, डिलिया (झप्कनिया), खैंचा, गैंजा मटका, टोकरी (झौवा) जाल आदि) यस्तै अन्य सामग्रीहरुको नाम र काम भन्न लगाउने | संभव भएसम्म घरबाट स्थानीय पुख्र्यौली सिपबाट बनेका सामग्रीहरु कक्षामा ल्याउन लागाएर प्रदर्शन गरी नाम र प्रयोगबारे जानकारी दिने | परापूर्व कालदेखि प्रयोग गरिँदै आएका सिपहरुबाट बनाइएका सामग्रीहरुको नाम भन्न लगाएर | |
| | मौसमी तथा बेमौसमी रुपमा गाउँघरमा उत्पादन गरिने कृषि उपजहरुको पहिचान गरी यसको महत्व भन्न | मौसमी तथा बेमौसमी रुपमा गाउँघरमा उत्पादन गरिने कृषि उपज | विद्यालयको नजिकमा गरिएको तरकारी खेतीको अवलोकन गराउने | मौसमी र बेमौसमी कृषि उपजहरुको नाम सोधेर<br>कृषि उपजहरुको चित्र बनाउनलगाएर | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | हरियाली र स्वच्छ नगर हुनुको फाइदा भन्न | हरियाली र स्वच्छ नगर हुनुको फाइदा | शिक्षक विद्यार्थीविचको अन्तरक्रियाबाट हरियाली वातावरणबाट हुने फाइदाहरुको पहिचान गर्ने | हाम्रो घरआँगन हरियाली र स्वच्छ भएमा कस्तो महसुस हुन्छ भनी प्रश्न गर्ने | ३० |
| | हरियाली र स्वच्छ नगर बनाउने उपाय भन्न | हरियाली र स्वच्छ नगर बनाउने उपाय | आफ्नो वस्ती वरपर स्वच्छ वातावरण भएमा हामीलाई के-कस्ता फाइदाहरु हुन्छन् ? भनी स्पष्ट पार्ने<br>नगरलाई हरियालीमय र स्वच्छ बनाउने तरीकाहरु खोजी गर्न परियोजना कार्य दिने | नगरलाई हरियाली र स्वच्छ बनाउन के गर्नु पर्ला भनी सोध्ने | |
| | फोहोरमैलाले स्थानीयस्तरमा | फोहोरमैलाले | घर, विद्यालय,अस्पताल,कारखानाबाट निस्कने | घर,विद्यालय,अस्पताल,कारखानाबाट | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पारेको असर भन्न | स्थानीयस्तरमा पारेको असरको पहिचान | फोहरले स्थानीयस्तरमा पारेको असर (स्वास्थ्य,वातावरण, कृषि आदि ) सम्बन्धमा श्रव्यदृश्य सामग्री आदिको माध्यमबाट छलफल गराउने | निस्कने फोहरले स्थानीयस्तरमा पारेको असर (स्वास्थ्य,वातावरण, कृषि आदि) बारे भन्न लगाएर | |
| | फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्न | फोहोरमैलाको वर्गीकरण (जस्तैः ठोस र तरल) र व्यवस्थापन | घर,विद्यालय,अस्पताल,कारखाना,विकास निर्माण आदिबाट हुने फोहरलाई वर्गीकरण गर्न लगाउने र ती फोहरलाई सामान्यतया ठोस ( कुहिने र नकुहिने ),तरल र ग्यास गरी तीन समुहमा वर्गिकरण गर्न सकिने कुरा भन्नेयी विभिन्न माध्यमबाट उत्पन्न हुनेफोहरहरुलाई उचित तरिकाले विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा भन्ने र व्यवस्थापन गर्ने तरिका भन्ने | फोहरमैलाको वर्गीकरण बारे प्रश्न गर्ने<br><br>यस्ता फोहरहरुलाई कसरी विसर्जन गर्न सकिन्छ ? भनी सोध्ने | |
| | नगरपालिका क्षेत्रमा भएको जलस्रोतको परिचय दिन र प्रयोग गर्न। | नगरपालिका क्षेत्रमा भएको जलस्रोतको परिचय र प्रयोग | नगरपालिकाभित्र भएको पानीका स्रोतहरुको अवलोकन गराई तिनीहरुको परिचय (प्राकृतिक , कृत्रिमवर्षा, कुवा, नदी ) गराउने<br><br>नगरपालिकाभित्र भएको पानीका स्रोतहरुको उपयोग कहाँ र कसरी गर्न सकिन्छ भन्ने बारे छलफल गराउने<br><br>पानीलाई पिउन, खाना बनाउन, सफा गर्न, सिचाई गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्ने<br><br>उपलब्ध पानीलाई मितब्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने | नगरपालिकाभित्र भएको जलस्रोतको उपयोग भन्न लगाएर<br><br>पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर<br><br>पानीको प्रयोग सम्बन्धी प्रश्नहरु सोधेर | |
| ५. विपद् , सावधानी र | विपद् (बाढी/आगलागी) को समयमा तत्काल गर्नुपर्ने कार्यहरु | -बाढी र आगलागीको समयमा तत्काल गर्नुपर्ने | - बाढी र आगलागीको समयमा तत्काल गर्नुपर्ने कार्यहरु के के हुनसक्छन्, | - बाढीको समयमा तत्काल अपनाउनुपर्ने सावधानीहरु के के हुन | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| सुरक्षा व्यवस्थापन | बताउन<br>विपदबाट हुने असरहरु भन्न<br>सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु भन्न | कार्यहरु<br>-बाढी र आगलागीबाट हुने असरहरु<br>- सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु | छलफल गराउँदा प्राप्त भएका कुराहरु बुँदागत रुपमा टिपोट गर्ने र छुटेका बुँदाहरुलाई शिक्षकले थप गरी सहजीकरण गरिदिने<br>- विपद्(बाढी/पहिरो) पश्चात् समुदायमा देखिने स्वास्थ्य शिक्षा र आर्थिक क्षेत्रमा पर्ने असरहरुका बारेमा भन्न लगाउने र छलफल गर्ने<br>- सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु के के हुन् ? छलफल गर्न लगाउने र टिपोट गर्दै जाने<br>- विषयवस्तुसँग सम्बन्धित श्रव्यदृश्य सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराउने | सक्छन् ?<br>- आगलागीको समयमा अपनाउनुपर्ने सावधानीहरु के के हुन सक्छन् ?<br>- विपद् पश्चात स्वास्थ्यमा पर्ने असरहरु के के हुन सक्छन् ?<br>- सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु के के हुन् ?<br>- सम्बन्धित विषयवस्तुमा प्रश्नहरु तयार गरी खाली ठाँऊ भर्ने, जोडा मिलाउने प्रश्नहरु सोध्ने | |
| ६. हाम्रो सम्पदा | आफ्नो वडामा अवस्थित सम्पदाहरुको सामान्य परिचय दिन | वडाक्षेत्रभित्रका प्राकृतिक तथा ऐतिहासिक सम्पदा, चौतारा, मेला, जात्रा, चाडपर्व तथा पर्यटकीय सम्पदाहरुको परिचय, महत्व, संरक्षण र विकास<br>कृष्णसार संरक्षणक्षेत्रको सामान्य परिचय, विशेषता र पर्यटकीय तथा वातावरणीय महत्व | - प्रमुख सम्पदाहरुको चित्र, पोस्टर, अवस्थिति सम्बन्धी नक्सा, चार्टको प्रयोग गर्ने<br>- सम्पदाहरुको अडियो, भिडियो तथा वृत्तचित्र प्रयोग गर्ने<br>- सम्पदाहरुको अवलोकनका आधारमा प्रश्नोत्तर गराउने | चित्र वर्णन,<br>सम्पदाहरुको चित्रद्वारा पहिचान गराउने,<br>जोडा मिलाउने, ठीक बेठीक छुट्याउने<br>लिखित तथा मौखिक प्रश्नोत्तर | ६ |

## कक्षा ५

| क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | गुलरिया नगरपालिकाको नामाकरणको बारेमा बताउन | नगरपालिकाको नामाकरण | - नगरपालिकाको नाम गुलरिया रहनुको कारण भन्ने<br>- समुदायका जेष्ठ सदस्य, विद्वान तथा जानकार व्यक्तिलाई स्रोतव्यक्तिको रुपमा आमन्त्रण गरी नगरपालिकाको नामाकरणको इतिहास बारेमा छलफल गर्ने | - नगरपालिकाको नाम गुलरिया रहुनुको कारण सोधेर | २४ |
| | आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थानहरु देखाउन | आफू बस्ने वडाको नक्साकोर्न र नक्सामा मुख्य मुख्य स्थानहरु | नक्सा कोर्न सिकाउँदै नगरपालिकाको नक्सामा देखाइएका वडाहरुको सीमाना र मुख्य मुख्य स्थानहरुबारे छलफल गराउने | नक्सा कोरेको अवलोकन गरेर | |
| | नगरपालिका भित्रका वडा अनुसारको जनसङ्ख्या भन्न | नगरपालिका भित्रका वडा अनुसारको जनसङ्ख्या | उपलब्ध सन्दर्भ सामग्री प्रयोग गर्दै वडाअनुसारको जनसङ्ख्या प्रस्तुत गरी छलफल गर्ने | वडाअनुसारको जनसङ्ख्या भन्न लगाएर | |
| | नगरपालिकाको आयस्रोत पहिचान गर्न | नगरपालिकाको आयस्रोत | नगरपालिकाका जिम्मेवार व्यक्तित्त्वहरुलाई आमन्त्रण गरी नगरपालिकाको आम्दानीका स्रोतहरु बारे भन्न लगाउने | नगरपालिकाको मुख्य आयस्रोत भन्न लगाएर | |
| २. हाम्रो संस्कार, सँस्कृति र परम्परा | आफ्नो समुदायमा जन्म तथा मृत्यु संस्कारको परिचय दिन र महत्त्व भन्न | आफ्नो समुदायमा जन्म तथा मृत्यु संस्कार | विद्यार्थीहरुलाई आफ्नो घर तथा समुदायमा जन्म तथा मृत्यु पश्चात गरिने संस्कारका बारेमा छलफल गराई श्रव्यदृश्य सामग्रीका माध्यमबाट ती संस्कारहरु प्रदर्शन गरी परिचय तथा महत्त्वबारे जानकारी दिने | जन्म तथा मृत्यु संस्कारको परिचय तथा महत्त्व सोधेर | २९ |
| | ब्रतबन्ध/मुण्डन तथा विवाह संस्कार (जन्ती, बरात, पैपुज्जी) | ब्रतबन्ध/मुण्डन तथा विवाह संस्कार (जन्ती, बरात, | ब्रतबन्ध/मुण्डन तथा विवाह संस्कार झल्किने विभिन्न श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गरी सो सम्बन्धी परिचय दिँदै संस्कारमा गरिने | ब्रतबन्ध/मुण्डन तथा विवाह संस्कार(जन्ती, बरात, पैपुज्जी) बारे परिचय तथा महत्त्व | |

| | | | | | |
|---|---|---|---|---|---|
| | को परिचय दिन र महत्त्व भन्न | पैपुज्जी) | क्रियाकलापबारे छलफल गराई यिनको महत्त्वबारे जानकारी दिने | सोधेर | |
| | कृष्ण जन्माष्टमी, गुरुपूर्णीमा (व्यास जयन्ती, भौंरी), अट्वारी, अनत्तर (अनन्त चतुर्दशी), करुवा चौथ, रमजान लगायतका पर्वको परिचय दिन तथा महत्त्व भन्न | कृष्ण जन्माष्टमी, गुरुपूर्णीमा (व्यास जयन्ती, भौंरी)अट्वारी, अनत्तर (अनन्त चतुर्दशी), करुवा चौथ, रमजान | कृष्ण जन्माष्टमी, गुरुपूर्णीमा (व्यास जयन्ती, भौंरी) अट्वारी, अनत्तर (अनन्त चतुर्दशी), करुवा चौथ, रमजान मनाउने विभिन्न किसिमका चित्र तथा श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन र अभिनय गर्न लगाई सो पर्वमा गरिने क्रियकलापबारे छलफल गराई यिनको महत्त्वबारे जानकारी दिने | कृष्ण जन्माष्टमी, गुरुपूर्णीमा (व्यास जयन्ती, भौंरी) अट्वारी, अनत्तर (अनन्त चतुर्दशी), करुवा चौथ,रमजान पर्वको परिचय तथा महत्त्व सोधेर | |
| | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक, धार्मिक तथा समुदायगत अवस्थाको महत्त्व भन्न | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक, धार्मिक तथा समुदायगत अवस्था | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक, धार्मिक तथा समुदायगत अवस्था झल्किने विभिन्न श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गरी छलफल गराउने | नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक, धार्मिक तथा समुदायगत अवस्थाको महत्त्वबारे सोधेर | |
| | नगरपालिकाभित्रका प्रचलित रीतिरिवाज र परम्पराको महत्त्व भन्न | नगरपालिकाभित्रका प्रचलित रीतिरिवाज र परम्परा | नगरपालिकाभित्रका प्रचलित रीतिरिवाज र परम्पराहरुको सूची तयार गरी कक्षाकोठामा प्रदर्शन गर्न लगाई समूहगत रुपमा छलफल गराउने | नगरपालिकाभित्रका प्रचलित रीतिरिवाज र परम्पराको महत्त्व भन्न लगाएर | |
| ३. स्थानीय पेशा, व्यवसाय र प्रविधि | परम्परागत हस्तकलाबाट बनाइने बस्तुहरुको नाम सहित पहिचान गर्न | परम्परागत हस्तकलाबाट बनाइने बस्तुहरु जस्तैः बिर्रा, डेहेरी, चुल्हो, ढिकी, जाँतो (चकिया), ओखली मुसल (पाहारुवा), सिलौटो, आदिको नाम सहित पहिचान | परम्परगत सिपमा आधारित रहेर कुँदेर वा खोपेर ढुङ्गा तथा काठबाट सामग्रीहरु निर्माण गर्दै गरिएका भिडियो सामग्री प्रस्तुत गर्ने वा स्थानीय स्तरमै उपलब्ध भएमा अवलोकन गराउने। | सम्बन्धित क्रियाकलापमा आधारित रहेर प्रश्नहरु सोधेर वा उनीहरुलाई स–साना नमूनाहरु तयार गर्ने परियोजना कार्य दिएर | १७ |
| | कृषि उत्पादनसँग सम्बन्धित सामान्य सिपको बारेमा भन्न | खेतको तयारी आली लगाउने, जोत्ने, माटोको तयारी तथा उपचार, पानीको व्यवस्था, मल तथा | खेतबारीमा बाली लगाउनु पहिले गरिने वा गर्नुपर्ने तयारीका बारेमा छलफल गर्ने | खेतबारीमा खेती गर्नुपहिले के के तयारीहरु गर्नु पर्दछ ? चरणवद्ध रुपमा लेख्न वा भन्न लगाएर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बीउ बिजन | | | |
| | मौसमी तथा बेमौसमी कृषि उत्पादनहरुको बजारीकरण र भण्डारणबारे जान्न | उत्पादित कृषि उपजहरु बजारमा विक्री तथा भण्डारण | कृषि उपजहरु र यसको भण्डारणको महत्वबारे बुझाउने | कृषि उपजहरु भण्डारण गर्नुको महत्व सोधेर | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | नगरपालिकामा पाइने हरियाली क्षेत्रको महत्व वर्णन गर्न, | नगरपालिकामा पाइने हरियाली क्षेत्रको महत्व | नगरपालिकामा पाइने हरियाली क्षेत्रको महत्व वारे छलफल गर्ने<br>विद्यालयभित्र तथा विद्यालय वरपर वृक्षारोपण कार्यमा सहभागी गराउने | नगरपालिकामा पाइने हरियाली क्षेत्रको महत्व भन्न लगाएर<br>विद्यालयको वृक्षारोपण कार्यमा सहभागी भए नभएको अवलोकन गरेर | २९ |
| | बालबगैंचा र वृक्षारोपणमा सहभागी हुन | बालबगैचा र वृक्षारोपणमा सहभागी | विद्यार्थीहरुलाई बालबगैचा निर्माणमा सहभागी गराउने | विद्यालयको बालबगैचा निर्माणमा सहयोग गरे नगरेको अवलोकन गरेर | |
| | नगरपालिका क्षेत्रमा पाइने हरियाली क्षेत्रको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न | नगरपालिका क्षेत्रमा पाइने हरियाली क्षेत्रको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान | नगरपालिका क्षेत्रमा पाइने हरियाली क्षेत्रको संरक्षणमा विद्यार्थीको भूमिका पहिचान गर्न लगाउने<br>हरियाली क्षेत्रको संरक्षणमा विद्यार्थीको भूमिका शीर्षकमा वक्तृत्कला प्रतियोगिता गराउने | हरियाली क्षेत्रको संरक्षणमा विद्यार्थीको भूमिका वारे छोटो लेख लेख्न लगाएर | |
| | स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायको खोजी गर्न | स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायको खोजी(जस्तै कम प्रयोग गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रण गर्ने) | विद्यालय तथा स्थानीय क्षेत्रमा भएको फोहरमैला व्यवस्थापनका उपायहरुको खोजी ( जस्तै कम प्रयोग गर्ने, पुन प्रयोग गर्ने र पुन चक्रण गर्ने ) गरी छलफल गराउने | घर तथा विद्यालयबाट निस्केका फोहरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गरेर | |
| | नगरपालिका क्षेत्रमा भएका जलस्रोतको प्रदुषणको कारण र असर पहिचान गर्न | नगरपालिका क्षेत्रमा भएको जलस्रोत प्रदुषणको कारण र असर पहिचान | जलप्रदुषणका बारेमा मष्तिष्क मन्थन गराउने र असर भन्न लगाउने | जलप्रदुषण हुने कारणहरु भन्न लगाएर<br>जलप्रदुषणबाट देखिएका असरहरु भन्न लगाएर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | विपद् (हावाहुरी/ आँधी, बाढी, आगलागी) बाट बच्ने उपायहरु बताउन तथा अवलम्बन गर्न | हावाहुरी/आँधी,बाढी र आगलागीबाट बच्ने उपायर अवलम्बन गर्ने तरिका | - हावाहुरी/आँधी, बाढी र आगलागीबाट बच्ने उपायहरु के के हुनसक्दछन्, क्रमैसँग छलफल गराउने, विद्यार्थीहरुले भनेका उपायहरु बुँदागत टिपोट गरी शिक्षकले आवश्यकता अनुसार सहजीकरण गरी बोध गराउने<br>- बोध गरिएका कुराहरुलाई आफ्नो जीवनमा अवलम्बन गर्न प्रेरित गर्ने<br>- सडकमा प्रयोग हुने ट्राफिक चिन्हको पोस्टर प्रयोग गरी सबै चिन्हको अर्थका बारेमा छलफल गराई पहिचान गर्न नसकेका ट्राफिक सङ्केतलाई शिक्षकले सहजीकरण गरिदिने<br>- विपद् व्यवस्थापनमा अभिभावकको भूमिकाका बारेमा छलफल गरी महत्त्वपूर्ण कुराहरुलाई टिपोट गर्ने | - सम्बन्धित उद्देश्य पूरा गर्न विषयवस्तुसँग सम्बन्धित प्रश्नहरु तयार गरी मूल्याङ्कन गर्ने<br>- जोडा मिलाउने<br>- खाली ठाँऊ भर्ने<br>- ठिक बेठिक छुट्याउने<br>- उद्देश्य हासिल भए वा नभएको मौखिक रुपमा प्रश्नहरु सोधेर | १७ |
| | विपद्को समयमा अभिभावकको भूमिका बताउन | विपद्को समयमा अभिभावकको भूमिका | | | |
| | ट्राफिक चिह्न र सङ्केतको पहिचान तथा अर्थ बताउन | ट्राफिक चिन्ह र सङ्केतको पहिचान र सोको अर्थ | | | |
| ६. हाम्रो सम्पदा | नगरक्षेत्रभित्रका सम्पदा संरक्षण र यसको विवेकशील प्रयोगमा अग्रसर हुन | गुलरिया नगरपालिका क्षेत्रभित्रका सम्पदाहरुको परिचय, महत्व र संरक्षणका उपायहरु | - सम्पदाहरुको क्षेत्रभ्रमण गराउने<br>- सम्पदाहरुकाबारेमा बनाइएका श्रव्यदृष्य सामग्रीहरुको प्रदर्शन गर्ने<br>- छलफल गराउने | चित्र वर्णन, सम्पदाहरुको चित्रद्वारा पहिचान गराउने, जोडा मिलाउने, लिखित तथा मौखिक प्रश्नोत्तर, खाली ठाँउ भर्ने | १२ |
| | कृष्णसारको महत्व रसंरक्षणका उपायहरु बताउन | कृष्णसार संरक्षण क्षेत्रका लागि गरिएका संरक्षण र विकासका प्रयास तथा कामहरु | | | |

## कक्षा ६

| क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | नगरपालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थानहरु देखाउन | नगरपालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थानहरु | - नक्सा कोर्ने सरल विधी (वर्ग, ग्राफ, ट्रेसिङ, टेम्प्लेट आदि) को प्रयोग गरी नगरपालिकाको नक्सा कोर्न अभ्यास गराउने<br>- नक्सामा नगरपालिकाको मुख्यमुख्य स्थान देखाउने र संकेत गर्ने तरिका सिकाउने तथा अभ्यास गराउने | नगरपालिकाको नक्सा कोर्न लगाई मुख्यमुख्य स्थान देखाएको र संकेत गरेको अवलोकन गरेर | २६ |
| | वडा कार्यालयहरुबाट प्रदान गरिने सेवासुविधाहरुको बारेमा बताउन | वडा कार्यालयहरुबाट प्रदान गरिने सेवासुविधाहरु | वडा कार्यालयबाट जनप्रतिनिधि वा कर्मचारीहरुलाई आमन्त्रण गरी वडा कार्यालयले प्रदान गर्ने सेवाहरुको बारेमा स्रोत कक्षा लिन लगाउने | वडा कार्यालयले प्रदान गर्ने सेवाहरु भन्न लगाएर | |
| | नगरभित्र रहेका सुरक्षा निकाय र तिनीहरुको अवस्थिति र सेवाहरुबारे जानकारी लिन | नगरभित्र रहेका सुरक्षा निकाय र तिनीहरुको अवस्थिति | सुरक्षा निकायका प्रतिनिधिलाई आमन्त्रण गरी सुरक्षा निकायहरुको अवस्थिति र उक्त निकायले प्रदान गर्ने सेवाको जानकारी गराउन लगाउने | सुरक्षा निकायले प्रदान गर्ने सेवाहरुको बारेमा भन्न लगाएर | |
| | आ-आफ्नो वडाले शिक्षा, युवा तथा बालबालिकाको लागि तय गरेका कार्यक्रमहरुका बारेमा जानकारी हासिल गर्न | आ-आफ्नो वडाले शिक्षा, युवा तथा बालबालिकाका लागि तय गरेका कार्यक्रमहरु | आ-आफ्नो वडा कार्यालयको भ्रमण गराई वडाले शिक्षा, युवा तथा बालबालिकाका लागि तय गरेका कार्यक्रमहरुको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने | आ-आफ्नोवडाले शिक्षा, युवा तथा बालबालिकाका लागि तय गरेका कार्यक्रमहरु समावेश गरी प्रतिवेदन तयार गर्न लगाएर | |
| | नगरपालिकाका जनप्रतिनिधिहरुको पद र नाम भन्न | नगरपालिकाका जनप्रतिनिधिहरुको पद र नाम | - नगरपालिकाका जनप्रतिनिधिहरुको पद र नामलाई चार्टमा प्रस्तुत गरी कक्षामा टाँस गर्न लगाउने | नगरपालिकाका जनप्रतिनिधिहरुको पद र नाम भन्न लगाएर | |
| २. हाम्रो संस्कार, | आफ्नो समुदायको भेषभूषा र | आफ्नो समुदायको भेषभूषा | विद्यार्थीहरुलाई आफूले मनाउने चाडपर्व तथा | आफ्नो समुदायको भेषभूषा र चाडपर्वको | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| सँस्कृति र परम्परा | चाडपर्वको संक्षिप्त परिचय दिन | र चाडपर्वको संक्षिप्त परिचय | भेषभूषाका बारेमा छलफल गर्न लगाई सो चाडपर्वको बारेमा संक्षिप्त परिचयसहित जानकारी दिने | परिचय सोधेर | |
| | धार्मिक/पुरतात्त्विक स्थलहरुको परिचय दिन | धार्मिक/पुरतात्त्विक स्थलहरुको नाम तथा परिचय | धार्मिक तथा पुरात्तात्त्विक स्थलहरुका बारेमा विद्यालयको सेवाक्षेत्रभित्र पर्ने धार्मिक तथा पुरातात्त्विक स्थलहरुको लघु शैक्षिक भ्रमण गराई स्थलगत रुपमा जानकारी दिने | धार्मिक/पुरतात्त्विक स्थलको परिचय दिन लगाएर | |
| | समुदायमा प्रचलित लोकगीतहरुबारे जानकारी लिई आफ्नो समुदायका लोकगीत गाउन | समुदायमा प्रचलित लोकगीतहरुको परिचय | समुदायमा प्रचलित लोकगीतहरुका श्रव्यदृश्य कक्षामा प्रस्तुत गर्दै एकल तथा सामुहिक रुपमा अभ्यास गर्न लगाउने अवश्यकता अनुसार समुदायबाट विज्ञ व्यक्तिहरु कक्षामा उपस्थित गराउने | समुदायमा प्रचलित लोकगीत गाउन लगाएर | |
| | समुदायमा प्रचलित लोकगीतहरुबारे जानकारी लिई आफ्नो समुदायका लोकगीत गाउन (जोडी नाच, बिरहा, बैंड बाजा, लिल्ली घोडी, विवाह गीत, माँगर, सोहर गीत) | समुदायमा प्रचलित लोकगीत गाउन (जोडी नाच, बिरहा, बैंड बाजा, लिल्ली घोडी, विवाह गीत, माँगर, सोहर गीत), लोकबाजा बजाउन तथा लोकनृत्य प्रदर्शन | समुदायमा प्रचलित लोकगीत, लोकबाजा र लोकनृत्यको प्रदर्शन गर्ने र अभ्यास गराउनेयसका लागि विज्ञ व्यक्तिहरु विद्यालयमा उपस्थित गराएर सामूहिक रुपमा प्रशिक्षणमूलक कार्यक्रमको आयोजना गर्ने | समुदायमा प्रचलित लोकगीत गायन गरी लोकबाजा र लोकनृत्य एकसाथ प्रदर्शन गर्न लगाएर | |
| | बालविवाहबारे परिचय दिन | बालविवाहको परिचय | बालविवाह र यसले समग्र मानव जीवन र समुदायमा पार्ने नकारात्मक प्रभावबारे शिक्षकको सहयोगमा समाजका अनुभवी व्यक्तित्वहरुबाट कक्षामा उत्प्रेरणात्मक तथा सचेतनामूलक छलफल गराउने | बालविवाहको परिचय सोधेर | |
| ३. स्थानीय पेशा, व्यवसाय र | परम्परागत हस्तकलाबाट बनाइएका सामग्रीहरुको नाम भन्न | परम्परागत हस्तकलाबाट बनाइएका सामग्रीहरु दुना टपरी, चटाई, स्याखु, | संभव भएसम्म परम्परागत हस्तकलाबाट तयार गरिएका सामाग्रीहरुको संकलन गरी प्रत्यक्ष जानकारी दिने वा श्रव्यदृश्यका माध्यमबाट | सम्बन्धित सिकाइ उपलब्धि हासिल भए नभएको सम्बन्धमा परम्परागत हस्तकलाका | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रविधि | र प्रयोग गर्न | छतरी), हेल्का, सेउखा, ढडिया आदिको नाम भन्न र प्रयोग | छलफल गराउने | सामग्रीहरुबारे सोधेर | |
| | धातुबाट बनाइने उपयोगी बस्तुहरुको निर्माण, प्रयोग तथा महत्व बताउन | धातुका गरगहना तथा मूर्तिहरु बनाउने पेसा | परापूर्वकालदेखि नै धातुका मूर्ती तथा गरगहनाहरु बनाइने गरिएको जानकारी दिँदै कक्षामा यसको महत्वका बारेमा छलफल गर्ने | धातुका गरगहनाहरुको महत्वबारे बताउनुहोस् । | |
| | स्थानीय रुपमा सञ्चालन गरिएका व्यावसायिक कृषि फर्महरुबारे बताउन | स्थानीय रुपमा सञ्चालन गरिएका व्यावसायिक कृषि फर्महरुको अवलोकन | विद्यालयको नजिकमा रहेका एकल तथा सामुहिक कृषि फर्महरुको अवलोकन गराएर परियोजना कार्य दिने | परियोजना कार्य गराएर | |
| ४. हरियाली विद्यालयर स्वच्छ नगर | नगर क्षेत्र हरियाली र स्वच्छ राख्न र यसको महत्व भन्न | हरियाली र स्वच्छ नगर तथा यसको महत्व | हरियाली प्रवर्द्धनको महत्व वारे तस्बीर तथा भिडियो सामग्रीहरु प्रदर्शन गर्दै छलफल गराउने<br>यस विषयमा केन्द्रित रहेर वक्तृत्वकला गराउने | हरियाली र स्वच्छता प्रवर्द्धनको उपाय र महत्व भन्न लगाएर | २६ |
| | करेसाबारी तथा बगैचाको निर्माणमा सहभागी हुन | करेसाबारी तथा बगैचाको निर्माणमा सहभागिता | करेसाबारी निर्माण गर्ने विधि, सामाग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरुलाई सहभागी गराउने | करेसाबारी निर्माण गरे नगरेको, उक्त कार्यमा सहभागी भए नभएको अवलोकन गरेर | |
| | करेसाबारी र बगैचाको निर्माण तथा उपयोगिता भन्न | करेसाबारी र बगैचाको निर्माण तथा उपयोगिता | विद्यालयमा जस्तै घरमा समेत करेसाबारी निर्माण गरी तरकारी तथा फलफूलहरू उत्पादन गर्न सकिने कुरा विद्यार्थीहरुलाई भन्ने र घर नजिकको करेसाबारीमा उत्पादन समेत गर्न लगाउने | घरमा तरकारी तथा फलफूल उत्पादन कार्यमा सहभागी भए वा नभएको अवलोकन गरेर वा अभिभावकलाई सोधेर | |
| | घर, विद्यालय तथा स्थानीयस्तरमा हुनसक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरु पहिचान | घर, विद्यालय तथा स्थानीयस्तरमा हुनसक्ने फोहोर तथा प्रदूषण | घर, विद्यालय तथा स्थानीयस्तरमा हुनसक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायमा छलफल | फोहर तथा प्रदूषण न्यूनीकरणको उपाय सम्बन्धी प्रश्नहरु सोधेर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्न | न्यूनीकरणका उपायहरु | गराउने र समूहगत सूची तयार गर्न लगाउने | | |
| | पानीको घरायसी उपयोगपछि व्यवस्थापनका उपायहरुको खोजी गर्न | पानीको घरायसी उपयोगपछि व्यवस्थापनका उपायहरुको खोजी | घरायसी उपयोग भइसकेपछिको पानीको सोकपिट निर्माण गरी व्यवस्थापन गर्ने उपायहरुको खोजी गर्न प्रोत्साहित गर्ने | घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन गर्ने उपायहरुको नाम सोधेर | |
| ५. विपद् सावधानी र सुरक्षा व्यवस्थापन | भूकम्पको परिचय दिन<br><br>विपद् जोखिम न्यूनीकरणको परिचय दिन | भूकम्पको परिचय | - भूकम्पकसँग सम्बन्धित भिडियो तथा तस्बीरहरुका माध्यमबाट जानकारी दिने र यससँग सम्बन्धित अनुभवहरु आदान प्रदान गर्ने<br>- विपद् जोखिम कसरी कम गर्न सकिन्छ, भन्ने कुरालाई कक्षामा छलफल गराउने र विद्यार्थीहरुले भनेका कुरालाई टिपोट गर्दै जाने, चित्र, लघु चलचित्रको माध्यमबाट जानकारी गराउने<br>- विपद्पूर्व अपनाउनुपर्ने सजगताका बारेमा विद्यार्थीहरुलाई सोध्ने, उनीहरुबाट आएका बुँदाहरु सूचीकृत गर्ने र यस सम्बन्धी सचेतनामूलक सामग्रीको प्रयोग गरी जानकारी गराउने<br>- बबई नदी कटान नियन्त्रण गर्नका लागि गरिएका प्रयासहरुको जानकारी गराउने । बबई नदीले कटान गरेका ठाँऊ र गुलरिया नगरभित्र बाढी पस्ने ठाँऊहरुको स्थलगत भ्रमण गराउने<br>- विपद् पूर्व र पछि सुरक्षा निकायको भूमिकाका बारेमा जानकारी गराउने। विपद्का बेला सुरक्षा निकायले गरेका कार्यहरुको वृत्तचित्र ,पोष्टरहरु, | - सम्बन्धित विषयवस्तुलाई समेट्ने गरी छोटा तथा लामा प्रश्नहरुको निर्माण गर्ने र मूल्याङ्कन गर्ने<br>- खाली ठाँऊ भर्ने<br>- जोडा मिलाउने<br>- स्थलगत भ्रमणको प्रतिवेदन परियोजना कार्यका रुपमा तयार गर्न लगाउने | २५ |
| | विपद्पूर्व अपनाउनुपर्ने पूर्वतयारीका बारेमा जानकारी दिन | न्यूनीकरणको परिचय | | | |
| | बबई नदी (भादा) कटान व्यवस्थापनका लागि गरिएका प्रयासहरु पहिचान गर्न | विपद् जोखिम<br><br>विपद् पूर्व अपनाइने सजगताको जानकारी | | | |
| | विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिकाका बारेमा भन्न | बबई नदी(भादा) कटान व्यवस्थापनमा गरिएका प्रयासहरु | | | |
| | सडक बत्तीको सङ्केत बताउन र यसको नियमको पालना गर्न | विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिका<br><br>सडक बत्तीको संकेत र यसको पालना | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भिडियोहरु प्रस्तुत गर्ने<br>- सडक बत्ती बनाइएको चार्ट भिडियो प्रस्तुत गरी छलफल तथा प्रश्नोत्तर गर्ने<br>- सडक बत्तीले जनाउने सङ्केतका आधारमा अपनाउनुपर्ने सावधानीका बारेमा छलफल तथा प्रश्नोत्तर गर्ने, सडक नाटकका माध्यमबाट ट्राफिक लाईटका बारेमा जानकारी गराउने | | |
| ६. हाम्रो सम्पदा | गुलरिया नगरपालिकाभित्र रहेका विभिन्न सम्पदाहरुको पहिचान गर्न | गुलरिया नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक, धार्मिक र पर्यटकिय सम्पदाहरुको परिचय, महत्व र संरक्षणका उपायहरु | - सम्पदाविज्ञ तथा स्थानीय संरक्षणकर्मी तथा अभियन्ताहरुसँग अन्तरक्रिया गराउने<br>- सम्पदाहरुसँग सम्बन्धित कविता तथा गीत लेख्न लगाउने<br>- पत्रपत्रिकाहरुमा प्रकाशित चित्र तथा सामग्रीहरुको प्रर्दशन<br>- सम्पदासँग सम्बन्धित चित्र बनाउन लगाउने | छलफलमा विद्यार्थीको सहभागिता,<br>परियोजना कार्यहरु,<br>अवलोकन, क्षेत्रभ्रमण र प्रतिवेदन लेखन<br>प्रश्नोत्तर | १० |
| | सम्पदाहरुको संरक्षण गर्न तथा महत्व भन्न र लेख्न | नगरपालिकाभित्र आयोजना गरिने मेला महोत्सवहरुको पहिचान र प्रचार प्रसार<br>हाम्रो शानः कृष्णसार संरक्षण क्षेत्र | | | |

## कक्षा ७

| क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | बर्दिया जिल्लाको नक्सा कोरी पालिकामा रहेका मुख्य मुख्य स्थानहरु देखाउन | बर्दिया जिल्लाको नक्सा कार्य र पालिकामा रहेका मुख्य मुख्य स्थानहरु | - नक्सा निर्माण गर्ने विधिहरुको प्रयोग गरी बर्दिया जिल्लाको नक्सा कोर्न लगाउने<br>- जिल्लाको नक्सामा पालिकाहरुमा पर्ने मुख्य मुख्य स्थान जस्तै नदी, धार्मिक तथा पर्यटकीय स्थललाई संकेतमा प्रस्तुत गरी सूची तयार गर्न लगाउने | - नक्सा निर्माण गर्ने विधिहरुको प्रयोग गरी बर्दिया जिल्लाको नक्सा कार्य गरे नगरेको अवलोकन गरेर<br>- जिल्लाको नक्सामा पालिकाहरुमा पर्ने मुख्य मुख्य स्थान जस्तै नदी, धार्मिक तथा पर्यटकीय स्थललाई सङ्केतमा देखाउने कार्यको अवलोकन गरेर | १६ |
| | नगरपालिकाले सञ्चालन गरेका मुख्य मुख्य विकास आयोजनाहरुको परिचय दिन | नगरपालिकाले सञ्चालन गरेका मुख्य मुख्य विकास आयोजनाहरुको परिचय | नगरपालिका भित्र सञ्चालनमा रहेका मुख्य मुख्य विकास आयोजनाहरुको परिचय दिने | नगरपालिका भित्र सञ्चालनमा रहेका मुख्य मुख्य विकास आयोजनाहरु बारे सोधेर | |
| | नगरपालिकाबाट सञ्चालित मुख्य आयोजनाहरुमा विनियोजित बजेट र आयोजनाको अवधि बारे बताउन | नगरपालिकाबाट सञ्चालित मुख्य आयोजनाहरुमा विनियोजित बजेट र आयोजनाको अवधि | नगरपालिकाबाट सञ्चालित मुख्य आयोजनाहरुमा विनियोजित बजेट र सम्पन्न हुने अवधिको बारेमा नगरपालिकाको बजेट किताबका आधारमा छलफल गराउने | नगरपालिकाबाट सञ्चालित मुख्य आयोजनाहरुमा विनियोजित बजेट र सम्पन्न हुने अवधिको बारेमा | |
| २. हाम्रो संस्कार, संस्कृति र परम्परा | आफ्नो समुदायको भेषभूषा र चाडपर्वको परिचय दिन | आफ्नो समुदायको भेषभूषा र चाडपर्वकोको परिचय | विद्यार्थीहरुलाई आफूले मनाउने चाडपर्वमा लगाईने भेषभूषाबारे प्रस्तुत गर्दै संक्षिप्त परिचय दिने | आफ्नो समुदायको भेषभूषा र चाडपर्वको परिचय सोधेर | २७ |
| | नगरपालिकाभित्रका विभिन्न | नगरपालिकाभित्रका | नगरपालिकाभित्रका समुदायको रीतिरिवाज, धर्म | नगरपालिकाभित्रका विभिन्न समुदायको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | समुदायको रीतिरिवाज र धर्म संस्कृतिको संक्षिप्त परिचय दिन | विभिन्न समुदायको रीतिरिवाज र धर्म संस्कृतिको संक्षिप्त परिचय | र संस्कृति झल्किने चित्र तथा श्रव्यदृश्य सामग्रीहरुसहित छलफल गराई जानकारी दिने | रीतिरिवाज, धर्म र संस्कृतिकाबारेमा निबन्ध लेख्न लगाएर | |
| | नगरपालिकाभित्र रहेका धार्मिक समुदायका महत्वपूर्ण आस्थाका केन्द्रको पहिचान तथा परिचय दिन | नगरपालिकाभित्र रहेका धार्मिक समुदायका महत्वपूर्ण आस्था केन्द्रको पहिचान तथा परिचय | नगरपालिकाभित्र रहेका धार्मिक समुदायका महत्वपूर्ण आस्था केन्द्रको लघु शैक्षिक भ्रमण गराई प्रत्यक्ष रुपमा जानकारी दिने | नगरपालिकाभित्र रहेका धार्मिक समुदायका महत्वपूर्ण आस्था केन्द्रको सूची तयार गर्न लगाएर | |
| | आफ्नो समुदायमा प्रचलित लोकगीतहरुको वाद्यवादनसहित अभ्यास गर्न | आफ्नो समुदायमा प्रचलित लोकगीतको वाद्यवादनसहित अभ्यास | विभिन्न किसिमका प्रचलित लोकबाजाहरु संकलन गरी लोकगीतमा वाद्यवादनसहित अभ्यास गर्न लगाउने | लोकगीतको वाद्यवादनसहित अवलोकन गरेर | |
| | बालविवाहको कारण तथा नकारात्मक असरहरुबारे बताउन | बालविवाहको कारण तथा नकारात्मक असरहरु | बालविवाहको कारण तथा नकारात्मक असरहरु झल्किने श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गरी छलफल गराई बालविवाहको नकारात्मक पक्षको जानकारी गराउँदै यससँग सम्बन्धित कानुनी प्रावधानहरुबारे जानकारी दिने | बालविवाह सम्बन्धी कानुनी प्रावधान तथा सजाय सम्बन्धी व्यवस्था सोधेर | |
| ३. स्थानीय पेशा, व्यवसाय र प्रविधि | स्थानीय परम्परागत सामग्रीहरुको उत्पादनका लागि घरेलु आरन (भट्टी) उद्योगको महत्वबारे जान्न | स्थानीय रुपमा प्रयोगमा आउने फरुवा, वन्चरो, खुर्पा, खन्ती, कुटो, हँसिया, चिम्टा, झिर (सलागी), खुर्पी आदि निर्माणका लागि आरनको महत्व र विधि | - संभव भएसम्म आरन (भट्टी) अवलोकन गर्न लगाई उत्पादन गरिने विभिन्न घरेलु औजार/ उपकरणहरुका बारेमा जानकारी दिने<br>- विद्यालय नजिकै केराखेती गरिएको स्थानमा लगेर अवलोकन गराइ सिकेका कुराहरु टिपोट गर्न लगाउने<br>- ईंटाको उत्पादन विधि र यसको महत्वका बारेमा बताउँदै माटे भट्टा र | - आरन (भट्टी) बाट उत्पादन गरिने घरेलु सामग्रीहरुका बारेमा सोधेर<br>- केराखेतीका लागि गर्नुपर्ने तयारी र सावधानीका उपायहरु सोधेर<br>- ईंटा उत्पादनका विभिन्न तरिकाहरुबारे सोधेर<br>- कृषि उपजहरुको प्रशोधनका फाइदाहरुबारे सोधेर | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | चिम्नीको बिचमा फरक बताउने<br><br>- कृषि उपजहरुको प्रशोधनको महत्वबारे कक्षामा छलफल गर्ने | | |
| | केरा खेती गर्ने विधिका बारेमा बताउन | केरा खेतीको पकेट क्षेत्र, यसको उत्पादनका लागि आवश्यक माटोको प्रकृति, पूर्व तयारी देखि उत्पादन लिँदासम्मका चरणहरु | | | |
| | भट्टाबाट ईंटाको उत्पादन विधि र यसका चुनौती तथा आधुनिक प्रविधि जान्न | भट्टाबाट ईंटाको उत्पादन विधि र यसमा प्रयोग हुने कच्चा पदार्थहरुको व्यवस्थापन, भुस, दाउरा, कोइलाको प्रयोग माटे भट्टा र चिम्नीबीच फरक | | | |
| | कृषि उपज प्रशोधनका विभिन्न विधिहरुका बारेमा भन्न | कृषि उपज प्राप्तिको विधि निफन्ने, केलाउने, सुकाउने र स्तरीकरण गर्ने, बिउका लागि उपयुक्त दानाहरुको पहिचान | | | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | हरियाली तथा स्वच्छ नगरको आवश्यकता तथा महत्व भन्न | हरियाली तथा स्वच्छ नगरको आवश्यकता तथा महत्व | हरियाली तथा स्वच्छ नगरको आवश्यकता तथा महत्वसँग सम्बन्धित विषयवस्तुमा छलफल गराउने र विद्यालय वरपर रहेका हरियाली क्षेत्रहरुको (बगैंचा, बाल उद्यान, हरित क्षेत्र आदि) को अवलोकन गराउने | हरियाली तथा स्वच्छ नगरको आवश्यकता तथा महत्व भन्न लगाएर | २७ |
| | वडा क्षेत्रभित्र वृक्षारोपण र सरसफाइमा सहभागी हुन | वडा क्षेत्रभित्र वृक्षारोपण र सरसफाइमा सहभागी | वडा क्षेत्रमा वृक्षारोपण गर्न विद्यार्थीहरुलाई लगाउने र सहयोग गर्ने विशेष कार्यक्रमको | वडा क्षेत्रभित्र वृक्षारोपण र सरसफाइमा सहभागी भए नभएको अवलोकन गरेर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अवसर पारी वडा क्षेत्रमा सरसफाइको कार्य गराउने<br><br>वातावरण सफा राख्दा हुने फाइदावारे छलफल गर्ने<br><br>विश्व वातावरण दिवसको सन्दर्भ पारेर विद्यालय तथा वडा कार्यालयकोसमन्वयमा विद्यालय हाता तथा सार्वजनिक स्थलमा वृक्षारोपण कार्यक्रमको आयोजना गर्ने | वातावरण सफा राख्दा हुने फाइदाहरू सोधेर<br><br>वडाभित्रका सामुदायिक  वनको भ्रमण गर्दा उक्त वनमा रहेका विरुवाहरुको सूची तयार गरी कक्षामा प्रस्तुत गर्न लगाएर | |
| | हरियाली विद्यालय तथा स्वच्छ नगर अभियानमा सहयोग गर्न। | हरियाली  विद्यालय तथा स्वच्छ नगर | विद्यालय नजिकै रहेको कुनै एक वन क्षेत्रको भ्रमण गराई उक्त वनमा रहेका विरुवाहरुको सूची तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने | हरियाली  विद्यालय तथा स्व्च्छ नगर अभियानमा सहयोग  गरे नगरेको अवलोकन गरेर | |
| | हरियाली विद्यालय र स्वच्छ नगर प्रवर्द्धनमा सहभागी हुन | हरियाली विद्यालय र स्वच्छ नगर प्रवर्द्धनमा सहभागी | हरियाली  विद्यालय तथा स्वच्छ नगर अभियानमा सहयोग गर्न लगाउने<br><br>हरियाली  विद्यालय तथा स्वच्छ नगर अभियानसँग सम्बन्धीत अन्तरक्रिया गर्ने | हरियाली  विद्यालय तथा स्व्च्छ नगर अभियानमा सहयोग  गरे नगरेको अवलोकन गरेर | |
| | घरायसी (उपयोग भइसकेको) पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण गर्न र करेसाबारीमा उपयोग गर्न | घरायसी (उपयोग भइसकेको) पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण  र करेसाबारीमा उपयोग | घरायसी (उपयोग भइसकेको) पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण गर्न र करेसाबारीमा उपयोग गर्ने तरिकाको प्रयोगात्मक अभ्यास गराउने | घरायसी (उपयोग भइसकेको) पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण  र करेसाबारीमा उपयोगको अवलोकन गरेर | |
| ५. विपद् सावधानी र सुरक्षा | स्थानीयस्तरमा हुने विपद् जोखिम न्यूनीकरणका उपायहरु भन्न | न्यूनीकरणका उपाय | - स्थानीय स्तरमा घट्न सक्ने सम्भावित विपद्का बारेमा कक्षामा छलफल गराउँदै जोखिम न्यूनीकरण गर्नका लागि हामीले के गर्न सक्छौँ भन्ने | - स्थानीय तहमा घट्ने सम्भाव्य विपद्हरु भन्न लगाएर<br>- विपद् जोखिम न्यूनीकरणका उपायहरु प्रस्तुत गर्न लगाएर | २७ |
| | वडास्तरमा हुने विपद् | वडास्तरमा विपद् | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यवस्थापन | व्यवस्थापनका लागि गरिएका प्रयास भन्न र सहभागी हुन | व्यवस्थापनका लागि गरिएका प्रयासहरु र सहभागिता | प्रश्नमा छलफल गराई बुँदागतरुमा टिप्ने आवश्यक पृष्ठपोषण प्रदान गरी मुख्य उपायहरुको सूची तयार गरी छलफल गर्ने<br>- विपद् तयारीको अभ्यास गराउने । जस्तैः झटपटझोला, सडक नाटक, लाइफ ज्याकेट, डोरी, डुङ्गा<br>- विपद् व्यवस्थापनमा समुदायमा गरिएका प्रयासहरुका बारेमा वडाका जनप्रतिनिधीहरुसँग छलफल गर्ने<br>- नगरस्तरमा प्रकोप व्यवस्थापनका लागि सामाजिक संघसंस्थाहरुले गरेका कार्यहरु अवगत गराउने<br>- सडक दुर्घटना सम्बन्धी लेखिएका चार्ट,भिडियो पोष्टर आदिको प्रयोग गर्ने<br>- सडक सुरक्षामा स्थानीय ट्राफिक प्रहरीले गर्ने कार्यहरुको सूची लेखिएको पोस्टरर भिडियो को प्रयोग गर्दै विद्यार्थीलाई ट्राफिक प्रहरीको सहयोगमा सडकमा लगेर ट्राफिकको भूमिकाका बारेमा अभ्यासमूलक प्रशिक्षण सञ्चालन गर्ने | - विपद्पूर्व गर्नुपर्ने तयारीको अवलोकन गरेर<br>- सम्बन्धित विषयवस्तुमा आधारित रहेर प्रश्न निर्माण गरी सोधेर<br>- खाली ठाँऊ भर्ने<br>- जोडा मिलाउने | |
| | नगरस्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संघसंस्थाहरुले गरेका कार्यक्रमहरु भन्न | नगरस्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संस्थाले गरेका कार्य | | | |
| | सडक दूर्घटना न्यूनीकरण गर्ने उपायहरु बताउन | सडक दूर्घटना न्यूनीकरण गर्ने उपाय | | | |
| | सडक सुरक्षामा स्थानीय ट्राफिक प्रहरीको भूमिका बताउन | सडक सुरक्षामा स्थानीय ट्राफिक प्रहरीको भूमिका | | | |
| ६. हाम्रो सम्पदा | छिमेकीपालिका तथा जिल्लाभित्ररहेका सम्पदाहरुको विकास र प्रचारप्रसारमा स्थानीय सरकारको भूमिका बताउन | छिमेकीपालिकाभित्र अवस्थित प्रमुख सम्पदाहरुको विकास र संरक्षणका लागि भएका कार्यहरु | - सम्पदाहरुको प्रत्यक्ष अवलोकन भ्रमण (क्षेत्रभ्रमण) गराउने<br>- सम्पदाहरुको संरक्षण र विकासका लागि के गर्न सकिन्छ भनेर प्रश्नोत्तर तथा छलफल गराउने | छलफलमा विद्यार्थीको सहभागिताको सक्रियता<br>रुजुसूची | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | कृष्णसार संरक्षण क्षेत्रको विकास र संरक्षणका उपायहरु भन्न तथा लेख्न | - जिल्लास्थित प्रमुख सम्पदाहरु (जस्तैः- बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली नदी तथा पुल, बढैयाताल आदि) को नाम तथा परिचय<br><br>कृष्णसार संरक्षणक्षेत्रको परिचय, महत्व र संरक्षणमा स्थानीय व्यक्ति तथा संघसंस्थाहरुको भूमिका | - विज्ञ तथा स्थानीय संरक्षकहरुसँग अन्तरक्रिया गराउने<br><br>- STEAM Pedagogy को प्रयोग<br><br>- सम्पदाविज्ञ तथा स्थानीय संरक्षणकर्मी तथा अभियन्ताहरुसँग अन्तरक्रिया गराउने | परियोजना कार्यहरु,<br><br>प्रतिवेदन लेखन | |

## कक्षा ८

| क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घ. |
|---|---|---|---|---|---|
| १. हाम्रो गुलरिया | लुम्बिनी प्रदेशको नक्सा कोर्न र बर्दिया जिल्लाका पालिका र मुख्य मुख्य स्थानहरु देखाउन | लुम्बिनी प्रदेशको नक्सा कोर्न र बर्दिया जिल्लाका पालिका र मुख्य मुख्य स्थानहरु | - नक्सा बनाउने विधिअनुसार प्रदेशको नक्सा कोर्ने अभ्यास गराउने<br>- लुम्बिनी प्रदेश तथा बर्दिया जिल्ला र नगरपालिकाका मुख्य स्थानलाई उपयुक्त सङ्केतको प्रयोग गरी नक्सामा देखाउन अभ्यास गराउने | - नक्सा निर्माणको सिप प्रयोग गरी नक्सा कार्य गरे नगरेको अवलोकन गरेर<br>- नक्सामा पालिकाहरुमा पर्ने मुख्य मुख्य स्थान जस्तै नदी, धार्मिक तथा पर्यटकीय स्थललाई सङ्केतमा देखाउने कार्यको अवलोकन गरेर | २१ |
| | नगरसभाको वैठक बस्ने विधि, काम कर्तव्य र अधिकारबारे बताउन | नगरसभाको वैठक बस्ने विधि, काम कर्तव्य र अधिकार | - नगरसभाको जानकारी गराउने र वैठक बस्ने विधिबारे छलफल गराउने<br>- नगरसभाकोवैठकको अभिनय गराउने<br>- नगरसभाले गर्ने काम कर्तव्य र अधिकार बारेमा जानकारी गराउने | - नगरसभाको वैठक बस्ने विधि, काम कर्तव्य र अधिकारबारे भन्न लगाएर<br>- नगरसभाको वैठकको अभिनय गरेको अवलोकन गरेर | |
| | नगर कार्यपालिका व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकारबारे बताउन | नगर कार्यपालिका व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकार | कक्षामा स्रोत व्यक्ति को उपस्थिति गराएर वा शिक्षक स्वयंले नगर कार्यपालिका व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकारबारे जानकारी गराउने | नगर कार्यपालिका व्यवस्थापिका र न्यायिक समितिको काम, कर्तव्य र अधिकार बारेमा भन्न लगाएर | |
| | नगरपालिकाले जारी गरेका मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी दिन | नगरपालिकाले जारी गरेका मुख्य ऐन र नियमावलीको संक्षित जानकारी | नगरपालिकाका प्रतिनिधिलाई आमन्त्रण गरी नगरपालिकाले जारी गरेका मुख्य ऐन र नियमावली बारेमा जानकारी दिने | नगरपालिकाले जारी गरेका मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी दिन लगाएर | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. हाम्रो संस्कार, सँस्कृति र परम्परा | परम्परागत सङ्गठन प्रणाली (वडघर प्रथा, महतिया, पञ्च प्रथा आदि) को काम, कर्तव्य र अधिकार तथा महत्त्व बताउन | परम्परागत सङ्गठन प्रणाली जस्तै : वडघर प्रथा, महतिया, पञ्च प्रथाको काम, कर्तव्य र अधिकार तथा महत्त्व | विद्यार्थीहरुलाई वडघर, महतिया तथा पञ्चप्रथाको बारेमा जानकारी दिदै तिनीहरुको काम, कर्तव्य तथा अधिकार एवं महत्त्वका बारेमा छलफल गराउदै गाँउघरमा सञ्चालन हुने उक्त प्रथाको अवलोकन गराउने | परम्परागत सङ्गठन प्रणाली (वडघर प्रथा, महतिया, पञ्च प्रथा आदि ) को काम, कर्तव्य र अधिकार तथा महत्त्वको सूची तयार गर्न लगाएर | १६ |
| | नगरपालिकाभित्रका समुदायको संस्कार, संस्कृतिको परिचय, महत्त्व र प्रवर्द्धनका उपायहरु भन्न | नगरपालिकाभित्रका समुदायको संस्कार, संस्कृतिको परिचय, महत्त्व र प्रवर्द्धनका उपायहरु | नगरपालिकाभित्रका समुदायको संस्कार, संस्कृतिको परिचय र महत्त्व झल्किने विभिन्न किसिमका श्रव्यदृश्य सामग्रीहरु प्रस्तुत गरी छलफल गराउने र तिनको महत्त्व तथा प्रवर्द्धनका उपायहरुका बारेमा छलफल गराएर | नगरपालिकाभित्रका समुदायको संस्कार, संस्कृतिको परिचय, महत्त्व र प्रवर्द्धनका उपायहरु सोधेर | |
| | समुदायमा विद्यमान सामाजिक समस्याहरु जस्तैः कमलहरी प्रथा, कमैया प्रथा, बालविवाह ,गौना, थौना, बहुविवाह, दाइजो आदिप्रथाबारे निराकरणका उपायहरु बताउन | समुदायमा विद्यमान सामाजिक समस्याहरु जस्तैः कमलहरी प्रथा, कमैया प्रथा, बालविवाह,गौना, थौना, बहुविवाह, दाइजो आदि प्रथा निराकरणका उपायहरु | -कमलहरी, कमैया, बालविवाह तथा दाइजो प्रथाका बेफाइदा तथा असर सम्बन्धी विभिन्न किसिमका सामग्रीहरु प्रस्तुत गरी छलफल गर्ने तथा ती प्रथा निराकरणका उपायहरुको बारेमा सूची तयार गरी निराकरणका उपायहरुबारे छलफल गर्ने<br>- कानुनी व्यवस्थाले तोकेको मापदण्ड प्रस्तुत गर्ने | समुदायमा विद्यमान सामाजिक समस्याहरु जस्तैः कमलहरी प्रथा, कमैया प्रथा, बालविवाह, गौना, थौना, बहुविवाह, दाइजो प्रथासँग सम्बन्धित निराकरणका उपायहरु सोधेर | |
| ३. स्थानीय पेशा, व्यवसाय र प्रविधि | परम्परागत तथा आधुनिक सिपबिच तुलना गरी फाइदा र बेफाइदाहरु बताउन | परम्परागत पुख्र्यौली सिप र आधुनिक सिपबिचको तुलना तथा फाइदा र बेफाइदाहरु | - परम्परागत तथा पुख्र्यौली सिपका बारेमा तुलना गर्दै यसका फाइदा तथा बेफाइदाबारे छलफल गराउने<br>- डोको, नाम्लो, डोरी तथा पगाहा बुन्ने/बाट्ने तरिका यसका लागि आवश्यक कच्चा पदार्थहरु बाँस, निगालो, बाबियो (बनकस), | - परम्परागत/पुख्र्यौली पेसा र आधुनिक सिपबिच फरक र फाइदा, बेफाइदा सोधेर<br>- स्थानीय सिपको प्रयोगबाट बनाइएका सामग्रीहरुको नाम र आवश्यक कच्चा पदार्थहरु सोधेर | ३२ |
| | स्थानीय घरयासी प्रयोजनका सामग्रीहरुको परिचय तथा स्रोतबारे भन्न | स्थानीय डोको, नाम्लो, डोरी, पगाहा, तोरण बुन्ने/बाट्ने तरीका, यसका लागि आवश्यक कच्चा | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पदार्थका स्रोतको उपलब्धता | सनपाट खेतीका बारेमा छलफल गर्ने<br>- खुर्सानी खेती तथा ममफली, तरबुजा, खरबुजा, ऊखु खेतीको अवलोकन गराएर परियोजना कार्य दिने र शिक्षकको निर्देशनमा प्रतिवेदन तयार गराउने | - गुलरिया नगरपालिकाको खुर्सानी तथा ममफली उत्पादनको पकेट क्षेत्रको अवलोकन गराएर प्रतिवेदन तयार गर्न लगाउने | |
| | नगरपालिका भित्र गरिने विशेष नगदेबाली यसको पकेट क्षेत्रको कारण सहित पहिचान गर्न | खुर्सानी खेती तथा ममफली, तरबुजा, खरबुजा, ऊखु खेतीको परिचय , गुलरिया नगरपालिकाको मुख्य पकेट क्षेत्रहरुको पहिचान | - उत्पादित वस्तुहरुको बजारीकरणका लागि संभावित स्थानीय बजार तथा व्यापारिक केन्द्रहरुको अवलोकन गराएर जानकारी दिने | - स्थानीय उत्पादनको प्रवर्द्धनका लागि बजार तथा व्यापारिक केन्द्रको महत्वका बारेमा निबन्ध लेख्न दिएर | |
| | उत्पादित वस्तुहरुको बजारीकरणका लागि संभावित व्यापारिक केन्द्रहरुको पहिचान गर्न | उत्पादित वस्तुहरुको बजारीकरणका लागि संभावित स्थानीय बजार तथा व्यापारिक संकलन केन्द्रहरुको परिचय र महत्व | - परम्परागत यातायातका साधन एक्का (टाँगा) तथा बयलगाडी (लडिया) निर्माणको आधारभूत सिपका सम्बन्धमा जानकारी<br>- फ्रेस हाउस, डेरी व्यवसाय सञ्चालन, यसको महत्व र स्वास्थ्य सुरक्षाका उपायहरुका बारेमा छलफल गराउने | - परम्परागत यातायातको साधन एक्का (टाँगा) तथा बयलगाडी (लडिया) निर्माणको आधारभूत सिपका सम्बन्धमा सोधेर<br>- फ्रेस हाउस, डेरी व्यवसायको महत्व के के हुन् ? | |
| | परम्परागत यातायातको साधन निर्माणको आधारभूत सिपबारे बताउन | परम्परागत यातायातका साधन एक्का (टाँगा) तथा बयलगाडी ( लडिया) को सिपका सम्बन्धमा जानकारी | - स्थानीय स्तरमा रहेर स्थानीय परम्परागत कृषि, पशुपालन वा कुनै पनि सिपबाट उत्पादित वस्तु तथा सेवाबाट राम्रो आय आर्जन गरिरहेका व्यक्तिहरुसँग भेटेर अनुभव आदानप्रदान गराउने | - कुनै फ्रेस हाउस तथा डेरी व्यवसायको अध्ययन गरी प्रतिवेदन तयार गर्न लगाएर । | |
| | फ्रेस हाउस तथा डेरी व्यवसाय र यसको महत्वका बारेमा बताउन | फ्रेस हाउस डेरी व्यवसाय र यसको महत्व र स्वास्थ्य सावधानीका सम्बन्धमा जानकारी गराउने | | | |
| ४. हरियाली विद्यालय र स्वच्छ नगर | विद्यालय रहेको समुदाय स्वच्छ राख्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न | विद्यालय रहेको समुदाय स्वच्छ राख्न जनचेतना जगाउने कार्यक्रम(जस्तै ऱ्याली,विद्यालय रहेको | विद्यालय रहेको समुदाय स्वच्छ राख्न जनचेतना जगाउने कार्यक्रम सन्चालन गर्न लगाउने (जस्तै : ऱ्याली, विद्यालय रहेको समुदायको सरसफाइ, | जनचेतना जगाउने कार्यक्रम सन्चालन गरे नगरेको अवलोकन गरेर | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समुदायको सरसफाइ, वक्तृत्वकला आदि) सञ्चालन गर्ने | वक्तृत्वकला प्रतियोगिता आदि) | | |
| | हरियाली नगर निर्माणमा विद्यार्थी इको क्लबको भूमिका पहिचान र अवलम्बन गर्न | हरियाली नगर निर्माणमा विद्यार्थी इको क्लबको भूमिका र अवलम्बन | हरित नगर निर्माणका लागि इको क्लबले खेल्न सक्ने भूमिकाको क्षेत्रमा छलफल गर्ने<br>इको क्लबको गठन विधि, कार्यसमिति, उपसमिति,गठन प्रक्रिया र प्रत्येक समिति, उपसमितिले गर्ने कार्य तथा भूमिकामा छलफल गर्ने | इको क्लबको गठन विधि, कार्यसमिति, उपसमितिको भूमिका बारे भन्न लगाएर | |
| | हरियाली  नगर निर्माणका लागि आवश्यक आधारभूत पक्षको पहिचान गर्न | हरियाली नगर निर्माणका लागि आवश्यक आधारभूत पक्षको पहिचान | हरियाली नगर निर्माणका लागि आवश्यक आधारभूत पक्ष हरियाली प्रवर्द्धन, इको क्लब, पानी व्यवस्थापन तथा सरसफाइ, फोहरमैला व्यवस्थापन आदि बारे छलफल गर्ने | हरियाली  नगर निर्माणका लागि आवश्यक आधारभूत पक्षबारे भन्न लगाएर | |
| | ठोस फोहोरको व्यवस्थापनअन्तर्गत बिन कम्पोष्टिङ् तथा पिट कम्पोष्टिङ् गर्ने प्रक्रियाको अभ्यास गर्न | ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ्(भाडामा मल बनाउने ) तथा पिट कम्पोष्टिङ्(खाडल र थुप्रो बनाएर मल बनाउने) प्रक्रियाको अभ्यास | ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ् (भाडामा मल बनाउने तथा पिट कम्पोष्टिङ् ( खाडल र थुप्रो बनाएर मल बनाउने) विधिको चित्र वा भिडियो वा प्रत्यक्ष अवलोकन गराएर जानकारी दिने<br>सन्तोषी सामुदायिक वन क्षेत्रमा रहेको गुलरिया नगरपालिकाको डम्पिङ साइट (फोहोर व्यवस्थापन स्थल) को स्थलगत अवलोकन गराएर | ठोस फोहरहरुको व्यवस्थापन गर्ने तरिका भन्न लगाएर<br>बिन कम्पोष्टिङ् तथा पिट कम्पोष्टिङ् विधिबाट मल बनाउने तरिका भन्न लगाएर<br>यी विधि अनुसार मल  बनाई तरकारी खेती, फलफूल खेती आदिमा उपयोग गरे नगरेको अवलोकन गरेर | |
| ५. विपद् सावधानी र | स्थानीयस्तरमा हुने विपद् व्यवस्थापनमा सहभागी हुन | स्थानीय स्तरमा हुने विपद् व्यवस्थापनमा भूमिका | - स्थानीयस्तरमा विपद् व्यवस्थापनमा शिक्षक,विद्यार्थी र अभिभावकको कस्तो | - सम्बन्धित विषयवस्तुमा केन्द्रित रही छोटो तथा लामो उत्तर आउने | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| सुरक्षा व्यवस्थापन | | | भूमिका हुनुपर्दछ सो विषयमा कक्षामा छलफल गर्ने<br>- विगतका विपदमा स्थानीय तहबाट गरिएका कार्यहरु जानकारी गराउँदै भविष्यमा जोखिम न्यूनीकरणका लागि गरिएको तयारीका बारेमा अन्तर्क्रिया गरी विद्यार्थीको भूमिकालाई उत्प्रेरित गर्ने<br>- विपद् व्यवस्थापनमा रेडक्रसको भूमिकाका बारेमा छलफल गर्ने र यसभन्दा अगाडि घटेका दैवीप्रकोप तथा विपद्का अवस्थामा गरेका कार्यहरुको जानकारी गर्ने गराउने<br>- सवारीचालक अनुमतिपत्र लिँदा अपनाउनुपर्ने नियमहरु छलफल गराउने<br>➢ प्रश्नोत्तर गर्ने<br>➢ विषयविज्ञहरुसँग संवाद/ अन्तर्क्रिया गराउने<br>➢ सवारीचालक अनुमतिपत्र लिनका लागि जान्नुपर्ने नियमहरु लेखिएको चार्ट भिडियो प्रदर्शन गर्ने<br>➢ सवारीचालक अनुमतिपत्र लिनका लागि अनलाइन आवेदनको लागि सम्बन्धित वेभसाइटको प्रयोगका बारेमा जानकारी गराउने https://www.dotm.gov.np/ | प्रश्नावलीहरु राखी जवाफ लिने<br>- संवाद लेखन<br>- ट्राफिक र सवारी चालकको भूमिका निर्वाह गर्न लगाउने<br>- प्रतिवेदन तयार गर्न लगाएर | |
| | नगरस्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको जानकारी हासिल गर्न र सहभागी हुन | नगरस्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको जानकारी र सहभागीता | | | |
| | विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका थाहा पाउन | विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका | | | |
| | सवारी चालक अनुमतिपत्र प्राप्त गर्नका लागि आवश्यक प्रकृयाका बारेमा बताउन | विपदमा मनोपरामर्श | | | |
| | विपद्मा मनोपरामर्श, विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकाका बारेमा भन्न | सवारीचालक अनुमतिपत्र लिनका लागिआवश्यक नियमहरु (उमेर, ट्राफिक संकेत, लिखित/प्रयोगात्मकपरीक्षा, नागरिकता) | | | |
| | | स्मार्ट लाइसेन्स प्राप्त गर्ने तरिकाहरु | | | |
| ६. हाम्रो सम्पदा | स्थानीय सम्पदाको संरक्षण र विकासमा स्थानीय व्यक्ति तथा संघसंस्थाहरुको भूमिका बताउन | कृष्णसार संरक्षण क्षेत्र, सरयू (भादा) नदीको संरक्षण र विकासमा | - सम्पदाहरुको प्रचार प्रसार र विकासका लागि पोष्टर, ब्रोसर आदि बनाउन लगाउने | छलफलमा विद्यार्थीको सहभागिताको रुजुसूची, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्थानीय तह तथा संघसंस्थाहरुको भूमिका | - सम्पदासँग सम्बन्धित लेखरचना, पुस्तक तथा फोटोहरुलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्ने<br>- मौखिक तथा लिखित प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने<br>- STEAM pedagogy को प्रयोग<br>- खोज तथा अनुसन्धान<br>- क्षेत्रभ्रमण<br>- सम्पदाविज्ञ तथा स्थानीय संरक्षणकर्मी तथा अभियन्ताहरुसँग अन्तरक्रिया गराउने | परियोजना कार्यहरु,<br>अवलोकन, क्षेत्रभ्रमण र प्रतिवेदन लेखन | |
| | जिल्ला तथा प्रदेशस्तरमा भएका सम्पदाहरुको पहिचान गर्न | बर्दिया जिल्लास्थित प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय सम्पदाहरु(जस्तैः- बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली नदी तथा पुल, बढैयाताल आदि)को अवस्था र यसको संरक्षण तथा विकासमा भएका कार्यहरु | | | ११ |
| | | लुम्बिनी प्रदेशभित्र रहेका चर्चित सम्पदाहरु (जस्तै लुम्बिनी, बागेश्वरी, धारापानी, बाँके राष्ट्रिय निकुञ्ज) को परिचय | | | |

## ६. सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य

**कक्षा ४**

१. गुलरिया नगरपालिकाको नक्सा खिच्नुहोस् र निम्न विषयहरु नक्साभित्र देखाउनुहोस्। (मुख्य सडकहरु, मुख्य बजार क्षेत्र, जम्मा क्षेत्रफल, वडाहरु)

२. तपाईंले मनाउने प्रमुख चाडपर्वहरु जस्तैः (दशैं, तिहार, माघी, ईद, ल्होसार, मोहर्रम, क्रिसमस डे, तीज) आदिका बारेमा बुँदागत रुपमा प्रस्तुत गर्नुहोस् र ती चाडपर्वहरु मनाउँदा गरिने मुख्य क्रियाकलाप उल्लेख गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

३. समाज तथा विद्यालयमा बस्दा तपाईंले आफू भन्दा ठूला साना व्यक्तिहरुलाई कसरी सम्बोधन गर्नुहुन्छ? सो सम्बोधनमा प्रयोग गरिने शिष्टाचारका शब्दहरुको सूची तयार गर्नुहोस्।

४. तपाईंको घर तथा समुदायमा आयआर्जनका लागि परम्परागत रुपमा गरिदै आएका कामहरुको सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस्।

५. आफ्नो गाँउघरमा मौसमी तथा बेमौसमी रुपमा उत्पादन गरिने कृषि उपजहरुको नाम लेखी कक्षामा प्रस्तुत गर्नुहोस्।

६. घर तथा विद्यालयमा बोटविरुवाहरुको वृक्षारोपण गर्नुहोस्। विरुवा हुर्काउनका लागि आवश्यक तत्त्वहरु (मल,पानी) प्रदान गर्नुहोस् र ती विरुवाहरुको कति वृद्धि भयो ? विरुवामा के कस्ता परिवर्तनहरु आए ? अवलोकन गरी प्राप्त तथ्यहरुलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

७. घर तथा विद्यालयबाट निस्किने फोहोरहरु जस्तैः (कुहिने, नकुहिने, तरल, ग्याँस) को वर्गीकरण गर्नुहोस् र ती फोहोरहरुलाई कसरी व्यवस्थापन गर्न सकिन्छ ? फोहोर व्यवस्थापन गर्दा के कस्तो वातावरणीय परिवर्तन भयो ? यस विषयमा प्रतिवेदन तयार पार्नुहोस्।

८. तपाईंको गाँउघरमा आइपर्ने विपद् (बाढी, आगलागी, भूकम्प) मा तपाईं कसरी सुरक्षित हुन सक्नुहुन्छ ? यस्ता घटनाबाट हुने असरहरु के के हुन सक्छन् ? परिवारका सदस्य वा अग्रज व्यक्तिहरुलाई सोधी सूची तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस्।

९. तपाईं विद्यालय आउँदा जाँदा सडकमा हिँड्दा ध्यान दिनु पर्ने कुराहरु के के हुन सक्छन् ? समूहगत छलफलबाट बुँदा टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

१०. आफ्नो वडाभित्रका प्राकृतिक तथा ऐतिहासिक सम्पदा, चौतारा, मेला, जात्रा, चाडपर्व तथा पर्यटकीय सम्पदाहरु झल्काउने चित्रहरु बनाई कक्षामा टाँस्नुहोस्।

**कक्षा ५**

१. तपाईंको घर तथा समुदायमा गरिने संस्कारहरु जस्तैः-जन्म,मृत्यु, ब्रतबन्ध/मुण्डन, विवाह आदिका बारेमा आफ्नो घरपरिवारका ज्येष्ठ सदस्य वा गुरु पुरोहितलाई सोधी प्राप्त जानकारीलाईक्रमबद्ध रुपमा लेखी कक्षामा प्रस्तुत गर्नुहोस्।

२. गुलरिया नगरपालिकामा प्रचलित (सामाजिक, साँस्कृतिक तथा धार्मिक) रीतिरिवाज मध्ये कुनै एक विषयको महत्त्वका बारेमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

३. तपाईंको गाँउघरमा परम्परागतरुपमा हस्तकलाबाट बनाइने वस्तुहरुको सूची तयार पार्नुहोस् र ती मध्येबाट कुनै एउटा वस्तु निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस्।

४. तपाईंको गाँउघरमा उत्पादित कृषि उपजमध्ये (धान, मकै, गहुँ, तरकारी आदि) कुनै एकको खेती गर्ने तरिका/विधिहरु चरणबद्धरुपमा लेखी कक्षामा प्रस्तुत गर्नुहोस्।

५. "हरियाली संरक्षणमा मेरो भूमिका " शीर्षकमा १५० शब्द सम्मको निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस्।

६. घर तथा विद्यालयबाट निस्कने फोहोरमैलाले वातावरणमा पार्ने असरहरु लेखी ती फोहोरमैलाको व्यवस्थापनबाट हुने फाइदाहरु के के हुनसक्छन् ? बूँदागतरुपमा लेखी कक्षामा प्रस्तुत गर्नुहोस्।

७. बाढी , आगलागी र भूकम्प जस्ता विपद्‌बाट प्रभावित स्थलहरुको अवलोकन गर्नुहोस् यस्ता विपद्‌बाट बच्ने उपायहरु के-के हुनसक्छन् ? प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

८.	समूहगतरुपमा सडकमा सवारीसाधन र मानिसहरुले ट्राफिक चिन्ह तथा सङ्केतको पालना गरे नगरेको अवलोकन गर्नुहोस् र प्राप्त जानकारीका आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

९.	प्रधानाध्यापक वा शिक्षकको अनुमतिमा कृष्णासार संरक्षणक्षेत्रको भ्रमण गर्नुहोस् भ्रमणका क्रममा तपाईंले देखेका महत्त्वपूर्ण कुराहरु, संरक्षणका लागि गरिएका प्रयासहरु र यसले पर्यटनका क्षेत्रमा पुऱ्याएको योगदानमका सन्दर्भमा प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्

१०.	सबै वडाहरु देखिने गरी गुलरिया नगरपालिकाको नक्सा खिच्नुहोस्। प्रत्येक वडाको जनसङ्ख्या र तिनीहरुका मुख्य आययस्रोतहरुको सूची तयार गरी शिक्षकलाई बुझाउनुहोस्।

**कक्षा ६**

१. गुलरिया नगरपालिकाको नक्सा बनाइ आफ्नो वडा पहिचान गरी विद्यालय रहेको स्थान सङ्केतमा देखाउनुहोस्।

२. आफू बसेको वडा कार्यालबाट प्रदान गरिने सेवा तथा बालबालिका र युवाका लागि तय गरिएका विशेष सेवाहरुका बारेमा सोधखोज गरी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस्। साथै आफ्नो वडाका जनप्रतिनिधीहरुको नाम र पद समेतको चार्ट बनाई कक्षामा टाँस्नुहोस्।

३. आफ्नो टोल समुदायमा बसोबास गर्ने विभिन्न जातजाति तथा समुदायका मानिसहरुले मनाउने चाडपर्व र चाडपर्व उत्सवमा लगाउने भेषभुषाको बारेमा समुदायका मानिसहरुलाई सोधेर प्रतिवेदन तयार गरी शिक्षकको रोहवरमा कक्षामा प्रस्तुत गर्नुहोस्।

४. आफ्नो टोल समुदायको प्रतिनिधित्व गर्ने स्थानीय लोकबाजा, लोकगीत र लोकनृत्यको नाम तथा सन्दर्भ सहित कक्षामा प्रस्तुतीकरण गर्नुहोस्। यसबाट भएको सिकाइलाई समेटी प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस्।

५. बाल विवाह र यसका नकारात्मक पक्षहरुबारे एक आपसमा छलफल गर्नुहोस्। यस विषयसँग सम्बन्धित एउटा सडक नाटक तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् र शुक्रबारको दिन विद्यालयको नजिकै रहेको सार्वजनिक स्थानमा उक्त नाटक प्रस्तुत गर्नुहोस्।

६. अभिभावकको अनुमतिमा आफ्नो घरमा रहेका परम्परागत हस्तकलाबाट तथा धातुबाट बनाइएका सामग्रीहरुलाई सुरक्षित तरिकाले शिक्षकको सहयोगमा कक्षामा सङ्कलन गरी सूची तयार गर्नुहोस्। विद्यालय नजिकै रहेको कुनै कृषि फर्मको अवलोकन भ्रमण गरी फर्म सञ्चालकलाई त्यस फर्मको बारेमा सोधेर एउटा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

७.	हरियाली नगर क्षेत्रको अभियानलाई सहयोग पुऱ्याउन आफ्नो जन्मदिनमा विद्यालय, घर वा वडाको हरित क्षेत्रमा सुरक्षित रुपमा हुर्किने सुनिश्चित गरी उपयोगी वनस्पति वा फूलको विरुवा रोप्नुहोस्। १५ दिनसम्म नियमित रुपमा विद्यालय वा घरमा रहेको करेसाबारी तथा बगैंचाको अनुगमन गरी यसको उपयोगिता समेटी एउटा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

८.	आफ्नो टोल समुदायलाई स्वच्छ राख्नका लागि फोहोर वस्तु तथा पानीको व्यवस्थापनका विषयमा गीत, कविता तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्। आफूले पनि आफ्नो सरसफाइ सम्बन्धी भूमिकालाई सो अनुसार आफ्नो घरआँगन, कक्षाकोठा, विद्यालय, टोल समुदायमा प्रस्तुत गर्नुहास्।

९.	शिक्षकको समन्वयमा गुलरिया नगरपालिका क्षेत्रमा क्षति पुऱ्याउने बबई (भादा/सरयू) नदी वा अन्य नदीनालाले विगतमा पुऱ्याएको विपद्को अवलोकन गरी विपद्ले पुऱ्याएको असर (मानवीय, शैक्षिक, आर्थिक, भौतिक आदि) को पहिचान गर्नुहोस्। यस प्रकारका विपद्को समयमा सुरक्षा निकायको भूमिका लगायत उक्त विपद्लाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न के के कार्य गर्न सकिन्छ ? प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस्। साथै विपदपूर्व अपनाउनुपर्ने सावधानीहरुको सूची तयार गर्नुहोस्।

१०. ट्राफिक प्रहरीसँगको समन्वयमा आफ्नो विद्यालयको व्यानर सहित गुलरिया नगरक्षेत्रमा रहेका सडक तथा ट्राफिक चिह्नको प्रयोग सम्बन्धमा स्थलगत रुपमै सडकमा सवारी चालक तथा यात्रुहरुका लागि सडक सचेतना कार्यक्रम सञ्चालन गर्नुहोस्। विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस्।

११. आफ्नो वडा, टोल समुदायमा रहेका ऐतिहासिक सम्पदाहरु रहेको स्थलमा पुगी वा तस्बीरहरुको अवलोकन गरी चित्र बनाइ शिक्षकबाट छनोट गरी उत्कृष्ट तस्बीर कक्षामा टाँस गर्नुहोस् र बाँकी तस्बीरहरुलाई आवेष्टन गरी सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्नुहोस् ।

१२. आफ्नो वडा वा टोल समुदायमा रहेका ऐतिहासिक सम्पदाहरुको संरक्षण र महत्वका बारेमा समुदायका अग्रज व्यक्तित्वहरुसँग तस्बीर, अन्तर्वार्ता रेकर्डिङ गरी युट्युव, विद्यालयको वेभसाइट वा सामाजिक सञ्जालको पेजमा अपलोड गर्नुहोस्।

**कक्षा ७**

१. जिल्लाको नक्सा कोर्नुहोस् आफ्नो नगरपालिकाभित्र रहेका मुख्य मुख्य स्थान (नदी, धार्मिक स्थल, संरक्षित क्षेत्र आदि) लाई सङ्केतगर्नुहोस्।

२. गुलरिया नगरपालिकाको कार्यालयमा जानुहोस् र योजना फाँटमा सम्बन्धित अधिकृतसँग भेटी नगरको पञ्चवर्षिय योजनाको आधारमा नगरपालिकाले प्राथमिकताको क्रममा राखेका मुख्य मुख्य योजनाहरु ती योजनाहरुका लागि विनियोजित बजेट र कार्य सम्पन्न गर्न लाग्ने अवधिका बारेमा सोधखोज गरी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस्।

३. आफ्नो टोल समुदाय र विद्यालयमा आउने साथीहरुको भेषभूषा, चाडपर्व रीतिरिवाज, धर्म संस्कृति विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्। प्रतिवेदन तयार गर्दा गुलरिया नगरपालिकाभित्र रहेका धार्मिक आस्थाका केन्द्रहरुलाई समेत समेट्नुहोस्।

४. आफ्नो समुदायमा प्रचलित मौलिक लोकगीत लेखेर वाद्यवादन सहित कक्षामा गायन गर्नुहोस्।

५. बालविवाहको कारण तथा यसका नकारात्मक पक्षहरु झल्किने गरी चित्र बनाई उत्कृष्ट चित्र कक्षामा टाँस गर्नुहोस् र बाँकी चित्रहरुलाई शैक्षिक सामग्रीका रुपमा आवेष्टन गरी पुस्तकालयमा दर्ता गरी राख्नुहोस्।

६. स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरुमध्ये कुनै एउटा सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस्। यस प्रकारका सामग्री उत्पादनमा घरेलु उद्योगको महत्वलाई बुँदागत रुपमा लेख्नुहोस्।

७. आफ्नो टोल समुदाय वा वडामा व्यावसायिक रुपमा गरिएको केरा तथा फलफूल खेतीको अवलोकन गर्नुहोस्। यसका लागि सम्बन्धित कृषक वा कृषि विज्ञसँग भेटघाट गरी आवश्यक कृषि प्रविधिको विविध आयामहरु समेटिएको प्रतिवेदन तयार गर्नुहोस्।

८. सम्भव भएसम्म टोल समुदाय वा वडामा रहेको ईटा उत्पादन स्थलमा अवलोकन गरी उत्पादन प्रक्रिया तथा यसका वातावरणीय चुनौती र यसको दिगो समाधानका उपायहरुका बारेमा भट्टा सञ्चालक, वातावरण संरक्षण अभियानकर्मी र स्थानीयवासीसँग अन्तरक्रियात्मक कार्यक्रम गरी यसको भिडियो रेकर्ड सामाजिक सञ्चालमा अपलोड गर्नुहोस्।

९. घर तथा विद्यालयमा करेसाबारी/बगैँचा निर्माण गरी वा कौसी वा बरण्डा वा गमलामा तरकारी खेती/पुष्प खेती/फलफूल खेती गर्नुहोस्। यसबाट उत्पादित वस्तुहरू, तिनीहरूको उपयोग, भएको फाइदासम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्।

१०. स्थानीय स्तरमा पूर्व घटित प्राकृतिक तथा मानवीय विपद्हरुका बारेमा जानकारी लिनुहोस् र यसको न्यूनीकरणमा स्थानीय संघ संस्थाहरुको भूमिकाको बारेमा ख्याति प्राप्त सामाजिक अभियन्तासँग कुराकानी गरी बुँदा टिपोट गर्दै शिक्षकको सहयोगमा स्थानीय पत्रिकाका लागि लेख वा सम्पादकीय तयार गरी स्थानीय पत्रिकामा प्रकाशन गर्नुहोस्।

११.सडक दुर्घटनाका कारणहरु र यसको न्यूनीकरणका लागि संभावित उपायहरुको पहिचान गर्नका लागि विद्यालय प्रशासनको सहयोगमा, कक्षा शिक्षक र स्थानीय पाठ्यक्रमको विषय अध्यापन गराउने शिक्षकको समन्वयमा विद्यालयमा 'विद्यार्थीसँग ट्राफिक प्रहरी' कार्यक्रमको आयोजना गरी कार्यक्रममा उठेका सवालहरु तथा सडक दुर्घटना न्यूनीकरणमा ट्राफिक प्रहरीको भूमिकाको बारेमा जानकारी लिनुहोस्।

**कक्षा ८**

१. लुम्बिनी प्रदेशको नक्सा निर्माण गरी बर्दिया जिल्लामा रहेका पालिका तथा मुख्य मुख्य स्थानहरुलाई सङ्केतमा देखाउनुहोस्।

२. नगरपालिकामा जानुहोस् र नगरसभा, नगर कार्यपालिकाको संरचना तथा यसले गर्ने मुख्य मुख्य कार्यहरुको बुँदा टिपोट गर्नुहोस्। साथै स्थानीय स्तरमा तयार गरिएका नीति नियमहरु, नियमावलीहरुबारे जानकारी लिनुहोस्।

३. बडघर, महतिया, पञ्च प्रथा आदिको काम, कर्तव्य र अधिकारका सम्बन्धमा विद्यमान अवस्था पहिचान गर्नुहोस्। यस्ता सामाजिक संगठन प्रणालीको सामाजिक द्वन्द्व व्यवस्थापनका सन्दर्भमा कुनै एउटा घटनालाई विषयवस्तु बनाई लघुनाटक कक्षामा प्रस्तुत गर्नुहोस्।

४. शिक्षकको सहयोगमा आफ्नो समुदायको संस्कार, संस्कृतिको परिचय, महत्व झल्किने विषयवस्तुहरु समाविष्ट गरी भित्ते पत्रिका प्रकाशन गर्नुहोस्।

५. गुलरिया नगरपालिकाभित्र रहेका सामाजिक समस्याहरु जस्तैः कमलरी, कमैया प्रथा, बाल बिवाह, गौना, थौना, दाइजो प्रथा कक्षामा छलफल गरी निराकरणका लागि आवश्यक उपायहरुको सूची तयार गरी कक्षामा टाँस्नुहोस्।

६. गुलरिया नगरक्षेत्रमा रहेका परम्परागत तथा आधुनिक सिपको तुलना गरी घरायसी प्रयोजनका लागि उत्पादित सामग्रीहरुको चित्र बनाई संक्षेपमा परिचय लेखी एउटा परियोजना तयार गर्नुहोस् । शिक्षकलाई मूल्याङ्कन गर्न लागाई उत्कृष्ट परियोजना कक्षामा टाँस गर्नुहोस् र बाँकी परियोजनाहरुलाई वेष्टित गरी पुस्तकालयमा दर्ता गरी राख्नुहोस् ।
७. तपाईंको स्थानीय टोल समुदायमा रहेको विशेष नगदेबाली उत्पादन क्षेत्र भ्रमण गरी उत्पादित बालीको बजारीकरण र यसमा भएका चुनौतीहरुबारे जानकारी लिनुहोस् ।
८. परम्परागत यातायातका साधनहरु (जस्तैः लडिया, एक्का आदि) बनाउने तरिका, बनाउन प्रयोग गरिने औजारहरुका बारेमा प्रत्यक्ष वा भिडियो सामग्री अवलोकन गरी जानकारी लिनुहोस् । वर्तमान समयमा यसको महत्वका बारेमा निबन्ध तयार गर्नुहोस् ।
९. स्थानीय रुपमा उत्पादन भएको दुध तथा मासुजन्य पदार्थको बजारीकरण तथा यसको व्यवस्थापकीय पक्षहरुको बारेमा जानकारी लिनका लागि कुनै एक एकवटा डेरी वा फ्रेस हाउसको अवलोकन गरी प्रतिवेदन तयार गर्नुहोस् ।
१०. हरित विद्यालय निर्माणको लागि इको क्लबको गठन गर्नुहोस् । गुलरिया नगरपालिकालाई हरित नगर निर्माणका लागि (ऊर्जा, पानी, सरसफाइ, फोहोरमैला, सिकाइ व्यवस्थापन, हरियाली प्रवर्द्धन आदि) का बारेमा छलफल गरी प्राप्त विषयहरुको कार्यान्वयनका लागि उपसमिति समेत गठन गर्नुहोस् । उपसमितिले गरेका कार्य र प्राप्त उपलब्धिलाई समेटी प्रतिवेदन तयार गरी विद्यालयको कार्यक्रममा प्रस्तुत गर्नुहोस् ।
११. ठोस फोहोर व्यवस्थापनको लागि पिट कम्पोस्टिङ र बिन कम्पोस्टिङ विधिको प्रयोगका सन्दर्भमा घर तथा विद्यालयमा प्रयोगात्मक कार्यकलाप गर्नुहोस् र यसबाट भएका सिकाइलाई आफ्नो टोल तथा समुदायमा आदान प्रदान गर्नुहोस् ।
१२.गुलरिया नगरपालिकामा हुने गरेका प्राकृतिक तथा मानवीय विपद्हरुको पहिचान गरी विपदमा रेडक्रसले गरेका उद्दार तथा राहतका कार्यहरुको बारेमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा वा आफ्नो वडामा रहेका उपशाखामा गएर जानकारी लिई एउटा प्रतिवेदन तयार गर्नुहोस् ।
१३. स्थानीय, जिल्ला तथा प्रदेश स्तरमा भएका सम्पदाहरुको पहिचान संरक्षण र विकासका स्रन्दर्भमा इको क्लब वा जुनियर रेडक्रस सर्कल तथा विज्ञान क्लबको आयोजनामा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्नुहोस् । प्रतियोगितामा उत्कृष्ट वक्ताहरुका भनाइलाई स्थानीय पत्रिकामा प्रकाशनका लागि शिक्षकसँग सहकार्य गर्नुहोस् ।

## ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया

### क) कक्षा १–३ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

आधारभूत तहअन्तर्गत कक्षा १–३ को पाठ्यक्रम समग्रमा बहुविषयक ढाँचामा विकास भएको छ । यसअन्तर्गत चारवटा विषयहरू पाठ्यक्रम विकास केन्द्रले विकास गरेको छ भने एउटा विषय (स्थानीय विषय वा मातृभाषा) को पाठ्यक्रम विकास गर्ने जिम्मा स्थानीय सरकारलाई छ । तसर्थ बहुविषयक ढाँचामा आधारित भई स्थानीय विषयको पाठ्यक्रम विकास गरिएकोले शिक्षण सिकाइ सहजीकरण गर्दासमेत अन्य विषयसँग मिल्दाजुल्दा विषयवस्तु तथा सिकाइ उपलब्धिलाई सँगसँगै सहजीकरण गर्ने र नमिल्दा विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको आधारमा सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । निश्चित विषयक्षेत्रमा आधारित बहुविषयगत एकीकरणले सिकाइलाई अन्तरसम्बन्धित र बढी सान्दर्भिक बनाउन सहयोग पुऱ्याउँछ । एकीकृत ढाँचामा सिकाइ सहजीकरण गर्दा सिकाइको योजना निर्माणका लागि विषयगत सक्षमता र समग्र पाठ्यक्रम संरचनाको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ । बहुविषयक विषय क्षेत्रमा आधारित भई हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजी र स्थानीय विषय क्षेत्रमा सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी निर्धारित विषय क्षेत्रको वरिपरि आआफ्नो विषय क्षेत्रगत अवधारणा तथा सिपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ । यसका लागि छनोट गरिएका विधि, प्रक्रिया तथा क्रियाकलापले विद्यार्थीलाई सक्रिय बनाउने, सबैलाई सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ ।

सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सिप, स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलता जस्ता वैयक्तिक सिप, सञ्चार, सहकार्य, सहानुभूति जस्ता अन्तरवैयक्तिक सिप, विभिन्न किसिमका बहुसाक्षरता सिप र नागरिक दायित्वसम्बन्धी विभिन्न किसिमका नागरिक सिप प्राप्तिलाई सहयोग गर्नुपर्छ । विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको

योजना निर्माण गरी सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ। विद्यार्थीको सिकाइको मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपर्दछ। न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गर्न क्रमशः माथिल्लोस्तरको सिकाइ गर्नसक्ने बनाउन सहयोग गर्नुपर्छ। यथाशक्य कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्दछ। एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिए पनि समूहमा छलफल गरी बहुविषयक शिक्षण योजना तयार गर्ने र सोहीबमोजिम सिकाइ सहजीकरण गर्ने प्रबन्ध मिलाउनुपर्छ। कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ। यसका लागि कक्षामा यथाशक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुनसक्ने प्रबन्ध गर्नुपर्छ। स्थानीय विषयको सिकाइ गर्दा सामान्यतया निम्न विधि र तरिका प्रयोग गर्न सकिन्छः-

(अ) कथा कथन एवम् गीत (आ) अभिनय तथा भूमिका निर्वाह (इ) छलफल र प्रश्नोत्तर (ई) खोज तथा समस्या समाधान विधि (उ) खेल विधि (ऊ) प्रयोगात्मक विधि (ए) क्षेत्र भ्रमण (ऐ) प्रदर्शन विधि

**(ख) कक्षा ४–८ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया**

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरूमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ। सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ। यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ। सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ। यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्दछ। यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ। सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ।

आधारभूत शिक्षाअन्तर्गत कक्षा ४–८ को यो पाठ्यक्रमा समावेश गरिएका विषयवस्तुहरू प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रकृया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ। सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ। विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनाक्रमलाई बालबालिकाले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ। स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तुहरू स्थानीय ज्ञान, सिपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिकभन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ। यस विषयको सिकाइ सहजीकरण गर्दा निम्न विधि र तरिकाहरू प्रयोग गर्न सकिन्छः

**शिक्षण विधि**

(अ) प्रयोगात्मक विधि (आ) अवलोकन विधि (इ) छलफल विधि (ई) समस्या समाधान विधि (उ) प्रदर्शन विधि (ऊ) क्षेत्र भ्रमण विधि (ए) प्रश्नोत्तर विधि (ऐ) घटना अध्ययन विधि

**शिक्षण तरिका तथा रणनीति**

(अ) मस्तिष्क मन्थन (आ) ग्यालरी हिडाइ (इ) सोच्ने, जोडी बनाउने, अनुभव आदानप्रदान गर्ने (ई) केडब्लुएल चार्ट (उ) टी र एम चार्ट (ऊ) ग्राफिटी (ए) जिग्स (ऐ) घटना परस्पर शिक्षण

# ८. विद्यार्थी मूल्याङ्कन

### (क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको व्रmममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्र भ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराई सोहीबमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नुपर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नुपर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलाप पछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने तथा दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइस्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोह¥याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

### अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्नसक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १–३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (**Portfolio**) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषय क्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कायको सही तरिकाले मूल्यांकन गर्ने साधन समावेश गर्नु उपयुक्त हुने छ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ। मूल्याङ्कनका विभिन्न तरिका तथा साधन हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनालाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरी हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिका अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधन प्रयोग गर्न सकिन्छ ।

### इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुर्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुर्याउने सहयोग गर्नुपर्छ । पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिको सिकाइ परीक्षणपश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता तथा सुधारका क्षेत्र एवं उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसैगरी मुख्य व्यवहार कुशल सीपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लेखित मूल्याङ्कनका तरिका तथा साधनमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका

विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

**(ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया**

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषय क्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक तथा शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

**विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

**१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छः**

क. प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।

ख. कार्यसञ्चयिका फाइलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्यसम्बन्धी विवरण, कक्षाकार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जना समयबद्धरूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यमात्र समावेश गर्नुपर्छ । यसमा यति नै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँच वटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुनसक्छ ।

ग. कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखको समयबद्ध सूची भित्री आवरण पृष्ठमा राखिनुपर्छ ।

घ. प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फाइल हस्तान्तरण गर्नुपर्छ ।

**२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नानुसार प्रयोग सकिन्छः**

क. शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन

ख. विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति एवं कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य तथा उपलब्धिबारे आत्मविश्वास पैदा गर्न एवं थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन

ग. अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न

घ. विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न

ङ. विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न

**विषय क्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम**

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकैपटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइस्तर प्राप्त गरी माथिल्लोस्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुर्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धिस्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्र्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धिस्तर ४ पुर्याउनु अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छः

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४× मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}} \times \text{१००}$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छः

| **उपलब्धि प्रतिशत** | **अक्षरमा उपलब्धिस्तर** | **उपलब्धिस्तरको व्याख्या** |
|---|---|---|
| ३५ भन्दा कम | NG | अवर्गीकृत (Not Graded) |
| ३५ देखि ३९ सम्म | D | आधारभूत (Basic) |
| ४० देखि ४९ सम्म | C | ग्राह्य (Acceptable) |
| ५० देखि ५९ सम्म | $C^+$ | सन्तोषजनक (Satisfactory) |
| ६० देखि ६९ सम्म | B | उत्तम (Good) |
| ७० देखि ७९ सम्म | $B^+$ | उत्कृष्ट (Very Good) |
| ८० देखि ८९ सम्म | A | अत्युत्तम (Excellent) |
| ९० देखि १०० सम्म | $A^+$ | सर्वोत्म (Outstanding) |

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगतसमग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छः

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४ × मूल्याङ्कन गरिएका सिकाइउपलब्धिको सङ्ख्या}} \times \text{१००}$$

# अनुसूची - १

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण

### मूल्याङ्कन अभिलेखीकरण फाराम

**विद्यार्थी मूल्याङ्कन मापनका आधारः**

क) निम्नलिखित आधारमा विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी कक्षा तथा क्षेत्र र थिमअनुसार उल्लेखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपलब्धिस्तरको अङ्क (१, २, ३ वा ४) चढाउनुहोस् ।

ख) सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्कन महलमा चढाउनुहोस् ।

ग) फारामको कैफियत महलमा उल्लिखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुहोस् । यो अभिलेख फाराममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ ।

घ) प्रत्येक सिकाइ उपलब्धिमा चार वटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ ।

ङ) थिमगत रूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा मूल्याङ्कनका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षाकार्य, गृहकार्य, छोटाकक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ ।

च) तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्वारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ ।

छ) विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायता पश्चात । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखीकरण गर्नुपर्छ । यसको लागि प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि स्तरको सही मापन गर्न रुब्रिक्स बनाउन सकिन्छ । उदाहरणको लागि यहाँ पहिलो थिम हाम्रो गुलरियाको सिकाइ उपलब्धि १ लाई चार वटा निम्न लिखित सूचक बनाएको छः

| **सिकाइ उपलब्धि** | **सूचक** | | | |
|---|---|---|---|---|
| **आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँटोलको नाम भन्न** | आफ्नो परिवारका सबै सदस्यको नाम भन्न सकेमा तथा आफू बसेको गाउँटोलको नाम भन्न सकेमा | आफ्नो परिवारका धैरैजसो सदस्यको नाम भन्न सकेमा तथा आफू बसेको गाउँटोलको नाम भन्न सकेमा | आफ्नो परिवारका केही सदस्यको नाममात्र बनाउन सकेको तथा आफू बसेको गाउँटोलको नाम भन्न | आफ्नो परिवारका केही सदस्यको नाम भन्न सकेमा तर आफू बसेको गाउँटोलको नाम भन्न नसकेमा |
| **सिकाइ उपलब्धिको स्तर** | ४ | ३ | २ | १ |

**कक्षा १ विषयः गुलरिया गाथा विद्यार्थीको नामः ........................................... रोल नं. .......**

## १. हाम्रो गुलरिया

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो परिवार तथा आफु बसेको गाँउटोलको नाम भन्न | प्रश्नोत्तर | | | | |
| २ | आफ्नो गाँउटोलको वरिपरीको गाँउटोलको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३ | आफूले पढ्ने विद्यालय र वरिपरीका विद्यालयको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ४ | आफ्नो गाँउटोलमा रहेका धार्मिक स्थलको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ५ | आफ्नो गाँउटोलमा रहेका स्वास्थ्य स्वयंसेविकाहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | | | | | | |
| | | | अङ्कको जोड | | | |

## २. हाम्रो संस्कार, संस्कृति र परम्परा

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | परिवारभित्र गरिने सामान्य सम्बोधन र शिष्टाचार गर्न | अवलोकन | | | | |
| २ | आफूले मान्ने धर्म बताउन | प्रश्नोत्तर | | | | |
| ३ | चाडपर्वहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ४ | गाँउ टोलमा बोलिने मुख्य भाषाहरु पहिचान गर्न | अवलोकन | | | | |
| ५ | लोक बाजाहरु पहिचान गर्न | अवलोकन | | | | |
| ६ | आफ्नो परिवारमा लगाईने गहना र पोशाकको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ७ | घरमा बनाइने मुख्य परिकारका नाम भन्न | प्रश्नोत्तर | | | | |
| ८ | आफ्नो टोलमा बसोबास गर्ने मुख्य जातिहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | | | | | | |
| | | | अङ्कको जोड | | | |

**३. स्थानिय पेशा, व्यावसाय र प्रविधि**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो टोल समुदायका मानिसहरुले गर्ने विभिन्न कामहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| २ | गाउँघरमा बनाइने माटाका विभिन्न भाँडाकुँडाहरुको पहिचान गर्न | अवलोकन | | | | |
| ३ | उत्पादित वस्तुहरुको बिक्री गर्ने स्थानको पहिचान गर्न | अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | | | | | | |
| | | | अङ्कको जोड | | | |

## ४. हरियाली विद्यालय र स्वच्छ वातावरण

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो घर तथा विद्यालय वरपर पाइने वोटविरुवाहरुको नाम भन्न | चित्र वर्णन | | | | |
| २ | आफू बस्ने घर वरिपरि हरियाली तथा स्वच्छ भएनभएको भन्न | प्रश्नोत्तर | | | | |
| ३ | घर, आँगन, विद्यालय वरिपरि पाइने केही फोहोरमैलाहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ४ | व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको सरसफाइमा सहभागी हुन | अवलोकन | | | | |
| ५ | आफ्ना घर वरपर भएका पानीका स्रोतका नाम भन्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | | | | | | |
| | | | अङ्कको जोड | | | |

**५. विपद, सावधानी र सुरक्षा व्यस्थापन**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | स्थानीय स्तरमा हुनसक्ने विपद् (बाढी, आगलागी) पहिचान गर्न | अवलोकन | | | | |
| २ | विपद्को समयमा सुरक्षाका उपायहरु अवलम्बन गर्न | अवलोकन | | | | |
| ३ | सडकमा हुनसक्ने दूर्घटना भन्न | प्रश्नोत्तर | | | | |
| ४ | जेब्रा क्रसको संकेत बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

**६. हाम्रो सम्पदा**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्ना घर र विद्यालय वरपर रहेका ऐतिहासिक, प्राकृतिक तथा पर्यटकीय सम्पदाहरुको नाम बताउन | चित्रवर्णन<br>अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

**कक्षाः २ विषयः गुलरिया गाथा विद्यार्थीको नामः ............................................ रोल नं. .......**

**१. हाम्रो गुलरिया**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफु बस्ने वडाको वडा नं र वडा कार्यालयको ठेगाना भन्न | प्रश्नोत्तर | | | | |
| २ | बर्दिया जिल्लाको नक्सामा गुलरिया नगरपालिका छुट्ट्याउन | अवलोकन | | | | |
| ३ | आफ्नो वडाभित्र रहेका गाँउटोलको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ४ | आफ्नो वडाभित्र रहेका नदी खोला ताल र बाटोको अवस्थिति भन्न | प्रश्नोत्तर | | | | |
| ५ | गाँउटोल नजिक रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाको नाम ठेगाना भन्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | | | | | | |
| मितिः | | | अंकको जोड | | | |

**२. हाम्रो संस्कार, संस्कृति र परम्परा**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | माटाका भाँडाकुँडाहरुका नाम र काम भन्न | प्रश्नोत्तर | | | | |
| २ | आफू रहेको टोल समुदायमा बसोबास गर्ने जातजातिका नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३ | आफ्नो समुदायमा भएका व्यक्तिहरु सँग गरिने सामान्य शिष्टाचार व्यवहार प्रदर्शन गर्न | अवलोकन | | | | |
| ४ | स्थानीय चाडपर्वका नाम भन्न र मनाउने समुदायको पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| ५ | स्थानीय भेषभूषाको सामान्य परिचय दिन | प्रश्नोत्तर | | | | |
| ६ | स्थानीय लोकबाजा मध्ये कुनै एक बाजा बजाउने अभ्यास गर्न | अवलोकन | | | | |
| ७ | समुदायमा बोलिने भाषाहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | | | | | | |
| मितिः | | | अंकको जोड | | | |

**३. स्थानिय पेशा, व्यावसाय र प्रविधि**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | आफ्नो छरछिमेकमा प्रचलनमा रहेका सिप तथा पेसाहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| २ | आफ्नो घरमा रहेका विभिन्न कृषि उपजहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३ | दैनिक प्रयोगमा आउने हस्तकलाका वस्तुहरुको नाम भन्न र स्थानीय सिपबाट बनेका ढकिया (ढक्की), जाबा (मुखौरो) डिलिया, डेलवा, हाते पङ्खा (बेना), गुन्द्री परिचय दिन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

**४. हरियाली विद्यालय र स्वच्छ वातावरण**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | घर तथा विद्यालयमा भएको फूलबारी तथा वोटविरुवाहरुको हेरचाह गर्न | अवलोकन | | | | |
| २ | विद्यालय, गाउघर, हरियाली तथा स्वच्छ बनाउने तरिका भन्न | प्रश्नोत्तर | | | | |
| ३ | फोहोरमैलाको परिचय तथा प्रकार (कुहिने र नकुहिने) भन्न | प्रश्नोत्तर | | | | |
| ४ | घर, आँगन, विद्यालय, वरिपरिको वातावरण फोहोर हुने कारणको पहिचान गर्न | अवलोकन | | | | |
| ५ | पानीका स्रोतका नाम भन्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

**५. विपद, सावधानी र सुरक्षा व्यस्थापन**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | बाढी र आगलागीको परिचय दिन | प्रश्नोत्तर | | | | |
| २ | बाढी र आगलागीबाट बच्न अपनाईने सावधानीहरुका विधिहरु बताउन | प्रश्नोत्तर | | | | |
| ३ | सडक दूर्घटनाको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ४ | सडक सुरक्षाका लागि अपनाइने, सडकमा राखिएका सङ्केत र जेब्रा क्रसको अर्थ बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

**६. हाम्रो सम्पदा**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | कृष्णसार संरक्षणक्षेत्रको सामान्य परिचय | प्रश्नोत्तर | | | | |
| २ | आफ्नो घर र विद्यालय सेवाक्षेत्र भित्र रहेका सम्पदाहरुको नाम र अवस्थिति बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

**कक्षाः ३ विषयः गुलरिया गाथा विद्यार्थीको नामः ........................................... रोल नं. .......**

**१. हाम्रो गुलरिया**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | गुलरिया नगरपालिकाको भौगोलिक अवस्थाको सामान्य जानकारी दिन | प्रश्नोत्तर | | | | |
| २ | लुम्बिनी प्रदेशको नक्सामा गुलरिया नगरपालिका छुट्याउन | अवलोकन | | | | |
| ३ | नगरभित्रका मूख्य मूख्य सडकहरुको नाम र अवस्थिति भन्न | प्रश्नोत्तर | | | | |
| ४ | आफ्नो वडाभित्र रहेका सामुदायिक वनहरुको नाम र महत्व भन्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

**२. हाम्रो संस्कार, संस्कृति र परम्परा**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | असल बानी र खराब बानी पहिचान गर्न | अवलोकन | | | | |
| २ | स्थानीय धार्मिक सम्पदाको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३ | विभिन्न भाषा र भेषभूषाहरुको सूची तयार गर्न | अवलोकन | | | | |
| ४ | स्थानीय लोकबाजा बजाउने अभ्यास गर्न | अवलोकन | | | | |
| ५ | नगरभित्र बोलिने भाषाहरु पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| ६ | नगरभित्रका समुदायले लगाउने पोशाक पहिचान गर्न | अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

### ३. स्थानिय पेशा, व्यावसाय र प्रविधि

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | गाउँघरमा तयार गरिएका हस्तकलाका सामग्रीहरुको पहिचान गर्न | प्रश्नोत्तर अवलोकन | | | | |
| २ | स्थानीय स्तरमा उत्पादन हुने मौसमी तथा वेमौसमी तरकारीहरुको पहिचान गरी महत्व भन्न | प्रश्नोत्तर | | | | |
| ३ | हस्तकलाका सामग्रीहरू गाउँघरमा उत्पादित वस्तुहरु विक्री गर्ने स्थानको परिचय दिन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

### ४. हरियाली विद्यालय र स्वच्छ वातावरण

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | हरियाली र स्वच्छ वातावरणको परिचय दिन | प्रश्नोत्तर | | | | |
| २ | विद्यालयमा बगैचाको आवश्यकता र महत्व भन्न | प्रश्नोत्तर | | | | |
| ३ | फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने) तथा व्यवस्थापन गर्ने तरिका भन्न | प्रश्नोत्तर | | | | |
| ४ | घर र विद्यालयको सरसफाइमा सहयोग गर्न | अवलोकन | | | | |
| ५ | घर र विद्यालयमा पानीका स्रोतको उपयोग गर्ने तरीका भन्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

### ५. विपद, सावधानी र सुरक्षा व्यस्थापन

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | विपद्का स्वरुपहरु बताउन | प्रश्नोत्तर | | | | |
| २ | बाढी र आगलागी हुने कारणहरु बताउन | प्रश्नोत्तर | | | | |
| ३ | जेब्रा क्रस, सडकमा बनाइएका सङ्केतको अर्थ र सो अनुसारको प्रयोग गर्न | प्रश्नोत्तर अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

**६. हाम्रो सम्पदा**

| क्र.सं. | सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन |
| १ | स्थानीय समुदायभित्र रहेका सम्पदा र पर्यटकिय स्थलहरुको पहिचान गरी सामान्य परिचय दिन | प्रश्नोत्तर अवलोकन | | | | |
| २ | समुदाय वरपर रहेका सम्पदाहरुको महत्व भन्न | प्रश्नोत्तर | | | | |
| ३ | कृष्णसार संरक्षणक्षेत्रको सामान्य परिचय, विशेषता बताउन | क्षेत्रभ्रमण | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मितिः | | | | | | |
| | | | अंकको जोड | | | |

**(ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४–८)**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप तथा कक्षा, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ। स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्नको लागि निर्माणात्मक मूल्याङ्कनको रूपमा आन्तरिक र निर्णयात्मक मूल्याङ्कनको लागि अन्तिम मूल्याङ्कनलाई लिइएको छ । यसको लागि कक्षा ४ देखि ८ सम्मको प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कनअन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशत भार) समावेश गरिएको छ। आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनको रूपमा समायोजन गरीनेछ। विद्यार्थीको समग्र मूल्याङ्कन गरी प्रमाणपत्र अर्थात् ग्रेडसिटमा दुवै मूल्याङ्कनको नतिजालाई समावेश गरिनेछ। आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन निम्नानुसार गर्नुपर्ने छ।

**(अ) आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ ।

| सि. नं. | मूल्याङ्कनका पक्ष | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता | ४ | सहभागिता अन्तर्गत हाजिरी, कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्यलगायतका अन्य पक्ष रहनेछन्। |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ। |
| ४ | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकको लागि ५ अङ्कभार र अर्धवार्षिक परीक्षाको लागि ५ अङ्कभार रहनेछ । यसको लागि प्रत्येक परीक्षाको लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिने छ। |
| जम्मा | | ५० | |

### आ) अन्तिम परीक्षा

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्न लिखित विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । यहाँ कक्षा ८ को विशिष्टीकरण तालिका बनाइएको छ । यसलाई आधार लिई स्थानीय विषय अध्यापन गर्ने शिक्षकले अन्य कक्षा (कक्षा ४, ५, ६ र ७)को विशिष्टीकरण तालिका बनाई प्रयोग गर्न सक्नेछन् ।

# अनुसूची - २

## विशिष्टीकरण तालिका

**कक्षा ८ विषयः गुलरिया गाथा पूर्णाङ्कः ५० समयः १ घ. ३० मिनेट**

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| इकाई | क्षेत्र/एकाई | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न सङ्ख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो गुलरिया | २१ | ८ | १ | | | १ | १ | १ | | | | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| २ | हाम्रो संस्कार, सँस्कृति र परम्परा | १६ | ७ | | १ | | | | | १ | | १ | | | | १ | १ | १ | १ | २ | ४ | ७ |
| ३ | स्थानीय सिप, पेशा तथा व्यवसाय | ३२ | १२ | १ | | | १ | १ | | | १ | | | १ | १ | २ | ३ | १ | २ | ६ | ४ | १२ |
| ४ | हरियाली विद्यालय र स्वच्छ नगर | २१ | ८ | १ | | | | | | १ | १ | | | | १ | २ | १ | १ | २ | २ | ४ | ८ |
| ५ | विपद्, सावधानी र सुरक्षा व्यवस्थापन | २७ | ११ | | १ | | | १ | १ | १ | १ | | | | | १ | ३ | १ | १ | ६ | ४ | ११ |
| ६ | हाम्रो सम्पदा | ११ | ४ | १ | | | १ | | | | १ | | | | | २ | १ | | २ | २ | | ४ |
| जम्मा | | १२८ | ५० | ४ | २ | | ३ | ३ | २ | ३ | ४ | १ | | १ | २ | १० | १० | ५ | १० | २० | २० | ५० |

- ❖ प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न (ज्ञान, बोध र प्रयोग) तथा उच्च तहका प्रश्न (विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्नहरु र सबै एकाईको पाठ्यघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्नेछ।
- ❖ अति छोटो प्रश्न १ अङ्क, छोटो प्रश्न २ अङ्क र लामो प्रश्न ४ अङ्कको दरले सोध्नुपर्नेछ।

# गुलरिया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## गुलरिया, बर्दिया